# विद्यालय शिक्षा क्षेत्र योजना

# २०८२/०८३-२०९१/०९२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।०३

## डुङ्गेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डाडाँपराजुल,दैलेख
## कर्णाली प्रदेश,नेपाल

## शुभकामना

असल र गुणस्तरीय शिक्षाले व्यक्ति, परिवार, समाज र राष्ट्रको विकासका लागि अहम मद्दत गरिरहेको हुन्छ । असल र गुणस्तरीय शिक्षाको विकासका लागि प्रभावकारी र उपयुक्त योजनाको खाँचो रहेको हुन्छ । सही र वास्तविक योजनाले मात्र शैक्षिक विकासलाई गति दिन्छ र गन्तव्यसम्म पुऱ्याउने काम गर्दछ । नेपाल सरकारले तय गरेको विद्यालय शिक्षा क्षेत्र योजना तथा कर्णाली प्रदेश सरकारले तयार पारेको नयाँ शिक्षा क्षेत्र योजनासंगै तादाम्यता मिलाउने गरी यस गाउँपालिकाले पनि वर्तमान शैक्षिक अवस्थाको विश्लेषण र समिक्षा गर्दै आगामी शैक्षिक विकासका कार्यक्रमहरू समावेश गरी यो दश वर्षे शिक्षा योजना (२०८२/८३-२०९१/९२) तयार पारेको छ । जसलाई चालु आर्थिक वर्ष २०८२/०८३ देखि कार्यान्वयन गरिनेछ ।

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरेसंगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, रेखदेख, व्यवस्थापन तथा नियमन गर्ने, जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अनुरूप शिक्षाको नविनतम संरचना तथा कानुन अनुरूप डुङ्गेश्वर गाउँपालिका दैलेख त्यसको व्यवहारिक कार्यान्वयनमा जुटेको छ । संवैधानिक व्यवस्था भएबमोजिमको गुणस्तरीय शिक्षा प्राप्ति गर्न पाउने मानिसको नैसर्गिक अधिकारलाई संरक्षण गर्नका लागि यस गाउँपालिकाले विभिन्न शैक्षिक कार्यहरू गर्दै आएको छ र ति कार्यहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस योजना तयार पारिएको छ । शिक्षाको कार्य व्यक्तिलाई गुणस्तरीय शिक्षामार्फत शिक्षित र सचेत बनाउदै सिपयुक्त दक्ष जनशक्तिको उत्पादन गरी समाज र राष्ट्रलाई विकसित बनाउनु हो । असल र गुणस्तरीय शिक्षाबिना सुन्दर र समृद्ध देशको परिकल्पना गर्न सकिदैन । त्यसैले व्यक्ति, परिवार, समाज र राष्ट्रको समुनन्त विकासका लागि शिक्षा क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने गरी यस गाउँ शिक्षा योजनाले लक्ष्य, उद्देश्य, रणनीति एवम्म् त्यसका आधारमा अनुमानित बजेट सहित शैक्षिक क्रियाकलापहरू तय गरेको छ । जसले गर्दा यस योजनालाई डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्र सुधार र विकासको एक महत्वपूर्ण दस्तावेज मान्न सकिन्छ।

डुङ्गेश्वर गाउँपालिकाको समग्र शैक्षिक विकास तथा सुधारका लागि तयार पारिएको यस दश वर्षे शिक्षा योजना (२०८२/८३-२०९१/९२) ले शिक्षाका विभिन्न उपक्षेत्र अन्तर्गत शिक्षामा सबै बालबालिकाहरूको पहुँच तथा प्रभावकारिता, विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा विकास, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा प्राप्तिको निरन्तरता , शैक्षिक गुणस्तर सुधार, नियमित विद्यालय अनुगमन, सुपरिवेक्षण, अवलोकन, पृष्ठपोषण र मूल्याङ्कन, शैक्षिक जनशक्तिहरूको क्षमता विकास तथा पेसाप्रतिको लगाव, गुणस्तरीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री एवम् शैक्षिक सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोग, समयानकूलको अनौचारिक शिक्षा तथा निरन्तर सिकाइ जस्ता महत्वपूर्ण विषयवस्तुलाई समावेश गरेको छ । संवैधानिक व्यवस्था अनुरूपको नि:शुल्क र अनिवार्य आधारभूत शिक्षा एवम्म् नि;शुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि डुङ्गेश्वर गाउँपालिका निरन्तर रूपमा प्रतिवद्ध र क्रियाशील हुदै आएकोमा यस योजनाले उक्त कार्यका लागि थप महत्वपूर्ण सहयोग गर्ने, अपेक्षा लिएको छु । यस शिक्षा योजनाले गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाका जनप्रतिनिधि, गाउँ शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकलाई थप जिम्मेवार र सक्रिय बनाउदै सम्पूर्ण शैक्षिक सरोकारवालहरूको भूमिका र जिम्मेवारी सशक्त हुन मद्दत गर्ने, विश्वास लिएको छु ।

डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रको विकासलाई योजनावद्ध र प्रभावकारी बनाउनका लागि तयार पारिएको यस दश वर्षे शिक्षा योजनाको निर्माणमा सहयोग गर्नु,गर्नु,हुने सम्पूर्ण जनप्रतिनिधिहरू, गाउँ शिक्षा समितिका पदाधिकारी ज्यूहरू, शिक्षा शाखाका राष्ट्रसेवकहरू, शिक्षा कार्दलका सम्पूर्ण पदाधिकारी ज्युहरू, विद्यालय व्यवस्थापन समिति

तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू,विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, आम अभिभावक , विद्यार्थी वर्ग लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हृदय देखि नै धन्यबाद दिन चाहन्छु । साथै यस योजनामा समावेश भएका सम्पूर्ण शैक्षिक कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि हरपल सहयोग गर्ने, प्रतिवद्धता सहित आम सरोकारवालाहरू सबैमा योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न हार्दिक अपील गर्न चाहन्छु। धन्यवाद !

सुन्दर कुमार के.सी.
अध्यक्ष

## शुभकामना

डुङ्गेश्वर गाउँपालिकाको समग्र शैक्षिक विकासलाई दिशानिर्देश गर्ने, उद्देश्य सहित यस दश वर्षे शिक्षा योजना निर्माण भएकोमा ज्यादै खुसी लागेको छ । शैक्षिक विकासको दुरदृष्टि बोकेको यस शिक्षा योजनाले गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार एवम्म् विकासका लागि महत्त्वपूर्ण योगदान गर्ने, अपेक्षा गरेको छु ।

नेपाली जनताको त्याग, तपस्या र बलिदानीले मुलुकमा गणतान्त्रिक राज्य व्यवस्थाको प्राप्ति भएसंगै संविधान सभाबाट बनेको नेपालको संविधान, २०७२ ले शिक्षालाई नागरिकको नैसर्गिक अधिकारको रूपमा स्थापित गरेको छ । त्यतिमात्रै हैन नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको एकल अधिकार स्थान तहमा प्रत्यायोजन गरेसंगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने, दायित्व र जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भइ आएको छ । संवैधानिक रूपमा अधिकार प्रत्योजन भएतापनि स्पष्ट योजना, नीति नियम तथा कानुनको अभावले गर्दा अहिले शिक्षा क्षेत्रमा अस्तव्यस्तता एवम्म् अन्यौलता देखिएको छ । तिनै शिक्षा क्षेत्रमा देखिएका शैक्षिक अन्यौलता र व्यतिथिहरूलाई व्यवस्थापन एवम् समाधान गर्नका लागि एउटा उपयुक्त योजनाको आवश्यकता पर्ने महसुस गरी डुङ्गेश्वर गाउँपालिका दैलेखले यो दश वर्षे शिक्षा योजना (२०८२/८३-२०९१/९२) तयार पारेको छ । यस योजनाको निर्माण भएसंगै यसमा समेटिएका शैक्षिक , भौतिक,मानवीय, आर्थिक लगायत समग्र शिक्षा प्रणालीलाई व्यवस्थित ,सुदृढ एवम्म गुणस्तरीय बनाउदै यहाँको शिक्षालाई एक निश्चित सु- गन्तव्य सम्म पुर्‍याउने विश्वास लिएको छु ।

"समावेशी दिगो विकासका पूर्वाधार, समृद्ध सुन्दर डुङ्गेश्वर गाउँपालिकाको आधार" भन्ने मूल नारा बोकेको यस डुङ्गेश्वर गाउँपालिकाले गाउँपालिका स्थापना भएको वर्षदेखि नै विद्यालय शिक्षाको विकास तथा सुधारका लागि विभिन्न शैक्षिक कार्यक्रमहरूमा जोड दिदै आएको छ । विद्यालयको भौतिक पूर्वाधार विकास,न्यून शिक्षक भएका विद्यालयहरूमा पालिका अनुदानका शिक्षक दरबन्दिको व्यवस्थापन, बालविकास केन्द्रहरूको स्थापना तथा बालविकास सहजकर्ताहरूको व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन तथा सुधार ,शिक्षक तालिम कार्यक्रम,शैक्षिक सामग्री व्यवस्थापन तथा नियमित विद्यालय अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन लगायतका विविध शैक्षिक कार्यक्रमहरूलाई यस गाउँपालिकाले उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएको कुरा अवगत गराउन चाहन्छु । त्यसैगरी यस योजनाले पनि विगतका कार्यहरूको समिक्षा गर्दै विद्यमान राम्रा कार्यक्रमहरूलाई नछुटाउने गरी शिक्षाका विभिन्न उपक्षेत्रगत रूपमा शैक्षिक क्रियाकलापहरू समावेश गरी यस योजना तयार पारिएकाले आगामी दिनहरूमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरू थप योजनाबद्ध, सु-व्यवस्थित, लाभदायी एवम्म् प्रभावकारी हुने कुरामा कुनै दुइमत छैन । साथै यस योजनाको कार्यान्वयनका लागि विभिन्न साझेदार निकायहरूसँग पनि समन्वय,सहकार्य र साझेदारी गरिने भएकाले योजनामा समावेश भएका शैक्षिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनमा सहजता हुने अपेक्षा राखेको छु ।

अन्तमा यस डुङ्गेश्वर गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माणमा खटिने यस गाउँपालिकाका शिक्षा अधिकृत ज्यू, प्राविधिक सहायक, गाउँ शिक्षा समितिका पदाधिकारी ज्यूहरू, योजना निर्माण कार्यदलका सदस्यहरू लगायत सहयोग गर्ने, सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम्म् आभार व्यक्त गर्न चाहन्छु । साथै यस योजनाको प्रभावकारी कार्यान्वयनमा निरन्तर सहयोग गर्ने, प्रतिवद्धता व्यक्त गर्दै यसको सफल र फलदायी कार्यान्वनयमा आ-आफ्नो तह र तप्काबाट सहयोग गर्नहुन सम्बन्धित सरोकारवाला सबैलाई आग्रह समेत गर्दछु ।

धन्यवाद !

कलावती न्यौपाने
उपाध्यक्ष

## शुभकामना

सर्वप्रथम तः डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक विकासलाई गतिशीलता प्रदान गर्न तथा आगामी दिनका शैक्षिक क्रियाकलापहरूलाई निर्देशित गर्नका लागि दश वर्षे गाउँ शिक्षा योजना (२०८२/८३-२०९१/९२) निर्माण भएकोमा खुसी व्यक्त गर्न चाहन्छु ।

शिक्षा मानव सभ्यताको जननी हो । शिक्षाले व्यक्ति , परिवार र समाजका हरेक पक्षको गुणात्मक सुधार सहित समग्र राष्ट्रको विकासमा महत्वपूर्ण योगदान गरिरहेको हुन्छ । त्यसैले यसलाई देश विकासको बलियो आधार पनि भनिन्छ । देशको विकासका लागि पहिलो पूर्वाधारका रूपमा रहेको शिक्षालाई गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ । नेपालको संविधान २०७२ ले नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने भनी मौलिक हकको व्यवस्था गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ । संवैधानिक रूपमा यति व्यवस्था हुदाँ हुँदै पनि शिक्षा क्षेत्रमा सङ्घीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध संस्कृति तर्जुमा गर्ने, भन्ने कुरा हालसम्म स्पष्ट नहुनुले शिक्षा क्षेत्रको विकासमा थुप्रै अन्यौलताहरू देखिएका छन् । तथापि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको शिक्षा सम्बन्धी अधिकारहरूको कार्यान्वयनका लागि यस गाउँपालिकाले शिक्षा क्षेत्रमा विभन्न नयाँ अभ्यास तथा कार्यक्रमहरू सञ्चालन गर्दै आउनुका साथै शैक्षिक व्यवस्थान तथा सञ्चालनका लागि आवश्यक स्थानीय शिक्षा ऐन,शिक्षा नियमावली, संस्कृति,नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा डुङ्गेश्वर गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरू भईरहेका छन् । त्यसैले शैक्षिक विकासको गतिलाई निरन्तरता दिदै आगामी दिनहरूमा थप व्यवस्थित, योजनावद्ध र प्रभावकारी शैक्षिक विकासका लागि यस क्षेत्रमा देखिएका विद्यामन चुनौती तथा समस्याहरूलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि यस शिक्षा योजना निर्माण गरिएको छ ।

डुङ्गेश्वर गाउँपालिकालाई शैक्षिक विकासको नमुना पालिकाको रूपमा विकास गर्ने, उद्देश्यका साथ तयार पारिएको यस गाउँ शिक्षा योजनामा पहुँचयोग्य र समावेशी तथा प्रविधिमैत्री अनिवार्य तथा नि;शुल्क विद्यालय शिक्षाको सुनिश्चितता , गुणस्तरीय भौतिक पूर्वाधारहरूको विकास , पेसाप्रति प्रतिवद्ध दक्ष जनशक्तिको व्यवस्थापन, उपयुक्त तथा युगसुहाउँदो निरन्तर शिक्षा , गुणस्तरीय उच्च शिक्षा तथा सिपयुक्त र व्यवहारिक प्राविधिक शिक्षा जस्ता शिक्षाका उपक्षेत्रगत कार्यक्रमहरू अनुमानित बजेट सहित समावेश गरिएकाले यस योजनाको प्रभावकारी कार्यान्वयनबाट यस गाउँपालिकाको गुणस्तरीय शैक्षिक विकास हुने अपेक्षा लिएको छु । साथै शिक्षाका अन्तर्सम्बन्धित मुद्दाहरू, विपद् व्यवस्थापन तथा समग्र शिक्षाको सुशासन र व्यवस्थापनका विषयलाई समेत समेटेर निर्माण गरिएको यस योजनाले डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक विकासको मार्गदर्शनको रूपमा काम गर्ने, विश्वास लिएको छु ।

अन्तमा डुङ्गेश्वर गाउँपालिकाको सुधार र विकासको रोडम्यापको रूपमा रहेको यस दश वर्षे शिक्षा योजना निर्माणमा खटिने यस गाउँपालिकाका शिक्षा शाखाका राष्ट्रसेवकहरू, गाउँपालिकाका जनप्रतिनिधि ज्यूहरू, गाउँ शिक्षा समितिका पदाधिकारी ज्यूहरू, योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्यज्युहरू लगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला प्रति हार्दिक धन्यवाद एवम्म् कृतज्ञता व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनमा सदा तत्पर रहने प्रतिवद्धता सहित सहयोगका लागि सरोकारवाहरू सबैमा हार्दिक अपिल गर्न चाहन्छु । धन्यवाद ।

ललित कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

## शुभकामना

डुङ्गेश्वर गाउँपालिकाको समग्र शैक्षिक विकासलाई निश्चित गन्तव्यतर्फ निर्देशित गर्ने, एक दस्तावेजको रूपमा यस दश वर्षे शिक्षा योजना (२०८२/८३-२०९१/९२) निर्माण भएकोमा ज्यादै हर्षित भएको छु ।

शिक्षा विकासको प्रमुख पूर्वाधार हो । देश विकासका लागि सबैभन्दा पहिले शिक्षाको विकास र त्यसको गुणस्तरमा सुधार गर्नु,गर्नु, पर्दछ । असल शिक्षाले नै समाज र देशको सकारात्मक परिवर्तन र रूपान्तरण गर्ने, भएकाले यसलाई विकासको मेरूदण्ड पनि मानिन्छ । देश विकासको मेरूदण्ड मानिने शिक्षाको विकास र सुधारका लागि निश्चित योजनाको आवश्यकता पर्दछ । अर्थात विकासका लागि योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनु आवश्यक हुन्छ । योजना वर्तमान अवस्थाको विश्लेषण गर्दै आगामी भविष्यमा गरिने सुधारात्मक क्रियाकलापहरूको दस्ताबेज हो । असल योजनाले मात्र शिक्षा क्षेत्रको गुणस्तर सुधारमा सहयोग गरी आर्थिक र सामाजिक रूपमा समाजको रूपान्तरणमा सहयोग पुऱ्याउँछ । डुङ्गेश्वर गाउँपालिको वर्तमान शैक्षिक अवस्थाको पहिचान गरी त्यसको सुधारका लागि आगामी दिनमा गर्नु,गर्नु,पर्ने क्रियाकलापहरूको मार्गदर्शनका रूपमा यस दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ । यस योजनामा डुङ्गेश्वर गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाको उपक्षेत्रगत रूपमा समिक्षा गर्दै त्यसको सुधार र विकासका लागि दुरदृष्टि एवम्म् लक्ष्य र उद्देश्यहरू तय गर्नु,गर्नु,का साथै ति लक्ष्य र उद्देश्य पूर्तिका लागि अवलम्बन गरिने रणनीति तथा मुख्य क्रियाकलापहरूलाई बजेट पूर्वानुमान सहित प्रस्तुत गरिएको छ । जसले गर्दा डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक विकास र सुधारमा यसले कोशेढुङ्गाको रूपमा काम गर्ने, अपेक्षा लिएको छु । यस योजनाले डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने,, कार्यक्रम तय गर्ने, र त्यसलाई कार्यान्वयन गर्ने, कार्यका लागि पालिकाका जनप्रतिनिधि,कर्मचारी, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, आम अभिभावक लगायत सम्पुर्ण साझेदार निकाय एवम् सरोकारवालाहरूलाई सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक सुधारका लागि कोशेढुङ्गा मानिएको यस दश वर्षे शिक्षा योजनाको निर्माणका लागि आवश्यक समन्वय, निर्देशनका साथै महत्वपूर्ण सहयोग तथा रचनात्मक सल्लाह सुझाव प्रदान गर्नु,गर्नु,भएकोमा गाउँपालिकाका श्रदेय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू एवम्म् प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, शिक्षा समितिका सदस्य ज्यूहरूलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी तोकिएको जिम्मेवारी भरपूर रूपमा निर्वाह गर्दै यस शिक्षा योजना निर्माण कार्यमा निरन्तर मेहनतका साथ खटिनुहुने शिक्षा योजना निर्माण कार्यदलका सम्पूर्ण सदस्य ज्यूहरूलाई पनि हृदयदेखि नै धन्यबाद दिन चाहन्छु । साथै शिक्षा योजना निर्माणका लागि नियमित रूपमा सहयोग तथा पृष्ठपोषण प्रदान गर्नु,गर्नु,हुने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी ज्यूहरू, सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षक ज्यूहरू,कर्मचारी ज्यूहरू, राजनीतिकर्मी, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी, आम अभिभावक, विद्यार्थी भाइबहिनीहरू लगायत सम्पूर्ण सरोकारवालाहरूमा आभार व्यक्त गर्दछु । शिक्षा योजना निर्माणका लागि निरन्तर रचनात्मक सल्लाह र सुझावसहित प्राविधिक सहयोग प्रदान गर्ने, प्राविधिक कार्यदलका सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यबाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

अन्तमा डुङ्गेश्वर गाउँपालिकाको समग्र शिक्षा प्रणालीलाई दिशा निर्देश गर्ने, गरी निर्माण गरिएको यस दश वर्षे शिक्षा योजनाको सफल र गुणस्तरीय कार्यान्वयनका लागि सदा सर्वदा सहयोग गर्ने, प्रतिबद्धता व्यक्त गर्दै सहयोगका लागि आम सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु । धन्यवाद !

मनबहादुर गौतम
(वरिष्ठ शिक्षा अधिकृत)

## कार्यकारी सारांश

"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधार; समाजवाद उन्मुख, सुखी पालिकावासी र समृद्ध डुङ्गेश्वरको मूल आधार" भन्ने मूल नारा बोकेको डुङ्गेश्वर गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको दैलेख जिल्लामा अवस्थित १०५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको एक विकासशील स्थानीय तह हो । गाउँपालिकालाई समृद्ध र सुन्दर बनाउने एउटा महत्वपूर्ण आधारको रूपमा रहेको शिक्षा क्षेत्रको विकास तथा गुणस्तर सुधारका लागि मुख्य दस्तावेजका रूपमा यस दश वर्षे शिक्षा योजना तयार पारिएको हो । नेपालमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधान २०७२ मा व्यवस्था भएबमोजिम अनिवार्य र निःशुल्क शिक्षाको सफल कार्यान्वयनका कार्यक्रमहरू यस योजनामा समेटिएका छन् । संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरूको कार्यान्वयनका लागि यस गाउँपालिकाले विगतका वर्षहरूमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा मानवीय स्रोत र साधनको विकास,व्यवस्थापन तथा सुधार र सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू गर्दै आएको छ । शिक्षा ऐन, नियमावली र कार्यविधिहरू निर्माण,विद्यालय भौतिक पूर्वाधार निर्माण तथा सुधार,कम शिक्षक दरबन्दि भएका विद्यालयहरूमा पालिका अनुदानका शिक्षक व्यवस्थापन, शिक्षक क्षमता विकासका क्रियाकलाप, शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थी छात्रवृत्ति वितरण, उत्कृष्ट शिक्षक सम्मान, स्थानीय पाठ्यक्रम निर्माण जस्ता मुख्य कार्यक्रमहरू यस पालिकाले कार्यान्वयन गर्दै आएको छ । जसबाट विद्यालय शिक्षामा समतामूलक पहुँच,टिकाउ दरमा वृद्धि,भौतिक पूर्वाधारमा सुधार,विद्यालयमा सूचना प्रविधिको विस्तार,समावेशी र समतामूलक शिक्षा,बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र घोषणा जस्ता क्षेत्रमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

नेपालको संविधान २०७२ अनुसार आधारभूत शिक्षा अनिवार्य र नि;शुल्क तथा माध्यमिक शिक्षा नि;शुल्क हुने व्यवस्था भएतापनि त्यसको सफल कार्यान्वयन हुन नसकेको अवस्था छ । संवैधानिक रूपमा आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरिएको भएतापनि हालसम्म स्पष्ट ऐन कानुन नबन्नु, सामुदायिक विद्यालयहरूमा न्यूनतम शिक्षक दरवन्दीको अभाव हुनु,वर्तमान शिक्षा प्रणालीले आर्थिक, सामाजिक , भाषिक लगायतका सांस्कृतिक विविधता र पहुँचको सम्वोधन गर्न नसक्नु,सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि गरिएको लगानी न्यून हुनु, समसामयिक रूपमा विद्यालय नक्साङ्कन पुनर्स्थापना र पुनर्वितरण गर्न नसकिनु, बालबालिकाहरूको सिकाइको निम्ति अभिभावकहरू सक्रिय नबन्नु,सामुदायिक विद्यालयहरूको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न नसकिनु,शिक्षकहरूको पेसागत सहयोग तथा क्षमता विकासका कार्यक्रमहरू न्यून मात्रामा सञ्चालन हुनु,विद्यालयलाई अझैंपनि शान्ति क्षेत्रको रूपमा व्यवस्थित गर्न नसकिनु,विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडन नसकिनु, विद्यार्थीहरूको सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न कठिनाइ हुनु जस्ता मुख्य समस्या तथा मुद्धाहरू शिक्षा क्षेत्रमा विद्यमान रहेको पाइन्छ ।

डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक विकासका लागि कोशेढुङ्गा मानिएको यस दश वर्षे शिक्षा योजनाको मूख्य उद्देश्य सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु रहेको छ । यसका साथै योजना अवधिभरमा गाउँपालिकालाई अनौपचारिक, वैकल्पिक र जीवनपर्यन्त निरन्तर शिक्षाका माध्यमबाट पूर्ण साक्षर गाउँपालिका बनाउनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने, समेत उद्देश्य लिएको छ । यसैगरी विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास तथा बालमैत्री वातावरण र भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने, एवम्म् आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने जस्ता कुराहरू समेत यस योजनाको उद्देश्यको रूपमा रहेका छन् ।

परिवर्तनशील र युग सुहाँउदो शिक्षाका माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन सकिने हुनाले उपयुक्त शिक्षाका लागि विद्यालय शिक्षाको व्यवस्थापकीय, शैक्षिक, प्रशासनिक तथा आर्थिक र गुणस्तर सुधार गर्ने,, आन्तरिक सुशासन, सुधार एवम्म् दक्षतामा अभिवृद्धि गर्ने,, अनिवार्य र नि;शुल्क आधारभूत शिक्षा तथा नि;शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने,, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्ने,, शिक्षकहरूको पेसागत सहयोग तथा क्षमता विकास गर्ने,,विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, ,विद्यालय शिक्षालाई उच्च शिक्षासँग आवद्ध गर्दै दक्ष मानव संसाधनको विकास गर्ने,,शैक्षिक पहुँच तथा समावेशीतामा वृद्धि गर्ने,, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम्म् व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्ने,, विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व क्षमतामा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने,,विपद्को समयमा पनि विद्यार्थीहरूको सिकाइलाई निरन्तरता दिने, शैक्षिक क्षेत्रमा आवश्यक पर्ने संरचनागत एवम्म् मानवीय श्रोत व्यवस्थापन गर्ने, र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, जस्ता मुख्य रणनीतिहरू यस योजनामा समावेश गरिएको छ ।

डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक मार्गदर्शक दस्तावेजका रूपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि सुरूमा सम्बन्धित सरोकारवालाहरूसँग प्रारम्भिक छलफल तथा परामर्श गरी गाउँपालिका अध्यक्ष श्री नगेन्द्र बहादुर मल्लको संयोजकत्वमा एघार सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरी योजना निर्माणका लागि छलफल तथा कार्ययोजना निर्माण भएको थियो । सोहि अनुरूप गाउँ शिक्षा समितिमा छलफल गरी कार्यपालिकाबाट बजेट व्यवस्थापन भएको थियो । योजनाको तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण र सङ्कलन, गाउँपालिकाको आवधिक योजना, डुङ्गेश्वर गाउँपालिकाको वस्तुगत विवरण, डुङ्गेश्वर शैक्षिक दर्पण, प्रदेश तथा सङ्घीय सरकारको शिक्षा सम्बन्धी योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा अन्य शिक्षा सम्बद्ध आधारपत्रहरूको अध्ययन खाका तयारी तथा मस्यौदा लेखन गरी शिक्षा सम्बद्ध सबै सरोकारवालाहरूबाट सुझाव र पृष्ठपोषण सङ्कलन गरी सङ्कलित सुझावका आधारमा अन्तिम मस्यौदाको सम्पादन गरिएको थियो भने अन्तमा गाउँकार्यपालिकाबाट स्वीकृत भएको हो ।

यस दश वर्ष शिक्षा योजनाको अन्तसम्ममा सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्ने,, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुने,गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने, सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने, अपाङ्गता भएका र सामाजिक रूपमा पछाडि पारिएका बालबालिकाहरूका लागि उपयुक्त शैक्षिक अवसरहरू प्राप्ति हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता हुने जस्ता प्रमुख उपलब्धिहरू प्राप्ति हुने यस योजनाको अपेक्षा रहेको छ ।

आर्थिक वर्ष २०८२/०८३ देखि २०९१/०९२ सम्म कार्यान्वय हुने यस योजनाको कार्यान्वयनका लागि पाँच वर्षसम्म जम्मा ६५ करोड, ५४ लाख १९ हजार ६५६ खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ । जसमध्ये सङ्घीय सरकारबाट ५८ करोड ३१ लाख १० हजार, प्रदेश सरकारबाट ७ करोड, १२ लाख ५० हजार, स्थानीय सरकारबाट २ करोड ५० लाख ०० र अन्य निकायबाट ४ करोड १४ लाख ४५ हजार बजेट खर्च हुनेछ। साथै यसमा शिक्षक,कर्मचारी तलव भत्ता, छात्रवृत्ति लगायत नियमित विद्यालयमा जाने सञ्चालन तथा व्यवस्थापन अनुदान समेत समावेश गरिएको छ ।

# बिषय सूचि


*कार्यकारी सारांश* ...... ७

विषय प्रवेश ...... १

शिक्षा योजना निर्माणको आवश्यकता ...... ३

स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ...... ४

**शिक्षा योजना निर्माणका आधार** ...... ४

शिक्षा योजना निर्माण प्रक्रिया ...... ४

योजनाको लेखाजोखा ...... ५

योजनाको दस्तावेजको स्वरूप ...... ७

**परिच्छेद १** ...... **८**

१.१ वर्तमान अवस्था ...... ८

क. भौगोलिक अवस्थितिः ...... ९

ख .जनसाङ्खिक संरचनाः ...... १०

ग. सामाजिक तथा सांस्कृतिक अवस्था ...... १०

घ.आर्थिक अवस्था ...... ११

ङ. शैक्षिक अवस्थाः ...... ११

१.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौती ...... १२

१.३ शिक्षा क्षेत्रका मूख्य अवसरहरू ...... १३

**परिच्छेद २ :** ...... **१४**

**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ...... **१४**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ...... १४

*२.१.१ संवैधानिक प्रावधान* ...... *१४*

*२.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४* ...... *१५*

*२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):* ...... *१६*

*२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७* ...... *१६*

२.२ दूरदृष्टि ...... १७

२.३ लक्ष्य ...... १७

२.४ उद्देश्य ...... १७

२.५ रणनीति ...... १८

२.६ कार्यनीति ...... १९

**२.७ अपेक्षित उपलब्धि** ...... २२

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ...... २३

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** ...... **२७**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ...... २७

*३.१.१ वर्तमान अवस्था* ...... *२८*

*३.१.२ उद्देश्यहरू* ...... *२९*

*३.१.३ रणनीतिहरू* ...... *२९*

*३.१.४ प्रमुख उपलब्धि तथा नतिजा* ...... *३०*

*३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः* ...... ***Error! Bookmark not defined.***

३.२ आधारभूत शिक्षा ...... ३३

*३.२.१ वर्तमान अवस्था* ........ ३३
*३.२.२ उद्देश्य* ........ ३४
*३.२.३ रणनीति* ........ ३४
*३.२.४ प्रमुख उपलब्धि र नतिजा* ........ ३५
*३.२.५ प्रमुख क्रियाकलापहरू र लक्ष्य* ........ **Error! Bookmark not defined.**
३.३ माध्यमिक शिक्षा ........ ३८
*३.३.१ वर्तमान अवस्था* ........ ३८
*३.३.२ उद्देश्य* ........ ३९
*३.३.३ रणनीति* ........ ३९
*३.३.४ प्रमुख उपलब्धि र नतिजा* ........ ४०
*३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्यः* ........ **Error! Bookmark not defined.**
३.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम ........ ४२
*३.४.१ वर्तमान अवस्था* ........ ४३
*३.४.२ उद्देश्य* ........ ४४
*३.४.३ रणनीति* ........ ४४
*३.४.४ प्रमुख उपलब्धि र नतिजा* ........ ४५
*३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ **Error! Bookmark not defined.**
४.३ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ४६
*३.५.१ वर्तमान अवस्था* ........ ४७
*३.५.२ उद्देश्य* ........ ४७
*३.५.३ रणनीति* ........ ४८
*३.५.४ प्रमुख उपलब्धि र नतिजा* ........ ४८
*३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ४९
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ५१**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ५१
*४.१.१ वर्तमान अवस्था* ........ ५२
*४.१.२ उद्देश्य* ........ ५३
*४.१.३ रणनीति* ........ ५३
*४.१.४ प्रमुख उपलब्धि र नतिजा* ........ ५४
*३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ५४
*४.२ शिक्षक व्यवस्थापन र विकास* ........ ५६
*४.२.१ वर्तमान अवस्था* ........ ५७
*४.१.२ उद्देश्य* ........ ५८
*४.२.३ रणनीति* ........ ५८
*४.२.४ प्रमुख उपलब्धि र नतिजा* ........ ५९
*४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ५९
४.३ शिक्षामा समता र समावेशीकरण ........ ६२
*४.३.२ उद्देश्य* ........ ६३
*४.३.३ रणनीति* ........ ६३
*४.३.४ प्रमुख उपलब्धि तथा नतिजा* ........ ६४
*४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ६४
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ६५

*४.४.१ वर्तमान अवस्थाः* ........ ६६
*४.४.२ उद्देश्य* ........ ६६
*४.४.३ रणनीति* ........ ६६
*४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा* ........ ६७
*४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ६७
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता ........ ६८
*४.५.१ वर्तमान अवस्था* ........ ६८
*४.५.२ उद्देश्य* ........ ६९
*४.५.३ रणनीति* ........ ६९
*४.५.४ प्रमुख उपलब्धि र नतिजा* ........ ७०
*४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ७१
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७२
*४.६.१ वर्तमान अवस्था* ........ ७२
*४.६.२ उद्देश्य* ........ ७३
*४.६.३ रणनीति* ........ ७३
*४.६.४ प्रमुख उपलब्धि तथा नतिजा* ........ ७३
*४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य* ........ ७४
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ७४
*४.७.१ वर्तमान अवस्था* ........ ७५
*४.७.२ उद्देश्य* ........ ७६
*४.७.३ रणनीति* ........ ७६
*४.७.४ प्रमुख उपलब्धि र नतिजा* ........ ७७
*४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः* ........ ७७
**परिच्छेद ५ : अन्य उपक्षेत्र ........ ७८**
५.१ उच्च शिक्षाको व्यवस्थापन ........ ७८
*५.१.१ वर्तमान अवस्था* ........ ७९
*५.१.२ उद्देश्य* ........ ७९
*५.१.३ रणनीति* ........ ७९
*५.१.४ प्रमुख उपलब्धि र नतिजा* ........ ८०
*५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ८०
५.१ सार्वजनिक पुस्तकालयको प्रबन्ध र व्यवस्थापन ........ ८१
*५.१.१ वर्तमान अवस्था* ........ ८२
*५.१.२ उद्देश्य* ........ ८३
*५.१.३ रणनीति* ........ ८३
*५.१.४ प्रमुख उपलब्धि र नतिजा* ........ ८४
*५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ८४
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ ८५**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ ८६
*६.१.१ वर्तमान अवस्था* ........ ८६
*६.१.२ उद्देश्य* ........ ८७
*६.१.३ रणनीति* ........ ८८

*६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ..... ८८
*६.१.५प्रमुख क्रियाकलाप र लक्ष्यः* ..... ८९
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... ९०
*६.२.१ वर्तमान अवस्था* ..... ९०
*६.२.२ उद्देश्य* ..... ९१
*६.२.३ रणनीति* ..... ९१
*६.२.४ प्रमुख उपलब्धि तथा नतिजा* ..... ९२
*६.२.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य* ..... ९३
**परिच्छेदः ७ ..... ९३**
७.१ स्रोत र लगानी व्यवस्थापन ..... ९३
७.२ वर्तमान अवस्था ..... ९४
७.३ उद्देश्य ..... ९५
७.४ रणनीति ..... ९५
७.५ प्रमुख उपलब्धि ..... ९६
७.६ प्रमुख क्रियाकलाप र लक्ष्य ..... ९६
७.६ योजनाको वार्षिक बजेट तर्जुमा ..... ९७
७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ..... १०१
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ..... १०१**
८.१ वर्तमान अवस्था ..... १०२
८.२ उद्देश्य ..... १०४
८.३ रणनीति ..... १०४
८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... १०५

## विषय प्रवेश

शिक्षा देश विकासको आधारशीला हो । यतिमात्र नभइ शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलूकको दिगो समृद्धि र शान्तिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा स्वीकार गरिदै आइएको छ । लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट वि.स. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि;शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि;शुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यवसायिक ,सिपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ । जस अन्तर्गत निम्न बुँदाहरू उल्लेख छन् :-

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४. दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५. नेपालमा बसोबास गर्ने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने, हक हुनेछ ।

यतिमात्र नभई सोही संविधानको धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा(५) मा , धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३), (७) र (९), दलितको हकसम्बन्धी धारा (४०) उपधारा(२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा (४२) को उपधारा (२) र उपधारा (५) मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

यसैगरी नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षा रहने व्यवस्था गरिएको छ । र सो अधिकारको प्रयोग संविधान र गाँउ सभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । यस्तै अनुसूची ९ अन्तर्गत शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रमा समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा (ज) ११ मा स्थानीय तहको शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू उल्लेख गरिएको छ । यसरी नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी सुम्पिएसंगै विद्यालय शिक्षालाई व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जीवनोपयोगी ,अनुसन्धानमूलक तथा समालोचनात्मक बनाई समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने, जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ ।

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसंगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ । नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुऱ्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय स्तरका घोषणाहरूमा हस्ताक्षर गरिसकेको छ । नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरी सन २०३० सम्म सबैका लागि

समाहित/समावेशी,समतामूलक,गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने, भनि प्रतिबद्धता जनाएको छ। यसका साथै सन २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धी लक्ष्यहरू समावेश गरिएको छ जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र आजीवन सिकाइका अवसरहरूलाई प्रवर्द्धन गर्ने, र सोका लागि सन २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरूको नि:शुल्क समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा सुनिश्चित गर्ने, र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ। जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जसले राष्ट्रको सामाजिक -आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुऱ्याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता , गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उथ्थानशीलता जस्ता विषयबस्तुहरूमा सुधार गर्ने, उद्देश्य लिएको छ । साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानुनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ । यस्तै सङ्घीय ढाँचाअनुरूप सरकारका तीववटै तहमा शिक्षा प्रशासन प्रभावकारी ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी राष्ट्रिय शिक्षा नीति २०७६ तयार पारिएको छ । जसले "शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय रूपान्तरण र समृद्धि" भन्ने दूरदृष्ट्रिका साथ सबै तहको शिक्षालाई प्रतिस्प्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाइ देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने, लक्ष्य लिदै ५५ वटा शिक्षा सम्बन्धी नीतिहरू तय गरेको छ । संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धी २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने, भन्ने कुरा उल्लेख छ । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १६ औं चालु आवधिक योजना (२०८१/८२-२०८५/८६)ले पनि सामाजिक तथा आर्थिक रूपान्तणका लागि मानव संसाधानको विकास गर्ने, सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील,दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने, लक्ष्य लिएको छ । साथै सोका लागि शिक्षा प्रणालीलाई आधारभूत तह देखि नै व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवलम्बन गरेको छ ।यसैगरी शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम्म् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । यसरी नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति,२०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा नि;शुल्क शिक्षा ऐन, २०७५,शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन,२०७४,

सोह्रौं योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति,नियम कानुन, योजनाहरूले तय गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिका लागि यस डुङ्गेश्वर गाउँपालिकाको शिक्षालाई हरेक दृष्टिकोणबाट व्यवस्थित, गुणस्तरीय,प्रविधिमैत्री,दिगो,समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि डुङ्गेश्वर गाउँपालिकाको शिक्षा योजना तयार पार्नु अपरिहार्य भएको छ ।

## शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं दश वर्षे योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन संस्कृतिले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु,गर्नु,पर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नु,गर्नु,पर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै कानुनमा डुङ्गेश्वर गाउँपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु,गर्नु,पर्ने आवश्यकतालाई महसुस गरी यस शिक्षा योजना निर्माण गरिएको छ ।

माथि उल्लेखित पृष्ठभूमि, अवधारणा र सन्दर्भलाई केलाउदा यस गाउँपालिको शिक्षा योजना निर्माणको आवश्यकता तपसिल बमोजिम उल्लेख गर्न सकिन्छः

- क) वर्तमान शैक्षिक अवस्था पत्ता लगाउन
- ख) शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आवश्यक मार्गदर्शन तयार पार्न
- ग) विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्न
- घ) विद्यालय शिक्षामा सबैको पहुँच तथा समावेशीतालाई सुनिश्चित गर्न
- ङ) सामुदायमैत्री शिक्षण संस्थाको विकास गर्न
- च) प्राविधिक तथा व्यावसायिक र सिपयुक्त शिक्षाको व्यवस्था गर्न
- छ) शैक्षिक तथ्याङ्कलाई भरपर्दो र विश्वासिलो बनाउन
- ज) विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दरमा कमी ल्याउन
- झ) शैक्षिक गुणस्तरमा वृद्धि गर्न
- ञ) परीक्षा प्रणालीलाई वैद्य, विश्वसनीय तथा व्यवस्थित बनाउन
- ट) शिक्षक दरबन्दी व्यवस्थापन तथा पेसागत सहयोग प्रणालीलाई व्यवस्थित बनाउन

ठ) विद्यालयमा सबल व्यवस्थापन, सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिन

## स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## शिक्षा योजना निर्माणका आधार

यस दश वर्षे आवधिक शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई तथा सन्दर्भ सामग्रीहरूलाई मूल आधार बनाइएको छः

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ठ) स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)
ड) डुङ्गेश्वर गाउँपालिकाको आवधिक योजना
ढ) डुङ्गेश्वर शैक्षिक दर्पण-२०८१
ण) डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन, २०७४
त) गाउँ शिक्षा नियमावली, २०७९
थ) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली
द) विद्यालय सुधार योजना

## शिक्षा योजना निर्माण प्रक्रिया

निश्चित लक्ष्य हासिल गर्नका लागि तयार पारिएको कार्यक्रमहरूको दस्ताबेज नै योजना हो । योजना निर्माण गर्ने, कार्य आफैमा जटिल र चुनौतीपूर्ण कार्य हो । विगतमा भएका अनुभव तथा सिकाइलाई समेटदै, वर्तमानको आवश्यकतामा आधारित रही भोलिको सुनौलो भविष्यको दृष्टीकोण समेतलाई प्रक्षेपण गर्दै योजना तयार पारिन्छ । वास्तविकतामा आधारित र प्रभावकारी कार्यान्वयन भइ उच्च उपलब्धि हासिल हुने खालको योजना निर्माण

गर्नु,गर्नु, आजको आवश्यकता हो । योजना निर्माणका विविध चरण र प्रक्रियाहरू हुन्छन ती मध्ये डुङ्गेश्वर गाउँपालिको शिक्षा योजना निर्माण गर्न तपसिलका प्रक्रियाहरूलाई आत्मसाथ गरिएको छः

५.१ सम्बन्धित सरोकारवालाहरूसँग प्रारम्भिक छलफल तथा परामर्श,
५.२ स्थानीय तह शिक्षा समितिमा छलफल तथा अद्यावधिक गर्ने, निर्णय
५.३ योजनाको अद्यावधिक तथा परिमार्जनको लागि संरचनात्मक व्यवस्था
५.४ योजना निर्माण मूल समिति, सल्लाहकार समिति गठन
५.५ विषयगत लेखन समिति र प्राविधिक लेखन समिति गठन
५.६ योजना निर्माणका लागि छलफल तथा कार्ययोजना निर्माण
५.७ विभिन्न स्रोत तथा माध्यमबाट तथ्याङ्कको सङ्कलन, प्रशोधन तथा तयारी
५.८ योजनाको नयाँ ढाँचा अनुसार मस्यौदा लेखन कार्यशाला बैठक सञ्चालन
५.९ शिक्षा सम्बद्ध सबै सरोकारवालाहरूबाट सुझाव सङ्कलन तथा पृष्ठपोषण
५.१० सङ्कलित सुझावका आधारमा अन्तिम मस्यौदाको सम्पादन
५.११ गाउँ शिक्षा समितिबाट योजना पास गर्नका लागि कार्यपालिका समक्ष सिफारिस
५.१२ गाउँ कार्यपालिकाबाट शिक्षा योजनाको स्वीकृति र कार्यान्वयन

## योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिएको छ, जुन योजना कार्यान्वयन गर्नु,गर्नु,पूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। डुङ्गेश्वर गाउँपालिका भित्रका आन्तरिक विभिन्न विषय क्षेत्रका विज्ञहरूको सहभागितामूलक प्रक्रियाबाट यस योजनाको लेखालोखा गर्ने, कार्य गरिएको छ । यस योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गरिएको थियो :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा यस डुङ्गेश्वर गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिका विकास समिति संयोजक, वडा अध्यक्ष, विभिन्न छाता संगठनका प्रमुख तथा प्रतिनिधि लगायत वि व्य स समिति, शिक्षक अभिभावक सङ्घ विद्यालय प्र. अ. तथा वरिष्ठ शिक्षकहरूको सक्रीय तथा अर्थपूर्ण सहभागिता रहेको तथा शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शि रूपमा निर्माण गरिएको थियो । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका सम्पुर्ण सरोकारवालाहरूको सक्रीय सहभागिता तथा वृहत छलफल पश्चात निधार्ण गरिएकाले पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ जसमा महिला शिक्षक सङ्ख्या / प्रतिशत, प्र .अ, वि. व्य. स अध्यक्षमा रहेका महिला सङ्ख्या / प्रतिशत, जनजाति दलित शिक्षक/ महिला शिक्षक, विद्यालयमा रहेका छात्रा सङ्ख्या, दलित, जनजाति र अल्पसङ्ख्यक छात्रा |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | को सङ्ख्या तथा प्रतिशत र उनीहरूको सिकाइ र गुणस्तर अभिवृद्धि र समग्र सक्षमताका मुद्दाहरूको सम्बोधन गरिएको छ । |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, शिक्षा आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजना बिच अन्तरसम्बन्ध कायम गरिएको छ ।<br>• दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ ।<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, लक्ष्य, उद्देश्य, र रणनीति अनुरूप क्रियाकलाप निधार्णगरि योजना बनाइएको निर्माण गरिएको छ ।<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तरसम्बन्ध कायम गरीएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयको अन्य पक्षसँग तादात्म्य कायम गरिएको छ ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यवहारिक र सान्दर्भिक रूपमा वृहत छलफल पश्चात निर्धारण गरिएका तथा अनुगमन र मूल्याङ्कनका संयन्त्रहरू निर्धारण गरिएका छन ।<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ।<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई उठान तथा सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक स्रोतको क्षेत्र निर्धारण गरिएको र जिम्वेवारी तोकिएको छ साथै स्रोतको प्रबन्ध कस्ले गर्ने, तोकिएको छ ।<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ ।<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेट बिच आपसी तालमेल कायम गरिएको छ ।<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय , सहकार्य र साझेदारी प्रणालीको विकास गरिएको छ जसले गर्दा स्रोतको उपलब्धता र प्रयाप्तता रहेको छ । |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह भित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ ।<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तह भित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ । |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | • योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ ।<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ ।<br>• आधिकारिक रूपमा प्रमाणित प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ ।<br>• तथ्याङ्क तथा सूचना बिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ ।<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने, प्रक्रिया निर्धारण गरिएको छ ।<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ ।<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ । |

## योजनाको दस्तावेजको स्वरूप

यस शिक्षा योजनाको स्वरूपलाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) को अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार पारिएको छ। यस योजनाको परिचय खण्ड भन्दा पहिला गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको शुभकामना तथा भनाइ, योजनाको कार्यकारी सारांश, विषयसूची, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरूप राखिएको छ भने अन्तिम खण्ड भन्दा पछाडि विभिन्न अनुसूचीहरू राखिएको छ ।

# परिच्छेद १

## परिचय

डुङ्गेश्वर गाउँपालिकाको दश वर्षे शिक्षा योजनाको यस खण्डमा भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था र शिक्षा क्षेत्रका प्रमुख समस्या, अवसर र चुनौती जस्ता पक्षको गहिरो चिरफार, समीक्षा र विश्लेषणका साथै गाउँपालिकाको शिक्षा क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसर पहिचान गरिएको छ।

### १.१ वर्तमान अवस्था

शिक्षाले मानिसको सर्वाङ्गीर्ण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यो मानिसको नैसर्गिक अधिकारको विषय हो । यतिमात्र होइन शिक्षा देश विकासको मेरूदण्ड पनि हो । विश्वमा जतिपनि विकसित देशहरू छन् ति सबै देशहरू विकसित र समृद्ध हुनुमा शिक्षाको ठूलो देन छ । भनिन्छ कुनै पनि देशलाई विकसित बनाउनु छ भने त्यस देशको शिक्षा प्रणालीमा लगानी गर्नु,गर्नु,पर्दछ । यस तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो । गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरूको सहि रूपमा सदुपयोग र तिनिहरूको परिचालन गरी देशलाई विकासको गतिमा डोहोऱ्याउने गर्दछन् ।

नेपालमा लामो समयसम्म राज गरेको राजतन्त्रको अवसान पश्चात उदय भएको गणतन्त्रान्त्रिक व्यवस्थाले उपहार स्वरूप नेपालको संविधान, २०७२ दिएको छ । उक्त संविधानको मर्म अनुरूप देशमा सङ्घीयता कार्यान्वयन भएको छ । देश सङ्घीयतामा जाँदै गर्दा नेपालमा ३ तहका सरकारद्वारा शासन सञ्चालन गर्ने, कार्यको थालनी भएको छ । नेपालको संविधान, २०७२ ले मानिसको मौलिक हकको रूपमा रहेको शिक्षालाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अधिकारको साझा सूचीमा राखेको छ भने आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र समावेश गरेको छ । साथै सोहि संविधानको भाग ३ धारा ३१ मा नागरिकका शिक्षा सम्बन्धी ५ वटा हकहरूको व्यवस्था गरिएको छ । उक्त धारामा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने,अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने, हक हुने, दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि;शुल्क शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने, हक हुने कुरा उल्लेख गरिएको छ । यसैगरी नेपालले विद्यमान छरपष्ट नीतिहरूलाई एउटै स्वरूपमा ल्याई नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्ने, हकलाई सुनिश्चित गर्नका लागि विविध ५५ वटा नीतिहरू सहितको राष्ट्रिय शिक्षा नीति, २०७६ तयार पारी लागू गरेको छ । सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने, लक्ष्य तय गरेको छ । साथै उक्त नीतिको कार्यान्वयनका लागि सबै तहहरूमा संस्थागत संरचनाको व्यवस्था गरी ती संस्थागत संरचनाहरूको जिम्मेवारी समेत किटान गरिदिएको अवस्था छ । साथै सन २०३० सम्मका लागि तय भएको दिगो विकासका १७ वटा लक्ष्यहरूमध्येको लक्ष्य नं ४ मा सबैलाई समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने, कुरा उल्लेख गरिएको छ ।

यसरी माथि उल्लेखित संविधान, शिक्षा नीति तथा दिगो विकासका लक्ष्यमा व्यवस्था भएका मानिसको शिक्षा प्राप्त गर्न पाउने हकलाई सुनिश्चत गर्नका लागि नेपालले अनिवार्य तथा नि;शुल्क आधारभूत शिक्षा ऐन, २०७५ मन्त्रिपरिषदबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । साथै नेपालको शैक्षिक प्रशासन तथा

व्यवस्थापनको क्षेत्रलाई कानुनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली,२०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ । संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धी २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने, भन्ने कुरा उल्लेख छ । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १५ औं आवधिक योजनाले पनि आर्थिक तथा सामाजिक रूपान्तरणका लागि मानव संसधानको विकास गर्ने, र सोका लागि शिक्षा प्रणालीलाई व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने लक्ष्य लिएको छ । यसरी नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति, २०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५,शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पन्ध्रौं योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति,नियम कानुन, योजनाहरूले तय गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिका लागि यस डुङ्गेश्वर गाउँपालिकाको शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय,प्रविधिमैत्री,दिगो,समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि दश वर्षे गाउँ शिक्षा योजना (२०८२/८३-२०९१/९२) तयार पारिएको छ । यस योजना निर्माणका लागि विभिन्न कार्यशाला,गोष्ठि,सामुदायिक भेटघाट मार्फत शिक्षासँग सम्बन्धित स्थानीय स्तरका सरोकारवालाहरूको सहभागितामा यो योजना तयार पारिएको हो । यस योजनाको कार्यान्वयन गर्नका लागि मुख्यरूपमा डुङ्गेश्वर गाउँपालिकाको महत्वपूर्ण भूमिका रहनेछ । यसका साथै यस क्षेत्रका विद्यालय ,शैक्षिक संस्था , जनप्रतिनिधि, आम अभिभावक,विभिन्न शिक्षासँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरू र सरोकारवालाको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुनेछ । यस शिक्षा योजनाले यस गाउँपालिकाको शैक्षिक प्रणालीलाई गुणस्तरीय ,प्रविधिमैत्री र युगसुहाँउदो बनाइ गुणस्तरीय र सिपयुक्त तथा देशप्रेमले भरिएको दक्ष नागरिक तयार गर्न र **"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधार: समाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"** भन्ने नारालाई पूरा गर्न मद्दत गर्नेछ ।

## क. भौगोलिक अवस्थिति:

नेपाल सरकारको वि.सं.२०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका ४ वटा गा.वि.स.हरू बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुललाई एक आपसमा गाभेर ६ वटा वडामा विभाजन गरी डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो। यो गाउँपालिका दैलेख जिल्लाको ११ वटा स्थानीय तहहरू मध्ये क्षेत्रफलका हिसावले तेस्रो सानो स्थानीय तह हो। दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणीय वातावरणमा रहेको सुन्दर डुङ्गेश्वर गाउँपलिकामा थोरै साधन र स्रोतको लगानीबाट गाउँपालिकाको सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा विकास हुन सक्ने प्रचुर सम्भावना रहेको छ।यो गाउँपालिका भौगोलिक हिसावले विकट र विकासको हिसावले विकासोन्मुख अवस्थामा रहेको छ।

राजनीतिक हिसावले यस डुङ्गेश्वर गाउँपालिका दैलेख जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.१ तथा प्रदेश सभा निर्वाचन क्षेत्र १,क अन्तर्गत पर्दछ।विश्व मानचित्रमा यसको फैलावट २८ डिग्री ३५ मिनेट उत्तरी अक्षाशं देखि २९ डिग्री ८ मिनेट उत्तरी अक्षाशंसम्म र ८१ डिग्री २५ मिनेट पूर्वी देशान्तर देखि ८१ डिग्री ५३ मिनेट पूर्वी देशान्तर सम्म रहेको छ।समुद्री सतहबाट ६५० मिटर देखि २५०० मिटर सम्मको उचाइमा रहेको यस गाउँपालिकाको क्षेत्रफल १०५.२० वर्ग कि.मि. रहेको छ।भौगोलिक हिसावले विकट र विकासको हिसाबले विकासोन्मुख अवस्थामा रहेको यस गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरू मध्ये क्षेत्रफलका हिसावले

तेस्रो सानो स्थानीय तह हो। दैलेख जिल्लाको सदरमुकाम नारायण गाउँपालिकाबाट करिब २० कोषको दूरीसम्ममा यस गाउँपालिकाका वडाहरू फैलिएका छन्। यस गाउँपालिकाको पूर्वमा बैतडी खोलाले भगवतीमाई गाउँपालिका ,पश्चिममा छामघाट खोलाले दुल्लू गाउँपालिका,उत्तरमा लोहोरे खोलाले नारायण गाउँपालिका र दक्षिणमा पराजुली खोलाले गुराँस गाउँपालिकासँगको सिमाना छुट्याएको छ। क्षेत्रफलका हिसावले यस गाउँपालिकाको वडागत क्षेत्रफल निम्नानुसार रहेको छः

| वडा नं | साविक गा.वि.स. | साविकका वडाहरू | क्षेत्रफल | गाउँपालिकाको सीमाना |
|---|---|---|---|---|
| १ | बेलपाटा | १ देखि ९ | १०.८ | |
| २ | लाँकुरी | १ देखि ९ | २४.४७ | पूर्वमाः भगवतीमाई गाउँपालिका |
| ३ | अवलपराजुल | १ देखि ४ | २८.१२ | पश्चिममाः दुल्लू गाउँपालिका |
| ४ | अवलपराजुल | ५ देखि ९ | ८.७३ | उत्तरमाः नारायण गाउँपालिका |
| ५ | डाँडापराजुल | १,२,३,५ र ६ | १५.२४ | दक्षिणमाः गुराँस गाउँपालिका |
| ६ | डाँडापराजुल | ४,७,८ र ९ | १८.५६ | जम्मा क्षेत्रफलः १०५.२० वर्ग कि.मि. |

## ख .जनसाङ्खिक संरचनाः

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्या १४ हजार ५ सय ३३ रहेको छ। जसमा ६ हजार ८ सय ९० जना पुरूष र ७ हजार ६ सय ४३ जना महिला रहेका छन् भने लैङ्गिक अनुपात ९०.१५ रहेको छ भने कूल जनसङ्ख्याको ३ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन। यसैगरी परिवार सङ्ख्या ३,३९९ र परिवारको औसत आकार ४.२८ जना रहेको छ भने जनघनत्व १३८ जना प्रति वर्ग कि.मी. रहेको छ। यस गाउँपालिकाको वडागत जनसङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छः

| क्र.स. | वडा नं. | साविक गा.वि.स. | साविक गा.वि.स. का वडाहरू | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | बेलपाटा | १ देखि ९ | १३१४ | १४६५ | २७७९ |
| २ | २ | लाँकुरी | १ देखि ९ | १३५२ | १६१७ | २९६९ |
| ३ | ३ | अवलपराजुल | १ देखि ४ | ९२२ | ८८५ | १८०७ |
| ४ | ४ | अवलपराजुल | ५ देखि ९ | १०३६ | ११८० | २२१६ |
| ५ | ५ | डाँडापराजुल | १,२,३,५ र ६ | ९५४ | १०६२ | २०१६ |
| ६ | ६ | डाँडापराजुल | ४,७,८ र ९ | १३१२ | १४३४ | २७४६ |
| जम्मा | | | | ६८९० | ७६४३ | १४५३३ |

## ग. सामाजिक तथा सांस्कृतिक अवस्था

दैलेख जिल्लाको सदरमुकाम नारायण गाउँपालिकाको दक्षिण क्षेत्रसंगै सीमाना जोडिएको डुङ्गेश्वर गाउँपालिका साबिकका ४ वटा गा.वि.स.हरू (बेलपाटा, लाँकुरी, अवलपराजुल र डाँडापराजुल) एक-आपसमा गाभेर सङ्घीय पुर्नसंरचना आयोगको प्रतिवेदन बमोजिम मिति २०७३ फागुन २७ गते देखि डुङ्गेश्वर गाउँपालिका बनेको हो । साबिकका ३६ वटा वडाहरूलाई पुर्नसंरचना गरी हाल यस गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको

छ। यस गाउँपालिकाको वडा नं.५स्थित साविकको डाँडापराजुल गा.वि.स.को भवन रहेको ठाउँ सबै वडाहरूका लागि भैगोलिक रूपमा पायक पर्ने भएकाले गाउँपालिकाको केन्द्र सोही ठाउँ डाँडापराजुलमा रहेको छ।

सङ्घीय संरचनाको मर्म अनुरूप साविकका ४ वटा गा.वि.स.हरू मिलाएर एउटा स्थानीय तह बनाउने निर्णय पश्चात यसको वडागत सीमाङ्कनका विषयमा सरकारले तोकेको मापदण्ड अनुसार नै वडा विभाजन तथा त्यसको सीमा निर्धारण गरियो । त्यसपछि यस गाउँपालिकाका वुद्धिजिवी, राजनीतिक दल, शिक्षक, समाजसेवी, जेष्ठ नागरिक र यस क्षेत्रका स्थानीयवासीहरूको भेलामा पेश भएका राय सल्लाह र सुझावका आधारमा साविकको डाँडापराजुल गा.वि.स.को डुङ्गेश्वर बजार यस क्षेत्रकै चर्चित ठाउँ भएको तथा विगतका वर्षहरूमा डुङ्गेल देवताको वासस्थान भएको कारणले यस गाउँपालिकाको नामाकरण डुङ्गेश्वर गाउँपालिका रहनु एक संयोग बनेको छ।

कृषि, पर्यटन र पशुपालनको उच्च सम्भावना रहेको यस गाउँपालिकाको डुङ्गेश्वर बजार र चुप्रा बजारलाई मुख्य व्यापारिक केन्द्र मानिन्छ।जातीय रूपमा मिश्रित बसोबास रहेको यस गाउँपालिकामा विशेष गरी ब्राह्मण र क्षेत्री जातिको बाहुल्यता रहेको पाइन्छ।मुख्य गरी वनजङ्गल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानिने यस गाउँपालिकाका मानिसहरू कृषिका अतिरिक्त सरकारी सेवामा तथा केही मानिसहरू ज्याला मजदुरीमा काम गर्नका निमित्त भारत लगायतका विभिन्न मुलुकहरूमा जाने गरेको पाइन्छ। **"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारः समाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"** भन्ने मूल नारा बोकेको यस गाउँपालिकाले सरकारी निकायका विभिन्न बिषयगत कार्यालयहरू तथा गैरसरकारी सङ्घ संस्थाहरू सँग समन्वय र सहकार्य गर्दै कार्यक्रम सञ्चालन गर्ने, र अघि बढने नीति लिएको छ ।

## घ.आर्थिक अवस्था

कूल जमिनको ५३.९७ प्रतिशत अर्थात ५ हजार ६ सय ७७ दशमलव ५६ हेक्टर भू-भाग वनजङ्गलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाका मानिसहरूको मुख्य पेसा कृषि हो पेसा।केही बासिन्दाहरू बैदेशिक रोजगार, जागिर, व्यापार, ज्याला मजदुरीमा सङ्लग्न रहदै आएका छन् ।कृषि उत्पादन अधिकांश कृषकहरूले परम्परागत ढङ्गले नै लगाई रहेका छन् भने केही कृषकहरूले बिशेषत बजार तथा सडक सञ्जालका नजिका कृषकहरूले भने आधुनिक ढङ्गले खेतीपाती गर्दै आएका छन् ।यस भेगमा खाद्यन्न, फलफुल (सुन्तला), तरकारी, मसला बाली, बाख्रापालन, आलुखेती, भट्टमास प्रचुर मात्रामा गर्दै आईरहेका छन् भने, केरा, ओखर, मौरीपालन, टिमुर खेती, भैसीपालन आदि पनि केहीरूपमा गर्दै आएका छन् । यस पालिकामा हाल साना तथा घरेलु उद्योगहरू सञ्चालित छन् भने अमिला जातका फलफूलहरू यस पालिकाका प्रमुख फलफुल बाली हुन । यहाँको मुख्य बजार डुङ्गेश्वर,चुप्रा आदि हुन भने यहाको पर्यटकीय क्षेत्रको रूपमा समग्र पालिकालाई लिन सकिन्छ ।

## ङ. शैक्षिक अवस्थाः

यस गाउँपालिकाको साक्षरता दर ७९.१ प्रतिशत रहेको छ जसमा महिला साक्षरता दर ७१.९ प्रतिशत र पुरूष साक्षरता दर ८७.२ प्रतिशत रहेको छ । सङ्घीय संरचना अनुसार ६ वटा वडामा विभाजन भएको यस डुङ्गेश्वर गाउँपालिकामा हाल २९ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा ३१ वटा विद्यालयहरू सञ्चालित छन्।जम्मा २९ वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ३ सम्म,१२ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म,५ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म,१ वटा विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म र ५ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा १२ सम्म पठनपाठन सञ्चालन हुने गर्दछ।यसैगरी २ वटा संस्थागत विद्यालयहरू मध्ये १ वटा विद्यालयमा नर्सरी देखि ४ कक्षा सम्म

र १ वटा विद्यालयमा नर्सरी देखि ७ कक्षासम्म पठनपाठन हुँदै आएको छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८१ मा सामुदायिक र संस्थागत विद्यालयमा बालविकास कक्षा देखि कक्षा १२ सम्म अध्ययन गर्ने, विद्यार्थीको सङ्ख्या १७६८ जना छात्र र १७८४ जना छात्रा गरी जम्मा ३५५२ जना रहेको छ।

यस्तै यस गाउँपालिका भित्र जम्मा ३१ वटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। जसमा ३० वटा बालविकास केन्द्र विद्यालयमा आधारित र १ वटा बालविकास केन्द्र समुदायमा आधारित छन्। शैक्षिक सत्र २०८१ को IEMIS मा अद्यावधिक तथ्याङ्क अनुसार संस्थागत विद्यालय र सामुदायिक विद्यालय अन्तर्गतका बालविकास केन्द्रहरूमा १९४ छात्रा र २१४ छात्र गरी जम्मा ४०८ जना बालबालिकाहरू अध्ययनरत छन्।

साथै यस गाउँपालिकाका २९ वटा सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा ९५ जना निम्न माध्यमिक तहमा ४० जना, माध्यमिक तह (कक्षा ९-१०) मा ३१ र माध्यमिक तह (कक्षा ११-१२) मा ८ जना गरी जम्मा १७४ जना शिक्षकहरू, ३३ जना कार्यालय सहयोगीहरू, ६ जना लेखा सहायक ,१ जना कम्प्युटर सहायक ,१ जना प्रशासन सहायक कार्यरत छन्।

यस गाउँपालिका अन्तर्गत  वडा नं.४ को अवलपराजुलमा उच्च शिक्षा अध्ययनका लागि कोटदेवल जनआदर्श क्याम्पस रहेको छ। उक्त क्याम्पसमा त्रिभुवन विश्वविद्यालयको शिक्षा शास्त्र संकाय अन्तर्गतको ४ वर्षे स्नातक तहको पठनपाठन हुँदै आएको छ। यस्तै गाउँपालिका भित्र जम्मा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन्। यस गाउँपालिका भित्रका शैक्षिक संस्थाहरूको सङ्ख्या, शिक्षक, कर्मचारी र विद्यार्थी सङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छः

| क्र.सं. | विवरण | सङ्ख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ३१ | २९ | २ |
| २ | शिक्षक | १९१ | १७४ | १७ |
| ३ | विद्यार्थी | ३५५२ | ३२७७ | २७५ |
| ४ | विद्यालय कर्मचारी | ४३ | ४१ | २ |
| ५ | बालविकास सहजकर्ता | ३५ | ३१ | ४ |
| ६ | सामुदायिक सिकाइ केन्द्र | ३ | सामाजिक परिचालकको संख्याः ३ जना | |
| ७ | क्याम्पस | १ | | |

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौती

१. सामुदायिक विद्यालयहरूका लागि आवश्यकतानुसार शिक्षक दरवन्दी व्यवस्थापन गर्नु,गर्नु,,
२. आर्थिक, सामाजिक, भाषिक लगायतका सांस्कृतिक विविधता सम्वोधन गर्नु,गर्नु,,
३. आधारभूत तथा माध्यमिक शिक्षामा बाल सहभागिता तथा समावेशी र समतामूलक पहुँचको सुनिश्चितता गर्नु,गर्नु,,
४. अनिवार्य  र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,
५. सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि प्रयास लगानीमा वृद्धि गर्नु,गर्नु,,
६. आवश्यकता र मागको आधारमा विद्यालय नक्साङ्कन, पुर्नस्थापना, समायोजन र पुनर्वितरण गर्नु,गर्नु,,
७. दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडनु,
८. बालबालिकाहरूको सिकाइको निम्ति अभिभावकहरूलाई सक्रिय बनाउनु,

९. जोखिममा परेका अति विपन्न तथा सडक बालबालिकाहरूका लागि आश्रयस्थल, बालगृह तथा गुणस्तरीय आपतकालीन सेवाको विकास गर्नु,गर्नु,,
१०. बालबालिकाको क्षेत्रमा फरक-फरक किसिमले फरक-फरक समूहद्वारा कार्यक्रम सञ्चालन भइरहेकोमा सबै कार्यक्रमका लागि न्यूनतम् मापदण्डसहित दिगो र प्रभावकारी संयन्त्रको विकास गर्नु,गर्नु,,
११. शैक्षिक सुधारका लागि आवश्यक लगानीमा वृद्धि गर्नु,गर्नु,,
१२. सामुदायिक विद्यालयहरूको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्नु,गर्नु,,
१३. विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गर्नु,गर्नु,,
१४. उमेर नपुगी प्राय बालबालिका विद्यालयमा भर्ना गर्नु,गर्नु, ।

## १.३ शिक्षा क्षेत्रका मुख्य अवसरहरू

१. सङ्घीयता सहितको नेपालको संविधान,२०७२ ले बालबालिकाको अधिकार र शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गर्नु,गर्नु,
२. सङ्घीय संरचना अनुसार सरकार सञ्चालन हुँदै गर्दा सबै तहमा शिक्षाका नयाँ योजना निर्माण हुनु,
३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन,२०७५ ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुनेगरी व्यवस्थापन गर्नु,गर्नु, साथै अनाथ र असहाय बालबालिकाको लागि सम्वन्धित स्थानीय तह तथा वडा जिम्मेवार हुने व्यवस्था गर्नु,गर्नु, ,
४. अतिकम विकसित राष्ट्रको सुविधाका रूपमा अन्तर्राष्ट्रिय सहकार्यको तमाम सम्भावना रहनु ,
५. योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ,
६. शिक्षा व्यवस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा तोकिएको व्यवस्था हुनु ,
७. प्रायःसबै विद्यालयमा समान्य सुविधायुक्त बालविकास कक्षाहरू सञ्चालनमा रहनु ,
८. गुणस्तरीय शिक्षाकालागि सबै अभिभावकहरूको उच्च चाहना रहनु ,
९. प्रारम्भिक बालविकास कक्षा देखि माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई हुनु ,
१०. विभिन्न शैक्षिक योजना सबैको स्वामित्वमा निर्माण हुनु ,
११. साक्षरता दरमा वृद्धि हुनु ,
१२. शिक्षकको पेसागत क्षमता विकासका लागि आवश्यक संयन्त्र र तालिमको व्यवस्था हुनु ,
१३. सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला,कम्प्युटर ल्याब तथा पुस्तकालयको व्यवस्था हुनु,
१४. विद्यमान संरचना, पूर्वाधार र जनशक्तिको व्यवस्था हुनु,
१५. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था हुनु,
१६. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बढदै जानु,
१७. तिनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु,

# परिच्छेद २ :

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

शिक्षा योजना निर्माणको क्रममा महत्त्वपूर्ण भागको रूपमा परिच्छेद २ रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को अवधिभित्र स्थानीय तहको शिक्षा क्षेत्र कस्तो हुने भन्ने कुराको प्रतिविम्बन यस भागमा रहन्छ । योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारण स्पष्ट हुन नसकेमा योजना प्रभावकारी बन्न सक्दैन । यस परिच्छेदमा योजनाको दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारणको बारेमा उल्लेख गरिएको छ ।

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

यस खण्डमा हाम्रो डुङ्गेश्वर गाउँपालिकाको दश वर्षे शिक्षा योजनाको कार्यान्यनबाट के-के उपलब्धि हासिल गर्ने, भन्ने बारेमा उल्लेख गरिएको छ । यसमा शिक्षा योजनाको लक्ष्य निर्धारण गर्दा विभिन्न नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु,गर्नु, अनिवार्य हुन्छ । यसका लागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई संस्कृति बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।

५. नेपालमा बसोबास गर्ने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने, हक हुने छ ।

धारा ५१ राज्यका नीतिः <u>(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः</u>

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम्म् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम्म् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

**दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, संस्कृति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा गाउँशिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः**

क) गाउँपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु,गर्नु,पर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नु,गर्नु,पर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु,गर्नु,पर्छ ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने, छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय संस्कृतिले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु,गर्नु,पर्ने छ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने, सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु,गर्नु,पर्ने छ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु,गर्नु,पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने, व्यवस्था गर्नु,गर्नु,पर्ने छ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नु,गर्नु,पर्ने छ ।

३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।

४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नु,

५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने

६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था

७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा

८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने

९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने,, छात्रवृत्ति प्रदान गर्ने,, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार

क) सामुदायिक सिकाइ केन्द्र,

ख) आधारभूत प्रौढ शिक्षा,

ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)

११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः

क) विद्यार्थी भर्ना शुल्क,

ख) मासिक पढाई शुल्क,

ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने, शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने, छ।

## २.२ दूरदृष्टि

"शैक्षिक सुशासन र विद्यार्थीहरूको सर्वपक्षीय रूपान्तरणका लागि दिगो शैक्षिक पूर्वाधारः सिर्जनशील, स्वाभिमानी र खुसी विद्यार्थी उत्पादन गुणस्तरीय शिक्षाको मूल आधार"

## २.३ लक्ष्य

प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक शिक्षा मार्फत प्रतिस्पर्धी, दक्ष, श्रमप्रति सकारात्मक सोच भएका नैतिकवान, सिर्जनशील, नवप्रवर्तनशील सक्षम जनशक्तिको विकास गर्नु,

## २.४ उद्देश्य

१. विद्यालय शिक्षालाई बालमैत्री, पहुँचयोग्य र गुणस्तरीय बनाउनु,
२. सबैका लागि अनिवार्य तथा नि;शुल्क, गुणस्तरीय र समतामूलक आधारभूत शिक्षाको प्रत्याभूति दिनु,
३. माध्यमिक शिक्षालाई समतामूलक, पहुँचयोग्य, सान्दर्भिक, प्रविधिमैत्री, गुणस्तरीय र निःशुल्क बनाउनु,
४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी र उद्यमशील र सकारात्मक सोच भएका मानव संसाधनको विकास गर्नु,गर्नु,,
५. विद्यार्थीहरूको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर विकास गर्नु,गर्नु,,

६. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई समयसापेक्ष बनाउदै त्यसको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास गरी सक्षम,सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु,
७. गुणस्तरीय शिक्षाका लागि योग्य, क्षमतावान,उत्प्रेरित, समर्पित, प्रतिबद्ध शिक्षकको व्यवस्था गर्नु,गर्नु,का साथै शिक्षकहरूलाई आवश्यकतामा आधारित पेसागत सहयोग तथा विकासका लागि प्रभावकारी संयन्त्र र तालिमको व्यवस्था गर्नु,गर्नु,,
८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्दै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
९. अनौपचारिक तथा निरन्तर शिक्षाका क्षेत्रमा प्रयास लगानी गरी गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु,
१०. शिक्षा क्षेत्रको शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याई शिक्षाको गुणस्तर सुधार गर्नु,गर्नु,,
११. अपाङ्गता भएका, गरिव तथा विपन्न परिवारका नागरिकहरूका लागि आयआर्जन र सिप मूलक कार्यक्रम सञ्चालन गरी बालबालिकाको लागि विद्यालय तहको शिक्षा सुनिश्चित गर्नु,गर्नु,,
१२. सबै विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक कार्यक्रमहरूलाई सूचना प्रविधिमैत्री बनाउनु,
१३. विभिन्न समयमा देखापर्ने विभिन्न खालका आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिनु,
१४. शिक्षा क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयन तथा प्रभावकारिताका लागि आवश्यक संस्थागत संरचना र क्षमता विकास गर्नु,गर्नु,,
१५. सबै विद्यालयहरूको आवश्यकता, माग तथा नतिजा एवम्म् कार्यसम्पादनस्तरका आधारमा लगानी वृद्धि गर्नु,गर्नु,,
१६. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने थप आर्थिक तथा प्राविधिक सहयोगका लागि विभिन्न साझेदार सङ्घसस्था र निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्नु,गर्नु,,
१७. बालबालिकाहरूको गुणस्तरीय शिक्षाका लागि आम अभिभावक तथा सरोकारवाला निकायहरूको सक्रियता र सहभागिता वृद्धी गर्नु,विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणमा नियमितता एवम्म् प्रभावकारितामा वृद्धि गर्नु,गर्नु,,

## २.५ रणनीति

१. प्रचलित मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन गर्न बालविकास केन्द्रहरूको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरू स्थापना गर्नु,
२. प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम परिमार्जन तथा त्यसको प्रबोधिकरण गरी आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नु,
३. विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरी विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्नु,
४. अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षा र नि;शुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्दै शैक्षिक उपलब्धि अभिवृद्धि गरी शिक्षाको गुणस्तरमा सुधार गर्नु,
५. शिक्षकको पेसागत विकास सहयोग प्रणालीलाई व्यवस्थित गरी दक्ष, क्षमतावान, पेसाप्रति सम्मान गर्ने,, कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गर्नु,
६. उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न उच्च शिक्षा प्रदान गर्ने, संस्थाको स्थापना र सुदृढीकरणमा आवश्यक समन्वय र सहकार्य गर्नु,
७. मानव स्रोतको विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्नु,

८. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरूमा समतामूलक पहुँच अभिवृद्धि गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई श्रम बजारसँग आबद्ध गर्नु,
९. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रम एवम् स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयन गर्नु,
१०. विद्यालय सुधारका लागि शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयन तथा विद्यालय व्यवस्थापनमा सबै सरोकारवालाहरूको सहभागिता र अपनत्व विकास गर्न विद्यालयमा शैक्षिक तथा आर्थिक पारदर्शिता मार्फत सुशासन कायम गर्नु,
११. साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रमहरूको विस्तार, व्यवस्थापन तथा सञ्चालन गर्नु,
१२. विद्यालयमा उपयुक्त भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय जनशक्तिको व्यवस्थापन गुणस्तरीय सार्वजनिक शिक्षाको प्रत्याभूति दिने,
१३. विद्यालयमा अभिभावक तथा सरोकारवालाहरू सबैको सहभागिता बढाउनुका साथै समावेशी तथा समतामूलक शिक्षाका लागि विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गर्नु,
१४. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका साधनहरूको पहुँच वृद्धि गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्नु,
१५. विपत् तथा जोखिमका समययमा पनि सिकाइलाई निरन्तरता दिने पद्धतिको विकास गर्नु,
१६. सङ्घ,प्रदेश र स्थानीय सरकारका बीच सहसम्बन्ध , सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्नु,
१७. विद्यालय शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्नु,गर्नु,का साथै लगानी वृद्धि गर्नु,
१८. शैक्षिक विकासका लागि उपलब्ध स्रोतको उपयोग गर्नका लागि विद्यालयलाई जबाफदेही बनाउने वित्तीय व्यवस्थापन क्षमतामा सुधार गर्ने, तथा वित्तीय सुशासन कायम गर्ने, कार्य गर्नु,
१९. अनुगमन तथा मूल्याङ्कनलाई शैक्षिक प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गरी यसका आधारमा लगानी गर्ने, प्रणालीको विकास गर्नु,
२०. अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र जनशक्तिको प्रबन्ध तथा क्षमता विकास गर्नु,
२१. शिक्षा क्षेत्रमा काम गर्ने, निकायहरूको सङ्लग्नताका लागि आवश्यक मार्गदर्शन तथा कानुन निर्माण गर्नु,
२२. शैक्षिक विकासका लागि विभिन्न साझेदार निकायहरूसँग सहकार्य र समन्वय गर्ने, कार्यलाई प्रभावकारी बनाउने,

## २.६ कार्यनीति

१. चार वर्ष उमेर समुहका सबै बालबालिकालाई बढिमा आधा घण्टाको पैदल हिडाइमा बाल विकास केन्द्र पुग्ने गरी नयाँ बालविकास केन्द्रहरूको स्थापना र पुराना बालविकास केन्द्रको समायोजन गरिनेछ ।
२. सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउनका लागि अभिभावकहरूलाई उत्प्रेरित गर्न सचेतना र सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३. तीन वर्ष सम्मको उमेर समुहका बालबालिका र गर्भमा रहेका बच्चाहरूको समेत पोषण, बृद्धि र विकासमा सहयोगी हुन अभिभावकहरूलाई सचेतना र सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
४. भौगोलिक दुरीका कारण बालविकास केन्द्रमा उपस्थित हुन नसक्ने बालबालिकाका लागि घरमै सिकाइ सामग्री उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५. गाउँपालिका भित्रका ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच पुऱ्याउनका लागि नक्साङ्कन गरी विद्यालय समायोजन, बहुकक्षा विद्यालय स्थापना र आवश्यकता अनुसार विद्यालय स्थानान्तरण गरिनेछ।

६. आधारभूत शिक्षा पुर्णरूपमा नि;शुल्क र अनिवार्य गर्नको लागि अभिभावक सचेतना र सहयोगका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. गाउँपालिका भित्र बसोबास गर्ने, गरिब, अपाङ्गता भएका व्यक्ति, सामाजिक रूपले पछि परेका र भाषिक र जातीय अल्पसङ्ख्यकहरूका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति, आय आर्जन, सचेतना जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. अभिभावक वा संरक्षक कोहि नभएका अनाथ बालबालिकाहरूको लागि गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गरी उनिहरूलाई खान बस्नको सुविधा सहितको आवासीय शिक्षा प्रदान गर्ने, व्यवस्था गरिनेछ।

९. गाउँपालिका भित्र सबैको पहुँचमा माध्यमिक तहको शिक्षा पुऱ्याउन हाल सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरूमा भौगोलिक विकटता र अपाङ्गताका कारण जान नसक्ने बालबालिकाहरूका लागि आवासीय विद्यालय सञ्चालन गरिनेछ।

१०. माध्यमिक तहको शिक्षा पुर्ण रूपमा नि;शुल्क गर्न विद्यालय र अभिभावकहरूका लागि आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न विभिन्न किसिमका सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११. आधारभूत तह वा माध्यमिक तहको शिक्षा पुरा गरेपछि विभिन्न कारणले औपचारिक शिक्षालाई निरन्तरता दिन नसकेका व्यक्तिहरूका लागि रूचि र क्षमता अनुसारको प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्न गाउँपालिकामा एउटा वहुप्राविधिक विद्यालयको स्थापना गरिनेछ ।

१२. गाउँपालिका भित्र साक्षरताको सर्वेक्षण गर्ने, र सबै प्रौढहरूलाई साक्षर बनाउनका लागि आवश्यक देखिएका वडा र टोलहरूमा साक्षरता कक्षाहरू सञ्चालन गरिनेछ ।

१३. मानिसहरूमा पढ्ने बानीको विकास गर्न र सिकाइलाई जीवन पर्यन्त निरन्तरता दिनका लागि प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने, र त्यसै मार्फत साक्षरता र निरन्तर सिकाइका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४. गाउँपालिकामा रहेको एक मात्र उच्च शिक्षा प्रदान गर्ने, आठबीस क्याम्पसलाई श्रोत साधनयुक्त बनाउने र उच्च शिक्षाका आकांक्षी क्षमतावान व्यक्तिहरूलाई उच्च शिक्षाको पहुँच उपलब्ध गराइनेछ ।

१५. बालविकास केन्द्रमा आउने बालबालिकाका अभिभावकहरूबाट बालविकास केन्द्र व्यवस्थापन समिति बनाउने र समुदाय तथा विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरूको व्यवस्थापनमा अभिभावकहरूलाई जिम्मेवार बनाइनेछ ।

१६. बालविकास केन्द्रमा दिवा खाजा, शुद्ध खानेपानी, खेल्ने सामग्री, खेल्ने ठाउँ आदिको महत्वबारे अभिभावकहरूलाई जानकारी गराउने कार्यक्रम सञ्चालन गर्ने, र सो को उचित प्रबन्धका लागि अभिभावकहरूको सहयोग र सङ्लग्नता बढाइनेछ ।

१७. गाउँ सभाद्वारा पारित शिक्षा ऐन र नियमावली अनुसार गठन भएका विद्यालय व्यवस्थापन समितिहरूलाई विद्यालयको समग्र व्यवस्थापन कार्यमा पुर्ण जिम्मेवार बनाउने र प्रधानाध्यापकहरूलाई लक्ष्य तोकी विद्यालयका सबै पक्षमा सुधारका लागि जिम्मेवार बनाइनेछ ।

१८. विद्यालयहरूमा "गुणस्तरीय शिक्षाका लागि न्यूनतम सक्षमताको अवस्था २०६९ र बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ " मा उल्लेखित प्रावधानहरूको कार्यान्वयन गर्न सहयोग गरिनेछ ।

१९. व्यवस्थापन समितिहरू र प्रधानाध्यापकहरूलाई विद्यालयको आय-व्यय, विद्यार्थीको सिकाइको गुणस्तर, भौतिक अवस्था, विद्यालयका आवश्यकताहरू आदि समग्र पक्षहरूको पारदर्शी विवरण समय समयमा

अभिभावकहरू समक्ष पेश गर्न लगाउने र विद्यालय व्यवस्थापनमा अभिभावकहरूको सहयोगी भूमिका सुनिश्चित गर्ने, गरिनेछ ।

२०. सामुदायिक सिकाइ केन्द्रहरूलाई अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरू सञ्चालनका लागि जिम्मेवार बनाउने र तिनीहरूको व्यवस्थापनमा स्थानीय व्यक्तिहरूलाई सङ्लग्न गराइनेछ ।

२१. प्रत्येक बालविकास केन्द्रमा बालविकास पाठ्यक्रममा निर्धारण गरिएका क्रियाकलापहरू सञ्चालन गरी बालबालिकाहरूको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासलाई सहयोग गरिनेछ ।

२२. बालविकास केन्द्रमा एक वर्षको अध्ययन पछि कक्षा १ मा भर्ना हुन जाने बालबालिकाहरूले सामान्य भाषिक र गणितीय सिप हासिल गरेको सुनिश्चित गरिनेछ ।

२३. विद्यालय शिक्षामा पाठ्यक्रम कार्यान्वयनलाई जोड दिने र पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू हासिल भएको सुनिश्चित गरिनेछ ।

२४. विद्यालयहरूमा अतिरिक्त र सह-क्रियाकलापहरू मार्फत बालबालिकाहरूको विशेष क्षमता र रूचि पहिचान गरी त्यसको विकासका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२५. प्रत्येक विद्यालयमा पुस्तकालय र आवश्यकता अनुसार प्रयोगशाला र संग्रहालय समेतको व्यवस्था गरी विद्यार्थीको सिकाइलाई गुणस्तरीय बनाउन सहयोग गरिनेछ ।

२६. विद्यालयमा विद्यार्थीहरूको सिकाइलाई अर्थपुर्ण, रमाइलो र व्यवहारिक बनाउनका लागि बालबालिकाहरूका अनुभवलाई उपयोग गर्ने, र कक्षाकोठामा सहयोगात्मक र सक्रीय सिकाइलाई जोड दिइनेछ ।

२७. प्रत्येक बालबालिकाको समग्र पक्षको विकासलाई देखाउने गरी विद्यार्थी कार्य संचयिकाको व्यवस्था गर्ने, र समय समयमा अभिभावकहरूलाई त्यसबारे जानकारी गराई आवश्यक राय सुझाव र सल्लाह लिइनेछ।

२८. विद्यार्थीहरूको सिकाइले उनिहरूको दैनिक व्यवहारमा पारेको सकारात्मक प्रभावबारे अवलोकन गरी शिक्षकले समय समयमा अभिभावकहरूलाई जानकारी दिने र लिने काम गरिनेछ ।

२९. गाउँपालिका भित्र प्राबिधिक र व्यवसायिक तालिम तथा शिक्षा प्रदान गर्ने, विद्यालय र संस्थाहरूमा सम्बन्धित विषयको प्रयोगात्मक सिप प्रदान गर्ने, आवश्यक भौतिक सुविधाहरू र दक्ष जनशक्ति भएको सुनिश्चित गर्ने, र त्यस्ता संस्थाबाट उत्पादित जनशक्तिको रोजगारी वा स्वरोजगारीको अवस्थाबारे गाउँपालिकामा सूचना व्यवस्थापन गरिनेछ ।

३०. अनौपचारिक शिक्षाका कक्षाहरूमा सहभागि भएका प्रौढहरूको सिकाइ र त्यसबाट उनिहरूको दैनिक व्यवहारिक जीवनमा परेको प्रभावबारे सबै सामुदायिक अध्ययन केन्द्रहरूले समय समयमा सर्वेक्षण गरी जानकारी व्यवस्थित गरिनेछ ।

३१. अनौपचारिक शिक्षा प्राप्त गरेपछि आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याएका र पढाइ तथा सिकाइलाई निरन्तरता दिएका व्यक्तिहरूको विवरण गाउँपालिकाले प्रकाशन गरी सबैलाई सिकाइ प्रति उत्प्रेरित गरिनेछ ।

३२. उच्च शिक्षामा प्रवेश परीक्षाका आधारमा क्षमतावानहरूलाई मात्र प्रवेश गराउने र यस तहको शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ ।

३३. विद्यार्थी सङ्ख्याको आधारमा न्यूनतम शिक्षक दरबन्दी सिर्जना गरी तत्काल कार्यान्वयनमा ल्याइनेछ ।

३४. प्रधानाध्यापकलाई जिम्मेवार बन्न उत्प्रेरित हुने खालका कार्यक्रमहरू सञ्चालन गर्ने, साथै सुधारका लागि सुचकहरू बनाइ कार्यसम्पाद सम्झौता गरिनेछ ।

३५. बालविकास सहयोगी कार्यकर्ताहरूलाई बालबालिकाको चौतर्फी विकासमा कसरी सहयोग पुऱ्याउने भन्ने विषयमा पुनर्ताजगी तालिम गाउँपालिकाले सञ्चालन गरिनेछ ।

३६. अभिभावकहरूलाई बालविकास र सिकाइबारे जानकारीमूलक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने, र त्यसबारे परम्परागत रूपमा गरिएका अभ्यासहरूका सकारात्मक पक्षहरूबारे छलफल गरिनेछ ।

३७. शिक्षकहरूलाई पाठ्यक्रम निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, पाठ्यक्रम कार्यान्वयन योजना, विद्यार्थी उपलब्धिको मूल्याङ्कन आदि विषयमा तालिम सञ्चालन गरिनेछ ।

३८. गाउँपालिका भित्र उपलब्ध जनशक्ति र समय समयमा बाहिरबाट बोलाईएका विषय विज्ञहरूबाट शिक्षकको कक्षा अवलोकन गर्न लगाई पृष्ठपोषण दिने र शिक्षकले कक्षामा सञ्चालन गर्ने, क्रियाकलापहरूमा सुधार गर्न सहयोग गरिनेछ।

३९. गाउँपालिका भित्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विषयगत समितिहरू बनाई समय समयमा गोष्ठी, छलफल, कार्यशाला आदिको आयोजना गरिनेछ ।

४०. विद्यालय व्यवस्थापन समिति, बालविकास केन्द्र व्यवस्थापन समिति, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति र क्याम्पस व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी, छलफल, कार्यशाला आदि सञ्चालन गरिनेछ ।

४१. विद्यालयका प्रधानाध्यापकहरू र सामुदायिक अध्ययन केन्द्रका परिचालिकाहरूका लागि व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

४२. गाउँपालिकामा प्रचलित परम्परागत सिप, कला, संस्कृति आदिबारे जानकारी राख्ने स्थानीय व्यक्तिहरूलाई समय समयमा विद्यालयमा बोलाई श्रोतव्यक्तिको रूपमा काम गर्न लगाइनेछ ।

## २.७ अपेक्षित उपलब्धि

१. विद्यालय शिक्षालाई बालमैत्री,पहुँचयोग्य र गुणस्तरीय भएको हुने

२. सबैका लागि अनिवार्य तथा नि;शुल्क, गुणस्तरीय र समतामूलक आधारभूत शिक्षाको प्रत्याभूति भएको हुने

३. माध्यमिक शिक्षालाई समतामूलक, पहुँचयोग्य, सान्दर्भिक, प्रविधिमैत्री, गुणस्तरीय र निःशुल्क भएको हुने

४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी र उद्यमशील र सकारात्मक सोच भएका मानव संसाधनको विकास भएको हुने

५. विद्यार्थीहरूको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर विकास भएको हुने

६. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई समयसापेक्ष बनाउदै त्यसको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास गरी सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार भएको हुने

७. गुणस्तरीय शिक्षाका लागि योग्य, क्षमतावान, उत्प्रेरित, समर्पित, प्रतिबद्ध शिक्षकको व्यवस्था गर्नु,गर्नु,का साथै शिक्षकहरूलाई आवश्यकतामा आधारित पेसागत सहयोग तथा विकासका लागि प्रभावकारी संयन्त्र र तालिमको व्यवस्था भएको हुने

८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्दै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी भएको हुने

९. अनौपचारिक तथा निरन्तर शिक्षाका क्षेत्रमा प्रयास लगानी गरी गाउँपालिकालाई पूर्ण साक्षर घोषणा भएको हुने

१०. शिक्षा क्षेत्रको शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याई शिक्षाको गुणस्तर सुधार भएको हुने

११. अपाङ्गता भएका, गरिव तथा विपन्न परिवारका नागरिकहरूका लागि आयआर्जन र सिपमूलक कार्यक्रम सञ्चालन गरी बालबालिकाको लागि विद्यालय तहको शिक्षा सुनिश्चित भएको हुने

१२. सबै विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक कार्यक्रमहरूलाई सूचना प्रविधिमैत्री भएको हुने
१३. विभिन्न समयमा देखापर्ने विभिन्न खालका आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सिकाइलाई निरन्तरता भएको हुने
१४. शिक्षा क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयन तथा प्रभावकारिताका लागि आवश्यक संस्थागत संरचना र क्षमता विकास भएको हुने
१५. सबै विद्यालयहरूको आवश्यकता, माग तथा नतिजा एवम् कार्यसम्पादनस्तरका आधारमा लगानी वृद्धि भएको हुने
१६. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने थप आर्थिक तथा प्राविधिक सहयोगका लागि विभिन्न साझेदार सङ्घ संस्था र निकायहरूसँग आवश्यक समन्वय र सहकार्य भएको हुने
१७. बालबालिकाहरूको गुणस्तरीय शिक्षाका लागि आम अभिभावक तथा सरोकारवाला निकायहरूको सक्रियता र सहभागिता वृद्धी गर्नु,विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणमा नियमितता एवम्म् प्रभावकारितामा वृद्धि भएको हुने

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ६७.४ | ७५.४ | ८५.४ | ९७ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ६२.२ | ६६ | ७० | ७७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक समता सूचक दर* (%) | स्थानीय | ०.८ | ०.९ | १.०० | १.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षाकालागि समाग्री पुगेका बालविकास केन्द्र | स्थानीय | २९ | ३० | ३१ | ३१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८६.४ | ९० | ९५ | ९७ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.०० | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.५ | ९७ | ९८ | ९९ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०७.९ | १०५.५ | १०३.२ | १०१ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९८ | ९९ | १०० | १०० | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.११** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **११९.२** | **११५** | **११०** | **१०५** | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | | |
| २.५ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | **०.९५** | **०.९७** | **०.९९** | **१.००** | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१.०६** | | | **१.०१** | | |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | **९७.१** | **९८.१** | **९९.१** | **१००** | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९३.४** | **९९.०** | | **१००** | | |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११८.४ | ११५.४ | ११०.४ | १०५.४ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११०.४** | | | | | |
| २.८ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८४.७ | ८८.७ | ९३ | ९८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **७९.३** | | | **९५.०** | | |
| २.९ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | **१.२८** | **१.२** | **१.५** | **१.००** | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | | |
| २.१० | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) — नेपाली भाषा | स्थानीय | ६५.६४ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | गणित | स्थानीय | ५६.२८ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | अङ्ग्रेजी | स्थानीय | ५६.१६ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.११ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल — नेपाली भाषा | स्थानीय | ५९.७५ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | गणित | स्थानीय | ५४.९९ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | प्रदेश | | | | | | |

| क.सं | सूचक | | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ६०.२३ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१२ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ४.६ | ४ | ३ | २ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा ६-८) | स्थानीय | ३.७ | ३ | २ | १ | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.१३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ३५.९३ | ४० | ५० | ५० | | शैक्षिक दर्षण-२०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४३३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ६६.१ | ७० | ७५ | ८० | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | **८२.३** | **८५** | **८८** | **९२** | | CEHRD Flash प्रतिवेदन २०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.०४ | १.०३ | १.०१ | १.०० | | शैक्षिक दर्षण-२०८१र सुत्र |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ८६.४२ | ९० | ९२ | ९५ | | शैक्षिक दर्षण-२०८१ र सुत्र |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | १२.४८ | २० | २५ | ३५ | | शैक्षिक दर्षण-२०८१र सुत्र |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | २६.९५ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* | | स्थानीय | ४ | ८ | १२ | १६ | | प्रक्षेपण गरिएका |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | | | स्थानीय | विज्ञान ० | १० | १५ | २० | | कार्यशाला प्रक्षेपण |

| क.सं | सूचक | सूचकको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | प्रा.व्या. | ० | २५ | ३० | ३५ | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६०.८७ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५५.८५ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ६३.६३ | | | | | |
| | | | प्रदेश | | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५८.८८ | | | | | शैक्षिक दर्षण-२०८१ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (सबै उमेर समुहको ) (%) | स्थानीय | | ७९.१ | | | | | रा.ज- २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | ० | २० | ३० | ३५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ० | १० | १५ | २० | | कार्यशालाको प्रक्षेपण |
| | | | छात्र | ० | १५ | २० | २० | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १६.४८ | २० | २५ | ३० | | शैक्षिक दर्षण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १३.३४ | २० | २५ | ३० | | शैक्षिक दर्षण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | | स्थानीय | | २९.८२ | ३२ | ३५ | ४० | | शैक्षिक दर्षण-२०८१र सुत्र |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १८.१२ | २५ | २८ | ३० | | शैक्षिक दर्पण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | २६.३६ | | | | | शैक्षिक दर्पण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ३३४४४ | | | | | शैक्षिक दर्पण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ९७१३० | | | | | शैक्षिक दर्पण-२०८१र सुत्र |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |
| ७.४ | प्रति विद्यार्थी सरकारी खर्त (रू. हजारमा) स्थानीय तह | स्थानीय | १४०७ | | | | | २०८१/२०८२ को बजेट वक्तव्य |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| ७.५ | प्रति विद्यार्थी सरकारी खर्त (रू. हजारमा) सङ्घ, प्रदेश र स्थानीय तह( ECED सहित) | स्थानीय | ३२१५० | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |

# परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र (प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नु,गर्नु,पर्ने उद्देश्य तथा रणनीतिको विस्तृतीकरण गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ ओटा उपशीर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

मानव जीवनको ३ वर्षदेखि ४ वर्ष सम्मको अवधिलाई प्रारम्भिक बालविकासको अवधि मानिन्छ । यसै उमेर समूहका बालबालिकाहरूको शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक तथा नैतिक पक्षमा देखापर्ने सकारात्मक परिवर्तन नै बालविकास हो । प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण पक्षको विकासका लागि दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भनिन्छ । अथवा कक्षा एकमा भर्ना गर्ने, उमेर नपुगेका बालबालिकाहरूका लागि विद्यालय शिक्षाको पूर्वतयारीका लागि दिइने शिक्षालाई प्रारम्भिक बालविकास शिक्षा भनिन्छ । यो शिक्षा औपचारिक शिक्षाको सुरूवाती चरण हो जसले बालबालिकालाई भाबी शिक्षा प्रासिको बलियो जगका रूपमा काम गर्दछ । नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास

शिक्षा कार्क्रमको औपचारिक रूपमा शुरूवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएता पनि वि.सं. २०५६ सालमा साबिकको शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरू गरे पछि सरकारी स्तरबाट बालविकास र शिक्षाको औपचारिक रूपमा सुरूवात भएको हो । हाल नेपालमा समुदायमा आधारित र विद्यालयमा आधारित गरी २ किसिमका बालविकास केन्द्रहरू मार्फत प्रारम्भिक बालशिक्षा दिने प्रचलन रहेको छ । नेपालको संविधान, २०७२ को भाग ३ धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ । साथै शिक्षा ऐन, २०२८ को आठौं संशोधनले बालविकास र प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाकै एक महत्वपूर्ण अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । सबैका लागि शिक्षा र विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) ले पनि प्रारम्भिक बालविकास र शिक्षालाई केन्द्रविन्दुमा राखी विविध कार्यक्रमहरूको व्यवस्था गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को पहिलो संशोधन २०७५ मा प्रारम्भिक बालविकास कक्षाका न्यूनतम मापदण्डहरूको व्यवस्था गरी बालविकास केन्द्रहरूलाई बालमैत्री कक्षाको रूपमा विकास गर्नु,गर्नु,पर्ने प्रावधान राखेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नु,गर्नु,पर्ने प्राबधान उल्लेख गरेको छ । उक्त प्रारूप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । यसरी प्रारम्भिक बालविकास शिक्षा बालबालिकाहरूको चौतर्फी विकासमा सघाउँदै उनिहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने, उद्देश्यले सञ्चालन हुने विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ,पहुँचयोग्य,सहभागितामूलक, बालमैत्री र गुणस्तरीय बनाउनु आवश्यक भएको छ ।

यस खण्डमा प्रारम्भिक बालविकास शिक्षामा सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुको शारीरिक,मानसिक,संवेगात्मक, सामाजिक एवम् नैतिक तथा सिर्जनात्मक पक्षको विकासमा सघाउदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यका साथ हाल यस डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका ६ वटा वडामा ३१ वटा सामुदायिक बालविकास केन्द्रहरु स्थापना र सञ्चालन भएका छन् ।जसमध्ये वडा नं. १ मा ४ वटा, वडा नं. २ मा ७ वटा, वडा नं. ३ मा ७ वटा, वडा नं. ४ मा ४ वटा, वडा नं. ५ मा ४ वटा र वडा नं. ६ मा ५ वटा बालविकास केन्द्रहरु सञ्चालित छन् । सामुदायिक बालविकास केन्द्रहरुमध्ये ३० वटा बालविकास केन्द्रहरु विद्यालयमा आधारित १ वटा बालविकास केन्द्र समुदायमा आधारित भइ सञ्चालन भइरहेका छन् । साथै ३१ वटा सामुदायिक बालविकास केन्द्रहरु मध्ये २७ वटा नेपाल सरकारको अनुदानबाट सञ्चालित हुन भने बाँकी ४ वटा बालविकास केन्द्रहरु डुङ्गेश्वर गाउँपालिकाको अनुदानद्धारा सञ्चालन भएका छन् ।

यसैगरी डुङ्गेश्वर गाउँपालिकाको स्वास्थ्य शाखाको प्रतिवेदन अनुसार यस गाउँपालिकाभित्र ४ वर्ष उमेर समूहका बालबालिकाहरुको संख्या ४५५ रहेको छ । प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहभागी बालबालिकाहरुको संख्या १९४ छात्रा र २१४ छात्र गरी जम्मा ४०८ रहेको छ । यसलाई हेर्दा यस गाउँपालिकाको प्रारम्भिक बालविकास शिक्षाको कुल भर्नादर (GER) ९३.१८ र खुद भर्नादर (NER) ८५.८ रहेको छ भने कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितको भर्नादर ९५.९१ तथा प्रारम्भिक बालविकास र शिक्षामा लैंगिक समता सूचक ०.९९ रहेको छ । यस्तै सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा महिला शिक्षकहरु मात्र बालविकास सहजकर्ताको रुपमा कार्यरत भएको पाइन्छ जुन प्रतिशतमा हेर्दा १००% हुन आउँछ र उनीहरु सबैको शैक्षिक योग्यता SEE वा सो सरह रहेको छ । साथै प्रारम्भिक बालविकास शिक्षकहरुलाई आधारभूत तालिम लिएको भएता पनि आधुनिक सूचना प्रविधि तथा नवप्रर्वतन संग सम्बन्धि कुनै

प्रकारको तालिम तथा पेसागत सहयोग प्राप्त नभएको देखिन्छ । जसले गर्दा गुणस्तरीय र बालमैत्री शिक्षा नारामै मात्र सिमीत हुन पुगेको छ । बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापन ज्यादै कमजोर हुनु, तालिम प्राप्त र सक्षम जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्न नसकिनु,बालमैत्री सिकाइ बातावरणको अभाव हुनु, बालबालिकाहरु नियमित रुपमा बालविकास केन्द्रमा नआउनु,आफ्ना बालबालिकाहरुको शिक्षाको निम्ति अभिभावकसँग कुनै योजना नहुनु,घरायसी समस्या तथा बाध्यताका कारण कतिपय बालबालिकाहरु भोकै बालविकास केन्द्रमा आउनु, सरकार र विद्यालयहरुले समेत बालविकास केन्द्रका बालबालिकाहरुप्रति सेवा र सुविधा उपलब्ध गराउने सवालमा कञ्जुस्याई गर्नु जस्ता तमाम समस्याहरुले गर्दा यस गाउँपालिका अन्तर्गतका सामुदायिक बालविकास केन्द्रहरुले गुणस्तरीय प्रारम्भिक बालशिक्षाको प्रत्याभूति दिन नसकिरहेको तितो यथार्थ स्पष्ट देखिन्छ ।

**चुनौती तथा अवसरहरुः**

अहिलेको बदलिदो कानुनमा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित, सर्वसुलभ, पहुँचयोग्य तथा गुणस्तरीय बनाउनु, स्थापना तथा सञ्चालन भएका बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार विकास गर्नु,गर्नु, ,भूगोल, जनसंङ्ख्या, मानववस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम्म् स्थापना गर्नु,हाल कायम रहेका बालविकास केन्द्रहरूको संस्थागत क्षमता विकासका साथै आवश्यक थप व्यवस्थापन गर्नु,गर्नु, , बालविकास केन्द्रमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास गरी सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु,बालविकास शिक्षामा आम अभिभावकको चासो र सहभागिता वृद्धि गर्नु,गर्नु, जस्ता कुराहरू प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका बर्तमान मुख्य चुनौतीहरू हुन।

यी चुनौतीहरू सँगसंगै नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रारम्भिक वालविकास शिक्षालाई समावेश गर्नु,नेपाल सरकारद्धारा बालविकास कक्षाका विद्यार्थीका लागि दिवा खाजाको प्रबन्ध हुनु,प्रदेश सरकार र स्थानीय तहले पनि प्रारम्भिक बालशिक्षाको सुधारका लागि थप बजेट व्यवस्थापन गर्नु,गर्नु,,सबै बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता प्राप्त बालविकास सहजकर्ताहरूको व्यवस्था हुनु,प्रतिविद्यार्थी लागतका आधारमा शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदान निकासाको व्यवस्था हुनु, बालविकास केन्द्रको स्थापना, नामाकरण ,सञ्चालन, रेखदेख, व्यवस्थापन,नियमन तथा अनुगमन गर्ने, अधिकार स्थानीय तहमा हस्तान्तरण हुनु ,राष्ट्रिय शिक्षा नीति,२०७६ ले बालविकास शिक्षाको गुणस्तर अभिबृद्धिका लागि स्पष्ट नीतिगत व्यवस्था गर्नु,गर्नु, जस्ता तमाम व्यवस्थाहरू पनि प्रारम्भिक बालविकास तथा शिक्षाका विद्यमान अवसरहरू हुन्।

### ३.१.२ उद्देश्यहरू

१. प्रारम्भिक बालविकास र शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,गर्नु,,
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,गर्नु,,

### ३.१.३ रणनीतिहरू

१. प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाहरूको सहभागितामूलक पहुँच पुऱ्याउनका लागि प्रचलित मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्नु,
२. भौगोलिक विकटता, जनसङ्ख्याको चाप तथा समुदायको आवश्यकता र मागका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरू स्थापना गर्ने,।
३. अपाङ्गता भएका, जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने,, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्नका लागि विभिन्न नमूनाहरू (परिवारमा आधारित, सानो समूह वा कार्यक्षेत्रमा आधारित, घुम्ती केन्द्र) विकास गरी कार्यान्वयन गर्नु,
४. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुधारका लागि सरोकारवाला निकायहरू सबैको लागत सहभागिता अभिबृद्धि गर्दै नमूना बालविकास केन्द्र स्थापना गर्नु,

५. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
६. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने,
७. बालकक्षा व्यवस्थापन, कक्षा सजावट प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन तथा सहयोगी कार्यकर्ताको क्षमता विकास तालिम सञ्चालन गर्नु,

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

सबै प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरी सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षामा कुल भर्ना भएका बालबालिकाको संख्या | ४०८ | ३८० | ४२० | ४०० | ४४० |
| २ | अधिकतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रहरुको संख्या | ० | ६ | ६ | ६ | ६ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या | ४०८ | ३८० | ४२० | ४०० | ४४० |
| ४ | पेशागत सिप विकास तालिम प्राप्त गरेका दक्ष सहयोगी कार्यकर्ताको संख्या | १ | ६ | ६ | ६ | ६ |
| ५ | राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित न्यूनतम सिकाइ कार्यघण्टा कार्यान्वयन गर्ने बालविकास केन्द्रको संख्या | १० | ३१ | ३१ | ३१ | ३१ |
| ६ | नमूना बालविकास केन्द्रको संख्या | ० | १ | १ | १ | १ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरुका बारेमा बालविकास सहजकर्ता, प्रधानाध्याक तथा वि.व्य.स. का अध्यक्षहरुलाई प्रबोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | भूगोल तथा जनसंख्या र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने | पटक | १ | | | | १ | २ | |
| ३ | गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाका लागि परिवार, समुदाय,गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | पालिका भित्रका बालविकास केन्द्रमा रहेका तथा केन्द्रमा आउन नसकेका बालबालिकाहरुको अपाङ्गता तथा आर्थिक अवस्था पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | बालविकास केन्द्रका बालबालिकाहरुका लागि उपयुक्त, बालमैत्री, सुरक्षित तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने (कक्षाकोठा, खेलमैदान, शौचालय , खानेपानी) | संख्या | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | बालबालिकाहरुको शारीरिक तथा मानसिक विकास र विद्यालयमा आकर्षण गर्नका लागि स्वस्थ एवम् पोषणयुक्त स्थानीय दिवा खाजाको उचित व्यवस्थापन गर्ने | वार्षिक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | प्रारम्भिक बालविकास केन्द्रहरुमा सिकाइका लागि आवश्यक पर्ने विषयक्षेत्र अनुसारका शैक्षिक सामग्री लगायत न्यूनतम खेल | संख्या | ६ | ६ | ६ | ६ | ७ | ३१ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीहरुको उचित व्यवस्थापन गर्ने | | | | | | | | |
| १० | प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन तथा बृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको विकासका लागि आवश्यक प्रबन्धको व्यवस्था गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| ११ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | प्रारम्भिक कक्षाका सहजकर्ताहरुको पेसागत विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने (TLG बैठक,कक्षा अवलोकन तथा पृष्ठपोषण, अवलोकन भ्रमण,तालिम) | पटक | १ | २ | २ | २ | २ | ९ | १ |
| १३ | प्रारम्भिक बालविकास शिक्षामा परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि गर्ने प्रणालीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि गर्ने | सबै | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | निरन्तर |
| १६ | नमुना बालविकास केन्द्रको स्थापना गर्ने | संख्या | ० | १ | १ | १ | २ | ५ | १ |

### ३.२ आधारभूत शिक्षा

नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको छ । यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने, दायित्व सरकारको हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क शिक्षा पाउने हक हुने छ भनी व्यबस्था गरेको छ । निःशुल्क तथा अनिवार्य शिक्षासम्बन्धी ऐन, २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने, दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हो भनि उल्लेख गरेको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी हटाउन मदत गर्ने, र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पक्षमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै बालबालिकाहरूले आधारभूत पढाइ सिप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि डुङ्गेश्वर गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकास कार्यक्रमहरू समावेश गरेको छ । शिक्षक व्यवस्थापन,दरवन्दी कम भएका विद्यालयहरूमा विद्यार्थी अनुपातमा दरवन्दी मिलान र विद्यार्थी छात्रवृत्ति प्रदान जस्ता कार्यक्रम सञ्चालन गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-७२) तथा शिक्षा ऐन, २०२८ को आठौं संशोधनले विद्यालय शिक्षाको पुनः संरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ । नेपालमा लागू भएका सबैका लागि शिक्षा (EFA) (२००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) जस्ता योजना तथा कार्यक्रमहरूले समेत आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखेको थियो भने हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा नेपालको स्रोहौं योजनाले पनि आधारभूत शिक्षामा आधारभूत तहको पाठ्यक्रमलाई स्थानिय तहको ज्ञान,संस्कृति, रहनसहन, स्वाबलम्बन विकास हुनेगरी परिमार्जन गर्ने,; नैतिक र सुशासन अभियानलाई सहयोग पुग्ने र बाल मनोविज्ञान अनुकूल हुनेगरी पाठ्यक्रमको अद्यावधिकता गर्ने, विद्यार्थिको सङ्ख्या तथा भौगोलिक दूरीलाई दृष्ट्रिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकता अनुसार आवासीय विद्यालयको व्यवस्था गर्ने,, अनौपचाररक शिक्षा तथा आजीवन सिकाइको प्रबन्ध गर्ने,, स्थानीय तह मार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रबन्ध गर्ने,, हिमाली क्षेत्रमा घम्ति शिक्षा कार्यक्रम सञ्चालन गर्ने,, सदाचारी जनशक्ति उत्पादन गर्ने, गुरूकूल, आश्रम, गुम्बा, मदरसाजस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण गर्ने,; अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तिन तहका सरकारबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने, व्यवस्था गरेको देखिन्छ ।

यस खण्डमा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता,समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको आधारभूत तहको शिक्षाको गुणस्तरीय विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

#### ३.२.१ वर्तमान अवस्था

गुणस्तरीय आधारभूत शिक्षाको माध्यमबाट मानवीय जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सीप र दक्षता हासिल गराउनुका साथै माध्यमिक तहको बलियो जग निर्माण गर्ने उद्देश्यका साथ हाल यस डुङ्गेश्वर गाउँपालिका अन्तर्गत २३ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा २५ वटा आधारभूत विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये सामुदायिक तर्फ कक्षा १-३ चलेका ७ वटा, कक्षा १-५ चलेका १२ वटा र कक्षा १-८ चलेका ५ वटा विद्यालयहरु रहेका छन भने संस्थागत तर्फ कक्षा १-५ चलेको विद्यालय १ वटा र कक्षा १-८ चलेको विद्यालय १ वटा रहेको छ । यसैगरी ६ वटा माध्यमिक तहका विद्यालयहरुमा पनि आधारभूत तहका कक्षाहरु सञ्चालित छन् । शैक्षिक सत्र २०८१ को IEMIS बाट प्राप्त तथ्याङ्क अनुसार यस तहमा सामुदायिक विद्यालयमा १२१६ जना छात्र र ११८३ छात्रा गरी जम्मा २३९९ जना विद्यार्थीहरू

अध्ययनरत छन् । यसलाई हेर्दा यस गाउँपालिकाको आधारभूत तह कक्षा १-८ को कुल भर्नादर (GER) १०९.०६ र खुद भर्नादर (NER) ९७.६ रहेको छ भने कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितको भर्नादर ९५.९१ तथा आधारभूत शिक्षामा लैंगिक समता सूचक ०.९९ रहेको पाइन्छ । आधारभूत तह कक्षा १-५ को स्थायी दरबन्दीमा ६४ जना, अस्थायी दरबन्दीमा १ जना , राहत दरबन्दीमा २५ जना र विद्यालयको आन्तरिक स्रोतको दरबन्दीमा ६ जना गरी ९६ जना शिक्षकहरू र आधारभूत तह कक्षा ६-८ को स्थायी दरबन्दीमा ९ जना, अस्थायी दरबन्दीमा १ जना , राहत दरबन्दीमा १३ जना, शिक्षण सिकाइ अनुदानमा ४ जना , गाउँपालिका अनुदानको दरबन्दीमा १२ जना र विद्यालयको आन्तरिक स्रोतको दरबन्दीमा १ जना गरी ४० जना शिक्षकहरू गरी कक्षा १-८ मा जम्मा १३६ जना शिक्षकहरु कार्यरत छन् । जसमध्ये महिला शिक्षक ४६ जना र पुरुष शिक्षक १०९ जना रहेको पाइन्छ जुन लैङ्गीक समता सूचकमा हेर्दा ०.४२ हुन्छ र महिला शिक्षकको प्रतिशत हेर्दा २९.६७ प्रतिशत हुन आउँछ । यस तहको विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षकहरुको संख्यालाई हेर्दा शिक्षक विद्यार्थी अनुपात १९:१ र विद्यालय शिक्षक अनुपात ५:१ देखिन्छ ।

### चुनौती र अवसरहरुः

नेपालको संविधान, २०७२ मा व्यवस्था भएअनुरूप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,समय सन्दर्भ सँगसंगै आवश्यकता अनुसार दक्ष र पेसाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु,विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु,आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु,आधारभूत शिक्षामा शैक्षिक सुशासन,नियमितता र उत्तरदायित्व बृद्धि गर्नु,शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि विद्यालयबीचको विभेद अन्त्य गर्नु,अभिभावक तथा शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु,कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा बृद्धि गर्नु,गर्नु,,सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्नु,विभिन्न किसिमका प्रकोप, सङ्कट तथा महामारीबाट मुक्त बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु,सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,गर्नु,,विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु,गर्नु, जस्ता चुनौतीहरू आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन् ।

यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र नि;शुल्क गरी मौलिक हकको रूपमा स्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, सङ्घीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेसागत सङ्घ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरूको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु,शिक्षालाई सङ्घ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरू सँगसंगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरू रहेका छन् ।

### ३.२.२ उद्देश्य

१. आधारभूत शिक्षा यस उमेर समूहका सबै बालबालिकाहरूको समावेशी पहुँच र सहभागिता सुनिश्चित गर्नु,गर्नु,,
२. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु,गर्नु, ,
३. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

### ३.२.३ रणनीति

१. जनसङ्ख्या ,भूगोल तथा मागका आधारमा आधारभूत विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड तथा स्रोत साधनको व्यवस्था गर्ने,,

३. कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरि कार्यान्वयनमा गर्ने,,

४. विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्ने, अभियानलाई सबै सरोकारवालाहरू, राजनीतिक दल, स्थानीय बुद्धिजिवी, सरकारी तथा गैरसरकारी निकायहरूको साझेदारीमा निरन्तरता दिई सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी पालिकामा रहेका विद्यालयहरूलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितताको लागि स्थानीय तह घोषणा गर्न आर्थिक तथा प्राविधिक सहयोगका लागि सङ्घ तथा प्रदेश सरकार सँग समन्वय गरी व्यवस्थापन गर्ने,,

५. आधारभूत तह (कक्षा १–५ सम्म) सञ्चालन भएका सबै विद्यालयहरूमा दिवा खाजा कार्यक्रमलाई बालबालिकाको स्वास्थ्यलाई ध्यान दिइ स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाद्यबस्तुलाई प्राथमिकता दिँदै पत्रु खानालाई विस्थापित गरी बालबालिको स्वास्थ्य तथा पोषण क्षति न्यूनीकरण गर्ने,,

६. कक्षा छाड्ने समस्या समाधानका लागि र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहमा अध्ययन गर्ने, लक्षित समूहका बालबालिकाहरूलाई विभिन्न किसिमका छात्रवृत्ति सरल र सहज नीति उपलव्ध गराउने, स्वास्थ्य परीक्षण र उपचारजस्ता सेवाहरू उपलब्ध गरानका साथै वालमनोबिज्ञानमा आधारित सिकाइ सहजीकरण गर्ने,,

७. पालिकामा शिक्षा योजना कार्यन्यिन गारि सबै विद्यालयहरूमा विद्यालय सुधार योजना अद्यावधिक गर्न लगाइ स्थानीय स्रोतसाधन परिचालन गरी प्रभावकारी कार्यान्वियन गर्ने,,

८. पछाडि पारिएका, अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख वर्ग तथा जनजाति लगायतका वालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउन थप सेवा सुविधाको व्यवस्थापन गर्ने, तथा विद्यालय बाहिर रहेका,र औपचारिक शिक्षाको मूल प्रवाहमा आउन नसकेका सवै बालबालिकाहरूका लागि बैकल्पिक सिकाइ केन्द्र स्थापना गर्ने,,

९. सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार, समावेशी तथा बालमैत्री पूर्वाधार र शिक्षक तथा शैक्षिक स्रोत सुनिश्चित गर्न गर्ने,,

१०. विद्यालयका प्रधानाध्यापक,शिक्षकहरूसँग कार्य सम्पादन करार सम्झौता गरी विद्यालय र बालबालिकाको सिकाइप्रति जिम्मेवार र जवाफदेही बनाउन आवश्यक संयन्त्र निर्माण गर्ने,,

११. आधारभूत तहको शिक्षा प्रदान गर्ने, शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने, तथा बहुप्रकारका विपद्प्रति संवेदनशील, अपाङ्गमैत्री र बालमैत्री बनाउने कार्यमा कार्यान्यिन गर्ने, ,

१२. विषय बिज्ञहरूसँग समन्वय गरी आधारभूत तह सञ्चालन भएका विद्यालयको अनुगन तथा सुपरिवेक्षण गर्ने, कार्यलाई प्राथमिकता दिई कार्यान्वन गर्ने, ,

१३. विद्यालय शिक्षाको समग्र विपत् जोखिम व्यवस्थापन विविध आयामहरूमा तीन तहकै सरकारबाट जारी गरएिको नीति,मार्गदशन कार्यढाँचा लगायतका विषयवस्तुहरूलाई स्थानीय परिवेस अनुसार स्थानीयकरण गर्दै समग्र विद्यालय शिक्षा पद्धतिलाई विपत् जोखिम व्यवस्थापन उत्थानशील बनाउने,यसकालागि बहुक्षेत्रगत प्रयासहरूलाई समन्वयात्मक ढङ्गले अगाडि बढाउने ।

### ३.२.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सहित निःशुल्क तथा अनिवार्य शिक्षामा पहुँच र सहभागितामा वृद्धि भइ गुणस्तर अभिवृद्धि भएको हुने छ ।

२. आधारभूत शिक्षाको ज्ञान हासिल भई सिकाई सीपहरुलाई विद्यार्थिहरुले आफ्नो दैनिक जिवन सँग आत्मसाथ गरी व्यवहार कुशल सीपहरुको प्रयोग तथा विकास भएको हुने छ।

**प्रमुख नतिजा**

| क्र. स. | सुचक | आधार वर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत उमेर समूहका बालबालिकाहरूको शिक्षामा पहुँच (%) | ९७.६ | ९८ | ९८.४ | ९९ | ९९.६ | १०० |
| २ | बालमैत्री र समावेशी वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने विद्यालय संख्या | ० | ५ | ६ | ६ | ७ | ७ |
| ३ | पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएका विद्यालय संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ४ | आधारभूत शिक्षाको कुल भर्नादर | १०९.६ | १०७ | १०५ | १०३ | १०१ | १०० |
| ५ | शिक्षकको पेसागत क्षमता विकास तालिम प्राप्त शिक्षक प्रतिशत | ८३.५७ | ८७ | ९० | ९३ | ९७ | १०० |

### ३.२.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | भुगोल,जनसंख्या र आवश्यकता एवं मागका आधारमा आधारभूत तहका विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | ० | १ | ० | ० | १ | २ | निरन्तर |
| २ | विद्यालयमा शिक्षा ऐन र नियमावलीले तोकेको मापदण्ड अनुसार शिक्षकको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ३ | विद्यालय सेवा क्षेत्रभित्रका सबै आधारभूत उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ४ | आधारभूत विद्यालयहरुको न्यूनतम भौतिक पुर्वाधार विकास गर्ने | संख्या | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ५ | प्रारम्भिक कक्षामा पठन तथा गणितीय सीप विकासलाई अभिवृद्धि गर्न पालिकास्तरीय पढाइ, गणितीय सीप परीक्षण तथा अन्य अतिरिक्त | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप सञ्चालन गर्ने ( CBEGRA) | | | | | | | |
| ६ | शिक्षकहरुको क्षमता विकास तथा पेशागत सहयोगका लागि तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | शिक्षकको पेसागत सहयोगका लागि शिक्षक विकास तथा सहायता प्रणालीको पुर्नसंरचना र व्यवस्थापन गर्ने (TLG, विज्ञ समूह गठन तथा परिचालन) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| १० | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको उचित प्रबन्ध गर्ने | संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ११ | अपाङ्गता भएका विद्यार्थीहरुका लागि आवश्यकताको आधारमा सहयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | सबै सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय पाठ्यपुस्तकको व्यवस्था गर्ने | संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| १३ | सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइका लागि सन्दर्भ सामग्रीको व्यवस्था सहित बुक कर्नरको व्यवस्था गर्ने | संख्या | १० | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| १४ | आर्थिक विपन्नता भएका जेहेन्दार विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | सिकाइका लागि शैक्षिक सामग्री निर्माण, प्रयोग र व्यवस्थापन तथा विद्यालय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको प्रबन्ध गर्ने | संख्या | ० | ५ | १० | १० | ४ | २९ | निरन्तर |
| १७ | विद्यार्थीहरुको नतिजालाई विश्वसनीय र बैद्य बनाउन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने | | | | | | | | |
| १८ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयका सत्यतथ्य तथ्याङ्कहरुलाई अद्यावधिक गरी सोको यथोचित प्रयोग गर्नमा जोड दिने | संख्या | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| १९ | विद्यालयका वि.व्य.स. र शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरुको आयोजना र सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन, २०२८ को आठौं संशोधन तथा विद्यालय शिक्षा क्षेत्र सुधार योजना (२०६६-७२) अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई  माध्यमिक शिक्षा भनेर परिभाषित गरएिको छ । नेपालको संविधान अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरीएतापनि अनुसूचि ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ ।त्यस्तै नेपालको संविधानको भाग ३ धारा ३१ को शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई माध्यमिक तहको शिक्षा निःशूल्क पाउने हक हुनेछ भनि व्यवस्था गरेको छ । नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य नं. चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ । आर्थिक सर्वेक्षण २०८०/०८१ अनुसार देशभर कूल ३५८७६ विद्यालयहरूमध्ये कक्षा १—१० सञ्चालन भएका विद्यालयहरू ६६७२ र कक्षा १—१२ सञ्चालन भएका ४८२० छन् । माध्यमिक तह कक्षा ९-१० को प्रति विद्यालय विद्यार्थी सङ्ख्या १०९.७ र शिक्षक विद्यार्थी अनुपात ६१.६ रहेको छ । त्यस्तै माध्यमिक तह कक्षा ११-१२ को प्रति विद्यालय विद्यार्थी सङ्ख्या १३९.८ र शिक्षक विद्यार्थी अनुपात २६८.५ रहेको छ ।

### ३.३.१ वर्तमान अवस्था

यस डुङ्गेश्वर गाउँपालिकामा कक्षा १-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू १ र कक्षा १-१२ सञ्चालन भएका विद्यालयहरू ५ वटा रहेको छ । पालिका भरि माध्यमिक तहको कक्षा ९-१० मा स्थायी १६, राहत ५, शिक्षाण सिकाइ अनुदान २ र पालिका अनुदान ४  गरी जम्मा २७ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन् । कक्षा ११-१२ मा अस्थायी दरवन्दी ४ , राहत अनुदान दरवन्दी ४  र गाउँपालिका अनुदानमा १ गरी जम्मा ९ जना कार्यरत छन् । यसैगरी यस पालिकामा शैक्षिक सत्र २०८१ मा कक्षा ९-१० मा छात्रा ३०२ र छात्र २६० गरी जम्मा ५६२ जना विद्यार्थी भर्ना भएका छन् । त्यस्तै कक्षा ११-१२ मा छात्रा १०५ र छात्र ७८ गरी जम्मा १८३ जना विद्यार्थी भर्ना भएका छन् । माध्यमिक तह कक्षा ९-१० को कुल भर्ना दर ७७.५ रहेको छ भने खुद भर्ना दर ७८.६ रहेको छ । सोही गरि कक्षा ११-१२ मा कुल भर्ना दर ७७.५ र खुद भर्ना दर ५४.१ रहेको छ । कक्षा ९-१० को विद्यार्थी उत्तीर्ण दर ८७.६, कक्षा दोहोर्याउने दर ५.९ र विद्यालय छोड्ने दर ४.३ रहेको छ । यस पालिकामा माध्यमिक तहमा विद्यालय विद्यार्थी

अनुपात कक्षा ९-१० को ९३ र ११-१२ को ३७ रहेको छ । शिक्षक विद्यार्थी अनुपात कक्षा ९—१० मा १८ र कक्षा ११—१२ मा ६९ रहेको छ ।(स्रोत पालिका शैक्षिक दर्पण २०८१ र इमिस)

**चुनौती तथा अवसर**

माध्यमिक तह निःशूल्क हुने व्यवस्था, सबै वर्ग र क्षेत्रका बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्नु,भौतिक पूर्वाधार सहित आकर्षक सिकाइ वातावरण विकास गर्नु,आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान तथा पुनवितरण, शैक्षिक सुशासन, नियमितता र उत्तरदायित्व वृद्धि, विद्यालयमा राजनीतिक हस्तक्षेप अन्त्य, विद्यालय सुपरिवेक्षण, शैक्षिक गुणस्तर र सान्दर्भिकता, प्राविधिक तथा व्यावसायिक शिक्षामा विस्तार, सिकाइलाई व्यवहारीक , बालमैत्री एवम्म् प्रविधिमा आधारित बनाउनु, अभिभावक तथा शैक्षिकक सरोकारवालाहरूको क्षमता अभिवृद्धि, विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगाएतका परिस्थिति प्रति उत्थानशील बनाउनु, शारिरीक अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा सहभागि गराउनु, कमजोर लगानी, तीनवटा तहका सरकारहरूबीचको समन्वय र सहकार्य तथा शिक्षासम्बन्धी अधिकारको साझा बुझाईमा अस्पष्टता आदि माध्यमिक शिक्षाका मुख्य चुनौतिका विषयहरू हुन् ।

यसैगरी माध्यमिक शिक्षामा चुनौतीमात्र नभएर तमाम अवसरहरू पनि देखिएका छन् । माध्यमिक तहसम्मको शिक्षालई संविधानमै निशूल्क गरी मौलिक हकको रूपमा स्थापित गरिनु, संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमकि शिक्षालाई राखिनु, संविधानमै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई उच्च शिक्षासम्म निशूल्क हुने व्यवस्था गर्नु,सङ्घीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरू प्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेसागत सङ्घ संस्था राजनीतिक दल, नागरिक समाज अदि बाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरहनु, विद्यार्थीहरूको समता, पहुँचमा बृद्धिका लागि राज्यका तीन वटै सरकारले छात्रवृत्ती तथा प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्न सक्नु, शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचिमा राखिनु, विपन्न, अनाथ र अपाङ्गता भएका विद्यार्थीहरूलका लागि शैक्षिक सहायता समाग्रीहरू प्रदान गरिनु आदि अवसरका रूपमा लिन सकिन्छ ।

## ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,गर्नु,,
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,गर्नु, ,
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण समतामूलक, समावेशी तथा सुरक्षित बनाउनु ।

## ३.३.३ रणनीति

१. नि:शुल्क माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित तथा अभिबृद्धि गर्न भूगोल,जनसङ्ख्या तथा विद्यार्थी र समुदायको आवश्यकताका आधारमा विद्यालयहरूको नक्शाङ्कन,पुनर्वितरण, समायोजन तथा स्थापना गर्नु,
२. सबै माध्यमिक विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्रीको व्यवस्था, आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थीहरूका लागि विभिन्न छात्रवृत्तिको व्यस्था गर्नु,
३. माध्यमिक शिक्षामा सबैको पहुँच अभिबृद्धि गरी माध्यमिक तहको खुद भर्नादर र टिकाउदर बढाउनका लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नु, साथै विद्यालय बाहिर रहेका बालबालिकाको लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,
४. सबै माध्यमिक तह सञ्चालित विद्यालयहरूमा आवश्यकता अनुसार दक्ष, क्षमतावान, पेसाप्रति सम्मान गर्ने, , कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गर्नु,
५. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चितगर्नका लागि शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने, खालका परिणाममुखी कार्यक्रमहरू सञ्चालन गर्नु,
६. शिक्षकहरूको पेसागत सहयोग तथा क्षमता विकासका लागि क्षमता विकास तालिम एवम्म् शिक्षक पेसागत विकास तथा सहयोगको प्रणालीको स्थापना र परिचालन गर्नु,

७. सबै माध्यमिक विद्यालयहरूमा  सूचना तथा सञ्चार प्रविधि विस्तार गरी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउने ।
८. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना गरी सञ्चालन गर्नु,
९. सबै विद्यालयहरूलाई समयमा देखा पर्ने  प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउनका लागि आवश्यक कार्यक्रम गर्नु,

### ३.३.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनुका साथै सान्दर्भिकता र गुणस्तरमा सुधार भई सक्षम जनशक्ति उत्पादन हुने
२. विद्यालयहरू अपाङ्गमैत्री, बालमैत्री, समावेशी तथा जोखिमरहित भई सबै बालबालिकाले समतामूलक रूपमा सिक्ने वातावरण निर्माण हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९-१० भर्ना संख्या | ५६२ | ५९० | ६२० | ६४१ | ६७० |
| २ | माध्यमिक तह कक्षा ११-१२ भर्ना संख्या | ५४३ | ५४३ | ५४३ | ५४३ | ५४३ |
| ३ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन र स्थापना | ० | १ | १ | १ | १ |
| ५ | अपाङ्गमैत्री भौतिक संरचनाको निर्माण भएका विद्यालय | ० | १ | १ | १ | १ |
| ६ | विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या | ० | १८७ | १८७ | १८७ | १८७ |
| ७ | छात्रवासको व्यवस्था भएको विद्यालय | ० |  | १ |  |  |
| ९ | विद्यालय बाहिर रहेका बालबालिकाको लागि बैकल्पिक सिकाइ क्रियाकलाप सञ्चालन | ० | १ | १ | १ | १ |
| १० | कम्प्युटर ल्याव, इ-लाइवेरी, लाइवेरीको स्थापना तथा प्रयोग | ६ | ६ | ६ | ६ | ६ |
| ११ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | ४ | २ | ६ | ६ | ६ |
| १३ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | ६ | ६ | ६ | ६ | ६ |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कनको सुधार तथा प्रयोग गर्ने विद्यालय | ० | ६ | ६ | ६ | ६ |

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भुगोल, जनसंख्या तथा आवश्यकताका आधारमा | पटक | | १ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | | | | | | | १ | |
| २ | संबैधानिक व्यवस्थानुसारको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यक पर्ने कानून, कार्यविधि र निर्देशिका तयार गर्ने | पटक | १ | १ | | | | | |
| ३ | विद्यालयको न्युनतम भौतिक पूर्वाधारहरु विकास तथा कक्षाकोठा व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | सबै माध्यमिक विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीले तोकेको मापदण्डअनुसार विषयगत शिक्षकको व्यवस्था गर्ने | संख्या | १ | २ | ० | ० | ० | ३ | निरन्तर |
| ५ | माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने खालका कार्यक्रमहरु आयोजना गर्ने (भर्ना, समता, अवसर, सहभागिता, छात्रवृत्ति) | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | नियमित रुपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सिकाइमा समस्या परेका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | शिक्षकहरुको क्षमता विकास गर्न तथा समय सान्दर्भिक बनाउन समयानुकुलका क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | माध्यमिक शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | शिक्षक सिकाइ समूहको बैठक तथा विज्ञ समूहको परिचालन मार्फत शिक्षकको पेशागत सहयोगका लागि शिक्षक सहायता प्रणालीको स्थापना र परिचालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालयमा बालविबाह न्युनीकरण, पोषण, महिनावारी स्वच्छता, सरसफाई तथा सुरक्षित स्वास्थ्य सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | अपाङ्गता भएका र आर्थिक रुपले विपन्न विद्यार्थीहरुका लागि सिकाइमा सहयोग गर्न अक्षयकोषको स्थापना र सञ्चालन गर्ने | संख्या | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| १४ | आर्थिक रुपले विपन्न बालबालिकाकलाई निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था गर्ने | प्रतिशत | ५ | १० | १० | १० | १० | ४५ | ५ |
| १५ | सबै कक्षाहरुमा कक्षाकोठामा आधारित मूल्याङ्कन पद्दतिको अवलम्बन गरी सिकाइको गुणस्तर सुधारमा सहयोग गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| १७ | विद्यालय शिक्षाप्रति अभिभावकको चासो र अपनत्व वृद्धि गर्न अभिभावक शिक्षा तथा अभिभावक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १८ | विषेश आवश्यकता भएका लक्षित बालबालिकाहरूका लागि विद्यालयमै आवाशीय प्रबन्धको व्यवस्था मिलाउने | पटक | ० | १ | १ | १ | १ | ४ | १ |

## ३.४ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

प्राविधिक तथा व्यावसायिक शिक्षा सिप विकास र आयआर्जनसँग जोडिएको हुन्छ । अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसँग जोडने काम गर्दछ । यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ । व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सिपयूक्त जनशक्तिको रूपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए.इन्जिनियर लगायतका सिपयूक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो

समयमा साधारण शिक्षा सँगसंगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ । हाल कृषि, भेटनरी, सब-ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकासका कार्यक्रमहरूमा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नु,गर्नु,पर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सिप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकाका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरू स्थापना गर्ने, भनी उक्त नीतिमा उल्लेख गरिएको छ । यसै सन्दर्भमा १५ औं आयोजनाले युवाका लागि स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक सिप विकासको अवसर र पहुँच सुनिश्चित गर्न प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने, लक्ष्य लिएको छ ।

औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरूवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सिप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरू भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने, र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यावसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९—१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११—१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने, विद्यार्थीहरूको दर न्यून रहेको छ ।

यसै सन्दर्भमा यस डुङ्गेश्वर गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा यूवा जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेसा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री सीता जनसहयोग मा.वि. डुङ्गेश्वर- ४, अवलपराजुल दैलेखमा कृषि प्राविधिक (वाली विज्ञान) ३ वर्षे डिप्लोमा कार्यक्रम केहि वर्षदेखि विद्यार्थी अभावका कारण बन्द रहेको अवस्था छ ।हाल यस पालिकाभित्रका कुनैपनि सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुन सकेको छैन । त्यसैले विद्यालयको भौतिक पूर्वाधारयुक्त माध्यमिक तह (कक्षा ९-१२) सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गरी समुदायको मागमा आधारित सिप विकासका अवसर प्रदान गर्नु,गर्नु,का साथै पालिका भित्र उपयुक्त, पहुँचयोग्य बातावरण भएका विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम विस्तार गर्नु,गर्नु,पर्ने आवश्यक्ता खड्किएको छ । यस गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गर्ने, विपन्न, अनाथ र अपाङ्गता भएका विद्यार्थीहरूका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्ने, व्यवस्था गरेको छ ।

**चुनौती तथा अवसरहरुः**

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुदै पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्न नसकिनु,उत्पादित जनशक्ति र श्रम बजारको मागबीचको तालमेल मिलाउनु ,कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु,छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि

गर्नु,प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यवहारिक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु,प्राविधिक  तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु,प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु,गर्नु,,आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्नु,प्राबिधिक र व्यावसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु,गर्नु,,स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने, प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु,गर्नु, जस्ता कुराहरू यस क्षेत्रका प्रमुख चुनौतिहरू हुन।

यसैगरी विविध चुनौतीहरू सँगसंगै प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा गाउँपालिकाले लगानी गर्नु,प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरूको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि यस गाउँपालिकाले वार्षिक रूपमा छात्रवृत्तिको व्यवस्था गर्नु,प्राविधिक तथा व्यावसायिक शिक्षा सङ्घीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु,सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमूलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सिप र प्रविधिलाई व्यावसायिक सिप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु,सरकारले पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु,गर्नु, आदिलाई  यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालनको अवसर तथा वातावरण तयार गर्नु,गर्नु,
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारीका अवसरहरू उपलब्ध गराउनु

### ३.४.३ रणनीति

१. समयसापेक्ष रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तारका लागि आवश्यक पहल गर्ने,,
२. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको मागमा आधारित प्राविधिक तथा व्यावसायिक सिप विकासमा सहभागितामूलक पहुँच सुनिश्चित गर्ने,
३. स्वरोजगारका अवसरहरूको विस्तार तथा सुनिश्चितता गर्ने,,
४. प्राविधिक शिक्षा अध्ययन गर्ने, आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने,,
५. हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने,
६. प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरूलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बीचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने,
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने,
८. विद्यार्थीहरूलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गर्ने,
९. प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यावसायिक कार्यको सुरूवात गर्न ऋण तथा अनुदानको  व्यवस्था गर्ने,
१०. प्राविधिक तथा व्यावसायिक सिप सम्बन्धी छोटो अवधिको तालिम र सिप विकासको लागि समन्वय र  सहकार्य गर्ने,

११. प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्नु,

### ३.४.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

गाउँपालिकामा कम्तिमा एक प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गरि उत्पादन भएका जनशक्तिबाट आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तरमा सुधार भएको हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ /८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /८६ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | ० | १ | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ० | ३५ | | | |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी संख्या | ० | ३५ | | | |
| ४ | प्रशिक्षण केन्द्रहरुको संख्या | ० | | | | १ |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क संकलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा गर्ने | पटक | ० | ० | १ | ० | ० | ० | |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | पटक | ० | ० | ० | ० | १ | १ | |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | संख्या | ० | ० | १ | ० | ० | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ५ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | संख्या | ० | ० | १ | १ | १ | ३ | |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | स्थानीय परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | १ |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.३ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

शिक्षा देश विकासको मेरूदण्ड हो । यो मानव जीवनलाई सरल र सहज बनाउने आधार भएकाले पनि सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चित हुनु अपरिहार्य छ । शिक्षा पाउनु मानिसको मौलिक हक भएकाले औपचारिक शिक्षाबाट मात्र सबैलाई समय सुहाउँदो सार्वजनिक शिक्षाको सर्वसुलभ पहुँच नहुने हुदा औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकाबाट समयसापेक्ष ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवनपर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक एवम्म् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, , साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम्म् आजीवन शिक्षाले काम गर्दछ । अनौपचारिक शिक्षाका माध्यमबाट साक्षर बनाउनु आजको आवश्यकता र राज्यको दायित्व हो ।

"सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइमा अवसर" दिगो विकासको मूलमर्म रहेकाले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु पर्नेछ । औपचारिक शिक्षाको सँरचना बाहिर रहेका युवा ,महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता ,आयआर्जन ,समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ । सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति गरी यिनिहरूकै अगुवाइमा कार्यक्रमहरू सञ्चालन हुनेछन । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन

गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य नं.४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु,गर्नु, पर्दछ ।

यस खण्डमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी पहिचान गरिएका चुनौतीहरूको सामना गर्ने, किसिमका अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरूको उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

## ३.५.१ वर्तमान अवस्था

दैलेख जिल्ला नेपालकै ३४ औं जिल्लाका रूपमा वि.स. २०७३ फागुन २८ मा साक्षर जिल्ला घोषणा भइसकेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ३३९९ परिवार सङ्ख्या अन्तर्गत १४५३३ जनसङ्ख्या रहेको छ । दैलेख जिल्ला साक्षर जिल्लाको रूपमा घोषणा भएसंगै यस पालिका पनि साक्षर जिल्लाको एक पालिकाको रूपमा चिनिन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको १५ वर्ष भन्दा माथिको साक्षरता दर ७९.१ रहेकाले अझैं पनि यस पालिकामा २०.९ प्रतिशत निरक्षर व्यक्तिहरू रहेको देखिन्छ। यस गाउँपालिका भित्र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू तथा यसअन्तर्गत २१ वटा आयआर्जन समूहहरू सञ्चालनमा रहेका छन । यस पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरूले साक्षरता शिक्षा, अभिभावक शिक्षा, जनचेतनामूलक कार्यक्रमहरू तथा साना स्वरोजगार उन्मूख कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन ।

**चुनौती र अवसरहरुः**

दैलेख जिल्ला नेपालकै ३४ औं साक्षर जिल्लाको रूपमा घोषणा भएतापनि गाउँघरमा अझैं निरक्षरहरूको सँख्या उल्लेख्य रहनु, नवसाक्षरहरूलाई निरन्तर शिक्षाका माध्यमबाट आयआर्जन र आत्मनिर्भर बनाउनु, सिकाइ केन्द्रहरूको भौतिक,आर्थिक र मानवीय पूर्वाधार बलियो बनाउनु, सिकाइ केन्द्रहरूलाई अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा प्रभावकारी अगुवाइ गर्न सक्ने बनाउनु, औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका बीचमा सह-सम्बन्ध कायम गर्नु,गर्नु, , युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता र पढने बानीको विकास गर्नु,अनौपचारिक शिक्षा झाराटार्ने प्रवृत्तिबाट मुक्त गर्नु,गर्नु, ,अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजले पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु, औपचारिक शिक्षाबाट वञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्नु,पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता, स्रोत परिचालनमा प्रभावकारिता वृद्धि गर्नु,अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त शिक्षामा समुदायको आकर्षण वृद्धि गर्नु,गर्नु, जस्ता अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी चुनौतीहरू रहेका छन् ।

यसैगरी शिक्षा विकासको क्षेत्रमा नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा शिक्षासम्बन्धी विभिन्न प्रतिबद्धताहरूमा हस्ताक्षर गर्नु,नेपालको सविद्यान २०७२ मा सबैलाई अनिवार्य तथा नि;शुल्क शिक्षा दिने संवैधानिक व्यवस्था हुनु, समृद्ध नेपाल सुखी नेपाली लगायत समृद्ध कर्णाली सुखी कर्णालीबासी बनाउने सङ्घीय,प्रदेश र स्थानीय सरकारको दिर्घकालीन सोच राख्नु,विभिन्न सञ्चार माध्यमहरूबाट साक्षरता अभियान सञ्चालन हुनु, सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा अनुदानको व्यवस्था हुनु, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन हुनु, नेपालमै पढ्न चाहनेका लागि खुला विश्वविद्यालयको स्थापना हुनु, शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनु, शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु जस्ता अवस्थाहरू अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसरका रूपमा देखापरेका छन् ।

## ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी र समतामूलक अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको निरन्तर अवसरहरू सुनिश्चित गर्नु
२. समतामूलक, प्रविधिमैत्री अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु,गर्नु,

३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ मार्फत गाउँपालिकालाई पूर्ण साक्षर पालिका घोषणा गर्नु,गर्नु,

### ३.५.३ रणनीति

१. गाउँपालिका भित्र सञ्चालित सामूदायिक सिकाइ केन्द्रहरूको आवश्यकताका आधारमा पुनर्संरचना तथा पूनर्वितरण गर्ने,
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरी सिकारूका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोड्युलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने,
३. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने, बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने नवसाक्षरहरूलाई मागमा आधारित समुदायस्तरमा निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने,
४. साक्षरता ,अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा,व्यवसाय तथा सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने,
५. औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सिपको परीक्षण र प्रमाणीकरण गर्ने, व्यवस्था मिलाउने
६. परम्परागत शिक्षाको मूल प्रबाहिकरण एवम्म् वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गर्ने,
७. साविकका समूहहरूमा महिलाहरूको क्षमता विकास, आयआर्जन ,उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,
८. यस क्षेत्रका महिलाहरूलाई समूह सञ्जालीकरणमा आवद्ध गर्दै महिला विकास ,सिप विकास ,द्यमशीलता र समुदाय सचेतीकरण जस्ता कार्यहरूको सिकाइ केन्द्रहरू मार्फत अगुवाई गर्ने,
९. सामुदायिक सिकाइ केन्द्रहरूलाई सर्वसाधारण नागरिकहरूको पहुँचमा पुग्नेगरी व्यवस्थित गर्ने,
१०. सामुदायिक सिकाइ केन्द्रहरूमा कार्यरत सामाजिक परिचालिकाहरूको क्षमता विकास गर्ने,
११. मागमा आधारित तालिमका कोर्षहरू तयारी तथा कार्यान्वयन गर्ने, औपचारिक शिक्षा र अनौपचारिक शिक्षा कार्यक्रमहरूलाई परिपूरकको रूपमा सञ्चालन गर्ने,
१२. सामुदायिक सिकाइ केन्द्रको अगुवाइमा अभिभावक शिक्षा, किशोरी शिक्षा , बालविवाह न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने,
१३. विद्यार्थी परिचालन मार्फत पहिचान भएका निरक्षरहरूलाई (Each one Teach one) पद्धतिका माध्यमले साक्षर तुल्याउने कार्य गर्ने,

### ३.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | १५ वर्ष भन्दा माथिको जम्मा साक्षरता प्रतिशत (भाषिक तथा गणितीय साक्षरता सिप) | ७९.१ | ८२ | ८५ | ८८ | ९० |
| २ | १५ वर्ष भन्दा माथिका महिलाको साक्षरता प्रतिशत (भाषिक तथा गणितीय साक्षरता सिप) | ७१.९ | ७५ | ७८ | ८५ | ९५ |
| ३ | १५ वर्षभन्दा माथिको पुरूषको साक्षरता प्रतिशत (भाषिक तथा गणितीय साक्षरता सिप) | ८७.२ | ९० | ९२ | ९४ | ९५ |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ५ | ५ | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक पुस्तकालयहरूको सङ्ख्या | ० | ३ | ३ | ३ | ३ |
| ६ | उद्यमशिलता तथा सिप विकास सम्बन्धी तालिम सङ्ख्या (समूह) | ० | १० | १० | १० | १० |
| ७ | अनौपचारिक शिक्षाबाट लाभान्वित नागरिकहरूको सङ्ख्या | ० | १५ | २० | २५ | ३० |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकताका आधारमा पुनर्संरचना तथा पुनर्वितरण गर्ने, | पटक | १ | | १ | | | | १ | |
| २ | सबै सामुदायिक केन्द्रहरूको सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको विकास तथा सुदृढीकरण गर्ने, | सङ्ख्या | ३ | | १ | | १ | १ | ३ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामाजिक परिचालिकाहरू को क्षमता विकास गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | गाउँपालिका अन्तर्गतका निरक्षरहरूको तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कगत विवरण तयार पार्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | निरक्षर व्यक्तिहरूका लागि साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | साक्षरता र साक्षरोत्तर शिक्षाका लागि सामुदायिक सिकाइ केन्द्रहरूलाई परिचालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | सिकाइ केन्द्रहरूमा पुस्तकालयको व्यवस्था गरी समुदायका व्यक्तिहरूको पहुँचमा पुऱ्याउने | सङ्ख्या | ३ | १ | | १ | | १ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न समूह गठन गरी तिनीहरूलाई आयआर्जनमूलक कार्यक्रमहरूमा सहभागी गराउने | समूह | १५ | २ | २ | २ | २ | २ | १० | ५ |
| ९ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य गर्दै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १० | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास विकास गरी त्यसको प्रभावकारी प्रयोगमा सहयोग पुऱ्याउने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत साक्षरता शिक्षा एवम् जनचेतनामूलक कार्यक्रहरू सञ्चालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १२ | उमेर र सिकारूको आवश्यकता अनुसार सिकाइ सामग्रीको विकास तथा प्रयोग गरी त्यसबाट प्राप्त सिकाइको प्रमाणीकरण गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १३ | अनौपचारिक शिक्षा, खुला सिकाइ र निरन्तर सिकाइका लागि संस्थागत प्रबन्धको व्यवस्था गर्ने, | सङ्ख्या | १ | ० | ० | ० | ० | १ | १ | |
| १४ | गाउँपालिकालाई पूर्णसाक्षर पालिका घोषणा गर्ने, | पटक | १ | ० | ० | ० | ० | ० | १ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेसागत विकास; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्त्वपूर्ण हुन्छन् । यी अन्तरसम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टताका लागि यस यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी उपशीर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम सिकाइको योजना हो । अर्थात शिक्षण सिकाइको उपलब्धि, विषयबस्तु, सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया सहितको वृहत दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । कुनै पनि देशको विद्यालयहरूको शिक्षा कस्तो छ र त्यहाँका बालबालिकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्छ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले निर्धारण गर्दछ । यति मात्र नभई पाठ्यक्रमले उक्त मार्गमा सिकारूलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने, भन्ने कुराको समेत व्याख्या गर्दछ । पाठ्यक्रमले निर्देश गरेको मार्गमा सिकारू हिड्न सके, नसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित मार्गमा हिडेको भएमा सिकारूलाई पाठ्यक्रमले तोकेको मार्गमा हिड्न प्रेरित गर्ने, काम मूल्याङ्कनले गर्दछ । पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरू परिपूर्ति गर्ने, मुख्य साधनहरू पाठ्यपुस्तक शिक्षक निर्देशिका र सन्दर्भसामग्रीहरूलाई पाठ्यसामग्री भनिन्छ । पाठ्यसामग्रीको अभावमा पाठयक्रमका निर्दिष्ट उपलब्धिहरू विद्यार्थीहरूमा हाँसिल गराउन असम्भव हुन जान्छ ।पाठ्यक्रमको कार्यान्वयनमा पाठ्यसामग्रीहरूले सघाउने भएकाले शिक्षण सिकाइमा पाठ्यसामग्रीहरू अपरिहार्य हुन आउँछन। पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा, ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व पिरवेश अनुकूल समायोजन हुन, रोजगरी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिने भएकोले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकीकरण सहित आत्मसात् गर्न, विभेद रहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन, सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नु,गर्नु,पर्छ । यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने, आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाका रूचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व कानुनमा विकास भएका ज्ञान सिप, तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाको रूपमा लिन आवश्यक छ । नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षँ मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता संगै विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अद्यावधिक गर्ने, कार्य केन्द्रद्धारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने, परिपाटी सुरू भयो । यसै क्रममा वि.स.२०७६ नयाँ पाठ्यक्रम तयार भइ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ कार्यान्वयन गर्ने, क्रममा विद्यालय तहमा नँया पाठ्यक्रम विकास गरी वि.स. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू भइ वि.स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूपको पाठ्यक्रममा कतिपय नयाँ विषयक्षेत्र तथा विषयवस्तु समावेश गरी अनुपयोगी विषयवस्तुहरूलाई परिमार्जन तथा प्रतिस्थापन गरिएको छ । यस प्रारूप अनुरूपका पाठ्यक्रममा विद्यालय

तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयबस्तुमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ ।

यस खण्डमा डुङ्गेश्वर गाउँपालिकाको विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको कार्यान्वयन तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी बर्तमान अवस्थाको समीक्षा गर्ने, प्रयास गरिएको छ । साथै सो सम्बन्धमा गरिएको समीक्षाका आधारमा चुनौती र अबसरहरूको पहिचान गरिएको छ । पहिचान गरिएका चुनौती र अबसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कनलाई बढी सान्दर्भिक बनाउन, यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन सम्बन्धी उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा र मुख्य कार्यक्रम तथा लक्ष्यहरू उल्लेख गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था

यस डुङ्गेश्वर गाउँपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा शैक्षिक सत्रको सुरूवातमै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ , अनुसारका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू उपलब्ध भई कार्यान्वयन हुदै आएको छ । साथै प्रारूप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय समयमा विद्यालयका शिक्षकहरूका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ । यसैगरी विद्यायमा सन्दर्भसामग्री तथा प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गर्न हरेक वर्ष विद्यार्थी सङ्ख्याको आधारमा अनुदान रकम पनि उपलब्ध गराउदै आएको छ । हाल यस पालिकाका ६ वटा माध्यमिक विद्यालय तथा २ वटा आधारभूत विद्यालयहरूमा पुस्तकालय र २ वटा आधारभूत विद्यालयमा डिजिटल पुस्तकालय समेत स्थापना र सञ्चालन भएका छन । सबै सामुदायिक विद्यालयहरूमा कक्षा १-३ को पठन तथा गणितीय सिकाइ विकासका सामग्रीहरू गाउँपालिकाले छपाइ गरी वितरण समेत गरेको छ।

यस डुङ्गेश्वर गाउँपालिकाको आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम हाम्रो डुङ्गेश्वर पहिचान (कक्षा १-८) निर्माण गरी २९ वटै सामुदायिक विद्यालयहरूमा कार्यान्वयन भएको छ ।उक्त स्थानीय पाठ्यक्रममा स्थानीय तहको भौगोलिक, राजनितिक, सामाजिक, आर्थिक, ऐतिहासिक,धार्मिक, सांस्कृतिक तथा प्राकृतिक अवस्था, आर्थिक क्रियाकलाप, पेसा,व्यवसाय र प्रविधि, स्वास्थ्य,सरसफाइ,खेलकुद,योग, स्थानीय जडिबुटी, विपद् व्यवस्थापन, सामाजिक परम्परा र मानवीय मूल्य मान्यता, सामाजिक सङ्घसंस्था र व्यक्तित्व जस्ता विषयहरूलाई समावेश गरिएको छ । २०७९ मा कक्षा १-३ मा, २०८० मा कक्षा ४ र ५ तथा २०८१ देखि कक्षा ६-८ को पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेको भएतापनि पाठ्यपुस्तकको निर्माण नहुँदा शिक्षण सिकाइ क्रियाकलापमा असहजता सिर्जना भएको छ । सोही विषयलाई मध्यनजर गरी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक निर्माण गर्ने, तयारी थालेको छ । यसैगरी यस पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेबमोजिम कक्षाकोठामा आधारित आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कनको प्रयोग हुँदै आएको छ । जसका लागि गाउँपालिकाले समय समयमा शिक्षकहरूको क्षमता विकास तालिम समेत सञ्चालन गर्दै आएको छ ।

**चुनौती तथा अवसरहरुः**

नेपाल सरकारले समयको परिवर्तन सँगसंगै नयाँ किसिमका युग सुहाउँदो पाठ्यक्रमहरू विकास गरेतापनि सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखिकरण गर्नु,पेसाप्रति प्रतिबद्ध र दक्ष विषयगत शिक्षकको व्यवस्था गर्नु,विद्यालयमा आधारित शिक्षकको पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु,गाउँपालिकास्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु,अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु,शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजीटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चतता गर्नु,मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरणमा सूचना प्रविधिको प्रयोग गर्नु,अनलाईन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सिप, प्रविधि र पहुँच बिस्तार गर्नु,पाठ्यक्रम विकास,

परिमार्जन र कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह र विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु,गर्नु, जस्ता तमाम चुनौतीहरू विद्यमान छन् ।

माथिका तमाम विद्यमान चुनौती सँगसंगै कक्षा १-१२ सम्म सबै विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु, बुक कर्नर तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु, नियमित रूपमा पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिनु, आधारभूत तथा माध्यमिक विद्यालयहरूमा पुस्तकालय स्थापना हुनु, पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा विद्यार्थीले कण्ठ गर्ने, किसिमको संज्ञानात्मक पक्ष भन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको सुरूवात हुनु, मूल्याङ्कन प्रणाली क्रमशः विद्यालय र शिक्षकमा आधारित हुँदै जानु ,स्थानीय ज्ञान सिप र प्रविधिलाई क्रमशः पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन हुनु, पाठ्यपुस्तकको छपाई, गुणस्तर र डिजाइनमा सुधार हुँदै जानु,पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमशः प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, विद्यालयहरूमा पाठ्यपुस्तकमा आधारित नभई शिक्षण सिकाइ क्रियाकलापहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको प्रकाशनमा वृद्धि हुँदै जानु, वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री इ-कपिहरू पढ्ने मिल्ने गरी उपलब्ध हुँदै जानु, स्थानीय स्तरका आवश्यकता तथा सम्भावनाहरूलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम निर्माण हुनु जस्ता अवसरहरू पनि रहेका छन्।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वकानुन अनुसार सिकारूमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,गर्नु,,

२. स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,गर्नु,,

३. विद्यार्थी सिकाइमा सुधारका लागि निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,गर्नु,

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको सफल कार्यान्वयन गर्ने,,

२. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने,

३. वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको प्रभावकारी सुधार, शिक्षकको पेसागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइको अवसरमा अभिवृद्धि गर्ने, र विद्यालयहरूलाई यसको लागि सक्षम बनाउँदै लग्ने

४. सबै विद्यालयहरूमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने गर्ने, साथै अनलाईन सिकाइ पोर्टल मार्फत यी सामग्रीहरूलाई सर्वसुलभ गराउने

५. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउँदै लग्ने ।

६. प्रत्येक सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षण सिकाइको प्रयोग गर्ने, वातावरणको सुनिश्चित गर्ने,

७. सिकारूको सिकाइ उपलब्धीप्रति शिक्षकलाई जिम्वेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने वातावरण सिर्जना गर्ने,

८. स्थानीय पाठ्यक्रमका आधारमा स्थानीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास गर्ने,

९. स्थानीय पाठ्यसामग्री विकासको प्रक्रियालाई बढी सहभागितामूलक बनाई कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गर्नु, विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका बारेमा सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रभावकारी ढङ्गले प्रबोधीकरण गर्ने,

१०. स्थानीय स्तरको पाठ्यक्रमको परिमार्जन एवम्‌ पाठ्यपुस्तको विकास र प्रकाशन तथा कार्यान्वयनका लागि स्थानीयस्तरमा उपयुक्त अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिबृद्धि गर्ने,
११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गर्ने,
१२. सिकारूले सिकेको प्रमाणित भैसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणाली विकास गरी विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित बनाउने

### ४.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. पाठ्यक्रम आधारित शिक्षण सिकाइद्वारा विद्यार्थीहरूको ज्ञान,सिप र व्यवहारमा परिवर्तन भएको हुने
२. निरन्तर र स्तरीकृत विद्यार्थी मूल्याङ्कन पद्धतिमार्फत विद्यार्थीहरूको सिकाइस्तरमा सुधार भएको हुने
३. स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालयको सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| २ | कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ |
| ३ | मातृभाषा वा स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने, विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने, विद्यालय सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| | विशिष्टिकरण तालिका अनुसार स्तरीकृत प्रश्न प्रयोग गर्ने, विद्यालय सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ५ | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने, विद्यालय सङ्ख्या | ६ | ३१ | ३१ | ३१ | ३१ |
| ६ | आवधिक परीक्षामा स्तरीकृत प्रश्नको प्रयोग गर्ने, विद्यालय सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| ७ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | १० | ३० | ४५ | ५५ | ७५ |
| ८ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी अभ्यास प्रयोग गर्ने, विद्यालय सङ्ख्या | ६ | २५ | ३१ | ३१ | ३१ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाणात्मक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धिहरूको प्रासिका लागि आवश्यकतामा आधारित | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने, | | | | | | | | |
| २ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने, | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने, | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ४ | विद्यालयमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने, व्यवस्था मिलाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ५ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युगसुहाउँदो बनाउनका लागि शिक्षामा डिजिटल सामग्री एवम्म् सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | आधारभूत विद्यालयहरूमा क्रमस पुस्तकालयको स्थापना गर्ने, | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरूका लागि समयमै गुणस्तरीय निः शुल्क पाठ्यपुस्तक वितरण गर्ने, | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| ८ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने, | सबै वि | २९ | २९ | २९ | २९ | २९ | २९ | |
| ९ | तहगत रूपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी | सङ्ख्या | १ | | १ | | १ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | त्यसको सफल कार्यान्वयन गर्ने, | | | | | | | | | |
| १० | शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने, | आ.अ. | √ | √ | √ | √ | √ | √ | |
| ११ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वयनको अवस्था बुझ्न एवम् कार्यान्वयनमा देखिएका समस्याहरूको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने, | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १२ | पाठ्यक्रमको प्रभावकारिता तथा विद्यार्थीको सिकाइस्तर जाँच गर्नका लागि आवश्यकता अनुसार विभिन्न आवधिक परीक्षा सञ्चालन गर्ने, | आ अ | √ | √ | √ | √ | √ | √ | |
| १३ | पाठ्यक्रम परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने, | आ अ | √ | √ | √ | √ | √ | √ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू हासिल गराउनका निमित्त विद्यार्थीहरूलाई सिकाइ सहजीकरणमा सहयोग पुऱ्याउने महत्वपूर्ण व्यक्तित्वलाई शिक्षक भनिन्छ । शिक्षकले पाठ्यक्रम र विद्यार्थीलाई जोडने सेतुको रूपमा काम गरिरहेका हुन्छन । कुनैपनि देशको शैक्षिक गुणस्तरलाई कस्तो बनाउने भन्ने कुरा शिक्षकमा निर्भर रहन्छ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापन र विकासको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकको क्रियाशीलतामा शिक्षण सिकाइले गति लिने गर्दछ । शिक्षकको विषयवस्तु सम्बन्धी ज्ञान,सिप, दक्षता, पेसाप्रतिको समर्पण र आकर्षक व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पारेको हुन्छ । नेपालको सन्दर्भमा शिक्षामा विनियोजन भएको बजेटको करिब ७० प्रतिशत बजेट शिक्षकको तलब भत्तामा खर्च हुनुले पनि गुणस्तरीय शिक्षाका लागि शिक्षकको महत्वलाई प्रमाणित गर्दछ । शिक्षा ऐन तथा नियमावलीले प्राथमिक तहमा विद्यार्थी सँख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रूपमा शिक्षक दरबन्दीको व्यवस्थापन हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै विद्यामान मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात तराइ र उपत्यकामा १:५०, पहाडमा १:४५ र हिमालमा १: ४० कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

वर्तमान कानुनमा शिक्षक बन्नका लागि तयार पार्ने कार्य विद्यालय तथा विश्वविद्यालयहरूले गरिरहेका छन भने शिक्षक बन्नका लागि चाहिने अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन र अनुमति पत्र प्रदान गर्ने,, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने,, नियुक्तिका लागि सिफारिस गर्ने,, बढुवा गर्ने, जस्ता कार्यहरू शिक्षक सेवा आयोगले गर्दै आएको छ । त्यस्तै आयोगबाट सिफारिस भएका शिक्षकहरूलाई नियुक्ति गर्ने, कार्य शिक्षा विकास तथा समन्वय एकाइ र पदस्थापन गर्ने,

कार्य स्थानीय तहले गर्दै आएका छन् । यसैगरी अस्थायी करार र निजी स्रोतका शिक्षकहरूको नियुक्ति गर्ने,, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने, जस्ता कार्य पनि स्थानीय तहहरूले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने,, कानुन बनाउने कार्य शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, तालिमका प्याकेज बनाउने, प्रशिक्षक तयार पार्ने जस्ता कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र क्षमता विकास सम्बन्धी कार्यक्रमहरू प्रदेशमा स्थापना भएका तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यस खण्डमा डुङ्गेश्वर गाउँपालिकाको शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि दक्ष,पेसाप्रति प्रतिबद्ध र गुणस्तरीय शिक्षक व्यवस्थापन गरी ती शिक्षकहरूको पेसागत विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

यस डुङ्गेश्वर गाउँपालिकामा हाल सबै किसिमका शिक्षकहरूको जम्मा सङ्ख्यालाई हेर्दा प्रारम्भिक बालविकास केन्द्रमा ३१ जना सहयोगी कार्यकर्ताहरूको दरबन्दी रहेको छ भने प्राथमिक तहमा ६२ जना स्थायी, ३ जना अस्थायी, २४ जना राहत र ६ जना निजी स्रोत गरी जम्मा ९५ जना, निम्नमाध्यमिक तहमा ९ जना स्थायी, १ जना अस्थायी, १३ जना राहत, ४ जना शिक्षण अनुदान, १२ जना गाउँपालिका अनुदान र निजी १ जना गरी जम्मा ४० जना, माध्यमिक तह (९-१०) मा स्थायी १५ जना, १ जना अस्थायी, ५ जना राहत, ६ जना शिक्षण अनुदान र ४ जना गाउँपालिका अनुदान गरी जम्मा ३१ जना र माध्यमिक तह (११-१२) मा अस्थायी ४ जना, अनुदान कोटा ४ जना र १ जना गाउँपालिका अनुदान गरी कूल १७४ जनाको दरबन्दी रहेको छ। यसैगरी विषयगत दरबन्दीको हिसाबले निम्नमाध्यमिक तहमा नेपाली विषयका शिक्षक ६ जना, अङ्ग्रेजी विषयका शिक्षक १० जना, गणित विषयका शिक्षक ९ जना, विज्ञान विषयका शिक्षक ११ जना र सामाजिक विषयका शिक्षक ४ जना, छन् भने माध्यमिक तह (कक्षा ९-१०) मा नेपाली विषयका शिक्षक ५ जना, अङ्ग्रेजी विषयका शिक्षक ६ जना, गणित विषयका शिक्षक ६ जना, विज्ञान विषयका शिक्षक ४ जना र सामाजिक विषयका शिक्षक ५ जना, छन् । यसैगरी माध्यमिक तह (कक्षा ११ र १२) मा नेपाली विषयका शिक्षक ३ जना, अङ्ग्रेजी विषयका शिक्षक ३ जना, गणित विषयका शिक्षक १ जना र सामाजिक विषयका शिक्षक १ जना कार्यरत रहेका छन् । यस पालिकाको शिक्षक विद्यार्थी अनुपात बालविकास केन्द्रमा १०:१, प्राथमिक तहमा १४:१, निम्नमाध्यमिक तहमा २३: १ र माध्यमिक तह (९-१०) मा १८:१, माध्यमिक तह (११-१२) मा ६९:१ र माध्यमिक तह (९-१२) मा २९:१ रहेको छ । जम्मा शिक्षक विद्यार्थी अनुपात १९:१ रहेको छ । जुन प्रदेशस्तरमा २८.० राष्ट्रिय रूपमा २४ रहेको छ । यस तथ्याङ्कलाई निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षकहरूको कमी रहेको देखिन्छ । यस पालिकाले माध्यमिक तहका ४ निम्नमाध्यमिक तहका १२ जना र बालविकास केन्द्रमा ४ जना गरी जम्मा २० जना पालिका अनुदान शिक्षकहरूको व्यवस्था गरी शिक्षकको अभावलाई सम्बोधन गर्ने, प्रयास गरेको छ ।

पालिकाले शिक्षक तयारी र नियुक्ति तथा शिक्षण पेसाप्रति आकर्षण, शिक्षकको व्यवस्थापन र विकास गर्नका लागि शिक्षक नियुक्ति सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्माण, पालिका अनुदानका शिक्षकहरूलाई नेपाल सरकारले तोकेबमोजिमको न्यूनतम तलव स्केल, चाडपर्व खर्च र पोशाक भत्ताको व्यवस्था, शिक्षकको दरबन्दी मिलान तथा सरूवा सम्बन्धी कार्यविधि निर्माण जस्ता कार्यहरू गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरूको निरन्तर पेसागत विकास र क्षमता विकासका लागि छोटा अवधिका तालिमहरू सञ्चालन हुदै आएका छन् । यसैगरी पालिका स्तरीय विज्ञ समूह गठन गरी शिक्षकका शिक्षण सिकाइसँग सम्बन्धित समस्या समाधानका लागि आवश्यक सहयोग गर्ने,, मासिक प्रधानाध्यापक बैठकमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरू आदाप्रदान गर्ने, तथा पालिकास्तरीय शिक्षा समूहमा शिक्षकका पेसागत विकास सम्बन्धी छलफल तथा अनुभवहरू आदाप्रदान गर्ने, कार्य हुदै आएको छ । साथै शिक्षकहरूको पेसागत विकासका लागि विद्यालयमा प्रधानाध्यापकद्धारा कक्षा अवलोकन , नमूना पाठ प्रदर्शन तथा आवश्यक सहयोग हुदै आएको छ । यस गाउँपालिकाले प्रधानाध्यापक बैठक मार्फत पनि शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक छलफल गर्ने,, बेलाबेला पाठ्यक्रम अभिमूखीकरण तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने, जस्ता विषयहरूमा छोटा

तालिमहरू पनि प्रदान गर्दै आएको छ । यसैगरी कर्णाली प्रदेश सरकार मानव संसाधन विकास केन्द्रले सञ्चालन गर्ने, शिक्षक पेसागत विकास तालिममा पनि यस पालिकाले शिक्षककहरूलाई पठाउने गरेको छ । यती हुदाँ दुँदै पनि हालको सन्दर्भमा शिक्षक कर्मचारीहरूलाई पाठ्यक्रम प्रवोधीकरण ,सूचना प्रविधि, लेखा व्यवस्थापन ,सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका शिक्षकको क्षमता तथा पेसागत विकास सम्बन्धी विषयहरूमा थप क्षमता विकास तालिमको आवश्यकता महसुस गरिएको छ।

**चुनौती र अवसरहरुः**

शिक्षकलाई शिक्षण सिकाइको महत्वपूर्ण खम्बाको रूपमा मानिएतापनि हाम्रा विद्यालयमा शिक्षक दरबन्दीको अभाब रहको हुँदा आवश्यकता तथा विषय अनुसार शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,गर्नु,,शिक्षण पेसालाई सबैको रोजाइको पेसा बनाउनु,शिक्षककहरूको कक्षा प्रवेश पूर्वको योजना तयारीमा सुधार गर्नु,गर्नु,,शिक्षकको पेसागत सहयोग, विकास र स्तरोन्नति गर्नु,विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नु,तालिमका विषयवस्तुहरूलाई कक्षाकोठासम्म पुऱ्याउने वातावरण तयार पार्नु, सेवा सुविधाका कारण शिक्षककहरूमा रूची र उत्प्रेरणा बृद्धि गर्नु,उपलब्ध दरबन्दीलाई विद्यार्थी सँख्याका आधारमा पुनर्वितरण गर्नु,गर्नु, जस्ता चुनौतिहरू विद्यमान रहेका छन् ।

यहाँ शिक्षक व्यवस्थापन र पेसागत विकाससँग सम्बन्धित चुनौतिहरू मात्र छैनन यसमा थुप्रै अवसरहरू पनि छन् । शिक्षक सेवा आयोगले वर्षेनी स्थायी शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्नु,नियमित बढुवाका कार्यक्रमहरू प्रभावकारी रूपमा अगाडि बढाउनु,शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि पारित हुनु, शिक्षकको पेसागत विकास प्रारूप अनुसार पेसागत विकासका कार्यहरू कार्यान्वयनमा आउनु, सबै तहका सरकारहरूले शिक्षक व्यवस्थापनमा लगानी गर्नु,शिक्षकका पेसागत सङ्घ संस्थाहरूले सक्रिय रूपमा कार्य गर्नु,गर्नु, आदिलाई शिक्षक व्यवस्थापन र विकासका अवसरहरू मान्न सकिन्छ ।

## ४.१.२ उद्देश्य

१. तहगत, कक्षागत तथा विषयगत रूपमा प्रतिबद्ध र अभिप्रेरित शिक्षकको व्यवस्था गर्नु,गर्नु,
२. विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,गर्नु,,
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,गर्नु,

## ४.२.३ रणनीति

१. सङ्घीय सरकारले पहिचान गरेका आवश्यक दरबन्दीका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने,
३. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने,
४. विद्यालयमा नियुक्ति गरिने निजी स्रोतका शिक्षक कर्मचारीहरूको सेवा,सर्त र पारिश्रमिकमा मापदण्ड तोकी एकरूपता कायम गर्ने,
५. शिक्षक दरबन्दीको अभावलाई तत्काल परिपूर्ति गर्न पालिका अनुदानका शिक्षकहरू नियुक्ति र परिचालनमा वृद्धि गर्ने,
६. शिक्षकको उत्प्रेरणा र मनोबललाई उच्च राख्न कार्यसम्पादन र नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने, कार्यको थालनी गर्ने,
७. शिक्षकको निरन्तर पेसागत विकासका लागि मागमा आधारित शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिमको व्यवस्था गर्ने,
८. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने

९. सकारात्मक सोच विकासका लागि प्रत्येक वर्षमा एकपटक पेसागत सिप विकास र उनोन्नयनमा लगाउने गरी अवलोकन भ्रमण कार्यक्रमको थालनी गर्ने,
१०. विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
११. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
१२. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने,

### ४.२.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. तहगत, कक्षागत तथा विषयगत रूपमा पेसाप्राति प्रतिवद्ध शिक्षकको व्यवस्थापन भएको हुने
२. शिक्षक तालिम र सक्षमता प्रारूपको कार्यान्वयनबाट सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको प्राप्त भएको हुने

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रमा कार्यरत तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | ० | ३१ | ३१ | ३१ | ३१ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तहमा सेवाकालिन तालिम प्राप्त शिक्षक प्रतिशत | १० | ३० | ५० | ७० | १०० |
| ४ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | १० | ३० | ५० | ७० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालयको सङ्ख्या | ६ | ३१ | ३१ | ३१ | ३१ |
| ६ | मापदण्ड अनुसार शिक्षक दरबन्दि व्यवस्थापन भएको विद्यालय सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ |
| | प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात | | | | | |
| ७ | आधारभूत तहमा  तहमा शिक्षक विद्यार्थी अनुपात | १;३३ | १;३७ | १;४० | १;४२ | १;४५ |
| ८ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात | १;१८.१२ | १;२५ | १;३५ | १;४० | १;४५ |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यार्थी सङ्ख्या, आवश्यकता र विषयको | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारमा शिक्षक नियुक्ति, सरूवा तथा पूर्नवितरण गर्ने, | | | | | | | | | |
| २ | विद्यालयमा भएको शिक्षकको अपर्याप्ततालाई पूरा गर्न पालिका अनुदानका दरबन्दीको सिर्जना तथा पदपूर्ति गर्ने, | सङ्ख्या | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| ३ | करार तथा विद्यालय स्रोतबाट नियुक्ति हुने शिक्षकहरूको व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार गर्ने, | सङ्ख्या | १ | | १ | | | | | |
| ४ | शिक्षण पेसाप्रति दक्ष, क्षमतावान तथा व्यक्तिहरूको आकर्षणका लागि प्रोत्साहन मूलक कार्यक्रमहरूको व्यवस्था गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधारकालागि मापदण्ड तथा नीति निर्देशिका निर्माण गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिबृद्धि कार्यक्रम गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | विद्यालयमा नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न तथा विद्यार्थीको नतिजालाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोडन उपयुक्त मापदण्डको विकास गर्ने, | पटक | | | १ | | | | १ | |
| ८ | सिकाइस्तर कमजोर भएका विद्यार्थीहरूका लागि विशेष | कक्षा | १०० | १८ | १८ | १८ | १८ | १८ | ९० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोगी कक्षाहरू सञ्चालन गर्ने, | | | | | | | | | |
| ९ | शिक्षकको क्षमता विकास तथा शिक्षण प्रति उत्पेरणा जगाउनका लागि आवश्यक तालिमको प्रबन्ध गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षण सिकाइमा देखापरेका समस्या समाधान तथा शिक्षकको पेसागत विकास र सहयोगका लागि विज्ञ समूह परिचालन गर्ने, | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ११ | शिक्षकका पेसागत समस्या समाधान तथा अनुभव आदानप्रदान गर्नका लागि महिनामा १ पटक शिक्षक सिकाइ समूहको बैठक सञ्चालन गर्ने, | पटक | ६० | ० | ९ | ९ | ९ | ९ | ४५ | १५ |
| १२ | स्थानीय स्तरका विज्ञहरू परिचालन गरी शिक्षण तथा सिकाइ सामग्री विकास तथा त्यसको प्रयोग गर्ने, कार्यको थालनी गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकहरूलाई पुरस्कृत तथा सम्मान गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयमा बृद्धि गर्नका लागि अनिवार्य रूपमा योजना वा निर्देशिका निर्माण तथा कार्यान्वयन गर्ने, | पटक | १ | ० | १ | | | | १ | |
| १५ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि अनुगमन नियमन तथा पृष्ठपोषण पद्दतिलाई मजबुत बनाउने | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

सबै बालबालिकाहरू सिक्न सक्छन् र सबै बालबालिकाको सिकाइको आफ्नै क्षमता हुन्छ । उनिहरूको क्षमता पहिचान गरी सिकाइको वातावरण निर्माण गर्नु,गर्नु, नै शैक्षिक समता हो । विद्यालयमा आउने बालबालिकाहरूको समुदाय, भाषा, सस्कृति तथा रहनसहन अलग अलग हुन्छ । शैक्षिक क्रियाकलापमा बालबालिकालाई समुदाय, भाषा, सस्कृति, लिङ्ग आदिका आधारमा भेदभाव रहित तवरमा उनीहरूको क्षमता, रूची, चाहना अनुसार सिक्ने अवसर सिर्जना गर्नु,गर्नु, पर्दछ । समावेशीकरण सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने, अधिकारलाई सुनिश्चित गर्ने, प्रक्रिया हो । समावेशी शिक्षाले बालबालिकाहरूमा भएको विभिन्नतालाई सम्मान गर्दै उनीहरूको सिक्न पाउने संबैधानिक अधिकारको प्रत्याभूति दिने कुरामा जोड दिन्छ । समाजमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका, अनाथ, बालश्रमिक धेरैजसो बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित भइरहेको हालको सन्दर्भमा शिक्षामा समावेशीकरण एकदमै नयाँ अवधारणा हो । नेपालको संविधान,२०७२ को धारा ३१, ३८, ३९, ४०, ४१, ५१ (ज) ले नागरिकको शिक्षा प्राप्त गर्ने, हकलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासंगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । साथै यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ । यसैगरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र,१९४८ को धारा २९ ले समेत शिक्षा पाउने अधिकारलाई स्वीकार्य भनी उल्लेख गरेको छ भने नेपाल यस घोषणापत्रको पक्षमा उभिँदै आएको छ ।

यसैगरी नेपालले सबैका लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउदै अपाङ्गता भएका बालबालिकाहरूलाई शैक्षिक मूलप्रबाहमा समावेश गरी शिक्षाको अधिकार सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ । नेपालमा समावेशी शिक्षाको अभ्यासको इतिहास खासै लामो देखिँदैन । समावेशी शिक्षा भन्दा पनि विशेष शिक्षाको अवधारणाले नेपालामा लेबोरेटरी हाइस्कुल, २०२१, केन्द्रीय बहिरा विद्यालय नक्शाल, २०२३, खगेन्द्र नवजीवन स्कुल जोरपाटी, २०२६ तथा निर्मल बालविकास केन्द्र, २०३७ खुलेका थिए ।

यस खण्डमा अपाङ्गता भएका तथा आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडि परेका वर्गको शिक्षामा पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको समाबेशी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

यस पालिकाम भित्र रहेका विद्यालयहरूमा छात्र १७६८ र छात्रा १७८४ गरी जम्मा ३५५२ विद्यार्थीहरू अध्ययनरत छन् । त्यस ५७२ छात्र र ५२५ छात्रा गरी जम्मा १०९७ दलित, ३२७ छात्र र ३१८ छात्रा गरी जम्मा ६४५ जनजाती, ५८० छात्र र ९२७ छात्रा गरी जम्मा १७७७ ब्राह्मण क्षेत्री तथा १९ छात्र र १४ छात्रा गरी जम्मा ३३ जना अन्य रहेका छन् । सबै विद्यार्थीहरूको मातृभाषा नेपाली रहेको छ । विद्यालयमा उपस्थित विद्यार्थीहरूमा छात्र र छात्राको सङ्ख्यात्मक उपस्थिति बराबर नजिक रहेको पाइन्छ । अपाङ्गता बालबालिकामा क वर्गमा १ जना छात्र, ख वर्गमा ९ छात्र र २ छात्रा गरी ११ जना, ग वर्गमा ५ छात्र र १ छात्रा गरी जम्मा ६ जना रहेका छन् । साथै सबै अपाङ्गता भएका बालबालिकाहरू विद्यालय शिक्षामा सहभागि भएको पाइन्छ । अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा टिकाउन र सिकाउन कानुन संवद प्राप्त गर्ने, सेवा सुविधाका साथै यस पालिकाले आवश्यक शैक्षिक सामाग्री सहायता प्रदान गर्दै आइरहेको छ । यस पालिकामा रहेका ५ देखि २५ वर्ष सम्माका बालबालिका मध्ये २.१ प्रतिशत बालबालिका विद्यालयमा अनुपस्थित रहेको देखिन्छ । (जनगणना २०७८) पालिकाभित्र जोखिममारहेका बालबालिकाको सङ्ख्या १७ जना रहेक छन् । उनिहरू नियमित विद्यालय उपस्थिति नहुने, सिकाइ क्रियाकलापमा सक्रिय सहभागिताको कमि रहेको पाईन्छ । जोखिममा रहेका बालबालिकाको शिक्षा प्राप्त गर्ने, अधिकार सुनिश्चितता र शिक्षामा समावेशीकरण गर्नका लागि पालिकाले विभिन्न सहायता तथा

छात्रवृत्तीहरू वितरण गर्दै आइरहेको छ । पालिकाले नेपाल सरकाले तोकेको मापदण्ड अनुसार सबै विद्यार्थीहरूलाई निशूल्क पाठ्यपुस्तक, छात्रवृत्ती प्रदान गर्दै आइरहेको छ भने विद्यालयलाई आवश्यक पाठ्यक्रम, शैक्षिक सामाग्रीहरू पनि वितरण गर्दै आइरहेको छ । यहाँका २९ सामुदायिक विद्यालयमा रहेक कूल १७४ शिक्षककमा ४६ जना महिला शिक्षक, ९ जना दलित, १४ जना जनजाति शिक्षक रहनुभएको छ भने ३१ ओटै बालविकासमा महिला बालविकास सहजकर्ता रहनु भएको छ ।

**चुनौती तथा अवसर**

आर्थिक, सामाजिक र अवसरका रूपमा पछाडि परेका वर्गको समतामूलक पहुँच तथा समावेशी शिक्षाका लागि आवश्यक अपाङ्गतामैत्री पूर्वाधारको विस्तार गर्नु,शिक्षण पेसामा महिला शिक्षकको सङ्ख्या वृद्धि गर्न नसकिनु, समावेशी शिक्षाका लागि घरपरिवार, समुदाय र विद्यालयहरूबाट उचित सहयोग र सकारात्मक सोचको विकास गर्नु,विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धी हासिल गर्नु,अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुँच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरूको स्थापना र सञ्चालन गर्नु,दृष्टिविहीन बालबालिकाहरूका निम्ति आवश्यक पर्ने सन्दर्भ सामग्री एवम्म सुस्त श्रवण भएका बालबालिकाहरूका निम्ति साङ्केतिक भाषाको सिप भएका शिक्षकहरूको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु,विविध प्रकारका बालबालिकाको तथ्यांक तथा सूचनालाई अद्यावधिक गर्नु,समावेशी र विशेष शिक्षा अनुकूल मूल्यांकन परीक्षा प्रणालीको विकास गर्नु, समाजमा विद्यमान कतिपय कुरिति र कुप्रथा भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु,गर्नु, , जोखिममा रहेका बालबालिकालाई विद्यालयमा नियमित गराउन नसक्नु जस्ता चुनौतीहरू आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा देखिएका विद्यमान समस्या र चुनौतीहरू हुन् । यसैगरी विद्यालयमा छात्रा विद्यार्थीकोलागि छात्रवृत्ती वितरण गरिनु, छात्र र छात्रा विद्यार्थीहरूको सङ्ख्या बराबर हुनु, अभिभावक शिक्षा सञ्चालन गरिनु, छात्रा तथा जोखिममा रहेका बालबालिकाको लागि उत्प्रेरित गर्ने, क्रियाकलाप सञ्चालन गरिनु, आधारभूत तह कक्षा १-८ सम्म स्थानीइ पाठ्यक्रम निर्माण गरि लागु गरिनु, शिक्षा ऐन एवम्म् शिक्षक सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु, शिक्षा र शिक्षक तालिम कार्यक्रम मार्फत अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि अन्य बालबालिकाहरूसंगै समावेशी किसिमबाट शिक्षण सिकाइ गर्ने, कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिनु, प्राथमिक तहका पाठ्यपुस्तकहरू २५ भन्दा बढि मातृभाषामा प्रकाशन गरी पठनपाठनका लागि प्रयोग गरिनु, विपन्न तथा विविध किसिमले पछि परेका समुदायका बालबालिकाहरूलाई विभिन्न प्रकारका आरक्षण कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्ने, प्रयास हुनु, जस्ता अवसरहरू आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको समतामूलक सहभागिता तथा समावेशीकरण क्षेत्रमा देखा परेका मुख्य अवसरहरू हुन ।

## ४.३.२ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,गर्नु,
२. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता, सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,गर्नु, ।

## ४.३.३ रणनीति

विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने र सिकाइ क्रियाकलापमा समान सहभागिताको वातावरण निर्माण गर्नु,

१. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्नु,
२. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्नु,

३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्नु,

४. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने, गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,

५. विद्यालयका सबै क्रियाकलापमा समतामूलक सहभागिता सुनिश्चित गर्दै विद्यार्थीको सिकाइमा समान अवसर प्रदान गर्नु,

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच भएको हुने छ ।

२. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितत भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता, सिकाइ वृद्धि र सिकाइ सहज हुने वातावरण निर्माण भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा१-५ मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ४.६ | ४ | ३ | २ | १ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९८ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.१२ | १.१ | १.०५ | १ | १ |
| ४ | महिला शिक्षक विद्यालय अनुपात( बालविकास सहित ) | १;२.५ | १;५ | १;१० | १;१५ | १;२० |
| ५ | लक्षित वर्गका लागि उपलब्धिमा आधारित विशेष प्रोत्साहन कार्यक्रम | १ | १ | १ | १ | १ |
| ६ | विद्यार्थी, अभिभावक तथा समुदायमा सचेतना मूलक कार्यकस्म | १ | १ | १ | १ | १ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नियमित विद्यालय उपस्थिति हुन भोग्नु परेका समस्याहरूको पहिचान तथा न्युनिकरणका उपायहरूको अवलम्वन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | लक्षित वर्गकालागि आवश्यकताका आधारमा कार्यक्रमको निर्माण तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकासमा शिक्षकको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबीच जवाफदेही सहितको कार्यगत एकता का लागि मापदण्ड वा निर्देशिका निर्माण गर्ने , | पटक | १ | ० | १ | | | | १ | निरन्तर |
| ६ | जेहेन्दार, अनाथ, विपन्न, बालश्रमिक बालबालिकाहरूको लागि शैक्षिक सहायता सामाग्रीको वितरण | पपटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य मानिसको पहिलो धन हो । शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाका लागि मानव स्वस्थ शरीर महत्वपूर्ण आधार हो । बालबालिकाहरू स्वस्थ नभएसम्म उनिहरूले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् किनकि स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाई वास्तविक र ध्रुवसत्य कुरा हो । बालबालिकाहरूको गुणस्तरीय  र सहज सिकाइका लागि विद्यालयले स्वच्छ खानेपानि खाजा सफा शौचालयको व्यवस्था गर्नु,गर्नु,पर्दछ । अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरूमा बजारमा पाइने प्याकेटमा राखिएका रेडिमेट खाद्यपदार्थ र पेय पदार्थहरू खानेबानि हो । यि पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि हुन्छ। त्यसैले यस विषयलाई गम्भिरता पूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्वन्धि कार्यक्रमहरू सञ्चालन गर्नु,गर्नु,पर्दछ।

### ४.४.१ वर्तमान अवस्थाः

बालबालिकाको बौद्धिक क विकासको लागि पोषणको आवश्यकता पर्दछ । हाल नेपाल सरकारबाट बालविकास देखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ । साथै स्थानीय तहमा महिनावारी स्वच्छता सम्वन्धी विद्यालय तहमा १०-१९ वर्षसम्मका किशोरीहरूलाई २ चरण रक्तअल्पता कम गर्ने, आइरन फोलिक चक्की वितरण भइरहेको छ । साथै सम्पूर्ण सामुदायिक विद्यालयहरूमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरूलाई नि:शुल्क सेनिटरी प्याडको व्यवस्थापन समेत भएको छ । केहि विद्यालयहरूमा सरसफाई सम्वन्धी हातधुने पानि तथा अपाङ्गमैत्री र छात्रछात्रामैत्री छुट्टाछुट्टै शौचालय रहेको छ ।

**चुनौती तथा अवसर**

विद्यालयमा पोषण तथा सरसफाई एक महत्वपूर्ण पक्ष हो । दिवा खाजा कार्यक्रमको कार्यान्वयनमा सरोकारवालाहरूको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु,गर्नु, बालबालिकाको खाद्य तथा पोषणलाई कानुनि अधिकारको रूपमा स्थापित गराउनु सबै विद्यालयहरूमा स्वच्छ खानेपानी तथा शौचालयको प्रबन्ध गर्नु,गर्नु, विद्यालयमा नियमित स्वास्थ्य जाँच गर्ने, कार्यलाई विद्यालयमा कार्यान्वयन गर्नु,गर्नु, र हाल विद्यालयहरूमा महिनावारी स्वच्छता सम्वन्धी १०-१९ वर्षसम्मका किशोरीहरूलाई नि:शुल्क सेनिटरी प्याडको व्यवस्थापन गरेतापनि प्रयोग गरिएका सेनिटरी प्याडहरूलाई व्यवस्थापन गर्न कठिनाई भएको देखिन्छ । विद्यालय तहमा सबै कक्षामा दिवा खाजा उपलव्ध नहुनु तथा भएका कक्षाहरूमा पनि व्यवस्थापन गर्न चुनौति रहेको छ ।

सबै सामुदायिक विद्यालयहरूमा ई.सि.डि.देखि ५ कक्षा सम्मका सम्पूर्ण बालबालिकाहरूलाई दिवा खाजाका लागि सशर्त अनुदानको व्यवस्था गरिनु,स्थानीय स्तरमा उत्पादित खाद्यानका आधारमा विद्यालय खाजा मेनुको निर्माण गरिनु,विद्यालयमा अध्ययनरत किशोरीहरूलाई नि:शुल्क आइरन फोलिक एसिड र सेनिटरी प्याड वितरण गरिनु, बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु जस्ता कुराहरूलाई यस क्षेत्रको प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चित गर्नु,गर्नु,
२. स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छतासम्वन्धी सेवाको गुणस्तर वृद्धि गरि बालबालिकाको पोषण स्वास्थ्य र सिकाइ उपलव्धिमा सुधार गर्नु,गर्नु,
३. स्वच्छ सरसफाइयुक्त विद्यालय निर्माण गर्नु,गर्नु, ।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमश विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलव्ध गराउने र अभिभावकको सक्रियता बढाउने ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने,
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानी कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गर्नु,
४. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
५. माध्यमिक तहका विद्यालयहरूमा नर्सिङ्ग कार्यक्रम सञ्चालन गर्नु,
६. समय- समयमा सबै विद्यालयहरूमा पोषण सरसफाई सम्वन्धि स्वास्थ्य शिक्षा सञ्चालन गर्नु,
७. विद्यालयमा प्राथमिक उपचार किट बालबालिकाको आवधिक स्वास्थ्य जाँच जुकाको औषधि भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि सेनिटरी प्याड वितरणलाई स्वास्थ्य

क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि, तथा नतिजा

**उपलब्धि:**

स्वच्छ सफा बातावरण मैत्री विद्यालय निर्माण हुने साथै बालबालिकामा कुपोषणको दरमा कमि हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र विद्यालय भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने, कक्षा | ५ | ५ | ६ | ७ | ८ |
| ४ | वार्षिक रूपमा विद्यार्थिको नियमित स्वास्थ्य परीक्षण गर्ने, विद्यालयको सङ्ख्या | - | २ | २ | ३ | ३ |
| ५ | प्राथमिक स्वास्थ्य सेवा पहुँच पुगेका विद्यालय | - | २ | २ | ३ | ३ |
| ६ | नर्सिङ्ग सेवा सुविधा पुगेका विद्यालय सङ्ख्या | - | - | १ | १ | १ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाणात्मक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (१०वर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाको लागि आवश्यक सामग्रीको प्रबन्ध | वटा | ४ | ४ | ४ | ५ | ५ | २२ | २९ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | वटा | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी किसान समुहलाई तालिम तथा सहयोग | वटा | - | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय हात धुने ठाउँ स्वच्छ खानेपानी । | वटा | २ | २ | २ | ३ | ३ | १२ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कक्षा ६-१२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | वटा | ११ | - | - | - | - | - | |
| ६ | आवधिक स्वास्थ्य जाँच जुकाको औषधि तथा आइरन फोलिक एसिड प्रदान | वटा | २९ | - | - | - | - | २९ | २९ |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | वटा | ११ | २ | ३ | ४ | ४ | २४ | २९ |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता

प्राकृतिक वा मानवीय कारणले गर्दा उत्पन्न हुने जोखिमपूर्ण अवस्था विपद् हो । यसका असरहरूबाट बच्न गरिने सम्पूर्ण क्रियाकलापको समष्टि नै विपद् न्यूनीकरण हो । हरेक बालबालिकाहरूले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरूले सबै भन्दा बढी समय बिताउने स्थान भनेको विद्यालय हो । नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन्। परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन्।

विद्यालय सुरक्षाका निमित्त विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्र सङ्घीय विपद् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ ।यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीनओटा आधारस्तम्भ रहेकाछन्। नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधारस्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु,गर्नु, आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरूरी छ ।

### ४.५.१ वर्तमान अवस्था

भौगोलिक रूपमा विकट नै मानिने यस डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरू बालमैत्री विद्यालय कार्यढाँचाको मापदण्ड अनुसार सञ्चालित छैनन । यसैगरी यस गाउँपालिका अन्तर्गतका कुनैपनि विद्यालयमा हाल विपद् उत्थानशील बातावरण तयार पार्न सकिएको छैन । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड–१९ ले नेपालमा पनि सामाजिक एवम्म् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुऱ्यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस गाउँपालिकाका ३४ बालविकास केन्द्रहरू, ३१ विद्यालयहरू तथा ती बालविकास केन्द्रमा र विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि १२ सम्म ४५०० जना बालबालिकाहरू र १९३ शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरूद्ध भएको थियो। जसका कारण सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे। यतीमात्र होइन कोभिड १९ को दोस्रो लहरका कारण पुन बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप पुन प्रभावित भएको थियो। यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरूबाट बालबालिकाहरूको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरू सञ्चालन गर्दै आएको

छ । हाल कोभिड १९ बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आफुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ । दुबै चरणका कोभिड महामारीका समयमा यस गाउँपालिकाकाले वैकल्पिक सिकाइ सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाकाहरूको महामारीमा पनि सिकाइलाई निरन्तरता दिइ उनीहरूको पढन पाउने अधिकारलाई सुरक्षित गरेको थियो।

**चुनौती र अवसरहरू**

विपद्का कारण उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, कानुन र अवस्थाको पहिचान गर्नु,विपद् सम्भावित घटना हुन नदिन पूर्व सावधानी अपनाउनु, यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु,आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु,विपद् व्यवस्थापनका लागि स्रोत, समय सीमा, जिम्मेवारी सम्बन्धमा भरपर्दो वातावरणको निर्माण गर्नु,गर्नु, , विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नु,विपद् पछिको क्षति न्यूनीकरणका लागि आवश्यक मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्नु,विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता सम्बन्धी देखिएका वर्तमान मुख्य समस्या तथा चुनौतीहरू हुन ।

यसैगरी भवन निर्माण सम्बन्धी आचारसंहिताले कार्यान्वयन हुनु, पालिकास्तरमा विपद् व्यवस्थापन समिति र कोष निर्माण तथा परिचालन हुनु, विभेद, दुव्र्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरूका हस्ताक्षर गर्नु,सुरक्षित विद्यालय व्यवस्थापनका लागि विभिन्न सङ्घसंस्थाहरूले पालिकासँग सहकार्य र सहलगानी गर्नु,नागरिक समाज, सरकार तथा सङ्घसंस्थाहरू हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख हुनु, महामारी र प्रकोपको अवधिमा सरकार,सङ्घसंस्था तथा व्यक्तिहरूले समेत उल्लेख्य योगदान गर्नु,गाउँपालिकाले विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गर्नु,गर्नु, जस्ता महत्वपूर्ण अवसरहरू यस क्षेत्रमा छन् ।

### ४.५.२ उद्देश्य

१. विपद् न्यूनीकरणका लागि विपद् पूर्व र विपद् पश्चातका लागि आवश्यक तयारी गर्नु,गर्नु,
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलताका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,गर्नु, ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिधित गर्नु,गर्नु,

### ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यबस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,
२. विद्यालयस्तरमा विपद् फोकल पर्सन तोक्ने
३. विद्यालस्तरमा सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
४. गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षकहरूलाई विपद् व्यवस्थापनसँग सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने,
५. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
६. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने,
७. विद्यालयमा नयाँ संरचना निर्माण गर्दा भवन मापदण्ड अनुसार संरचना निर्माण गर्ने,
८. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तया त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
९. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
१०. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने,

११. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
१२. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
१३. सम्पूर्ण विद्यालयहरूमा विपद व्यवस्थापन कोषलाई अनिवार्य कार्यान्वयन गर्ने,
१४. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड,२०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम्म् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने,
१५. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने, सरकारी तथा अर्धसरकारी निकायबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
१६. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने,
१७. गाउँपालिकाले बनाएको स्थानीय पाठ्यक्रममा विपद्का स्वरूप र यसबाट बच्ने उपायहरूको समावेश गर्नु,

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिमन्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने, माध्यमिक विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ६ | २५ | २९ | २९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने, विद्यालय सङ्ख्या | ० | २९ | २९ | २९ | २९ |
| ४ | विपद् प्रतिरोधात्कम संरचना निर्माण भएको विद्यालय सङ्ख्या | ० | २९ | २९ | २९ | २९ |
| ५ | विपद व्यवस्थापन तथा उत्थानशीलता सम्बन्धी तालिम प्राप्त गरेका शिक्षक प्रतिशत | २५ | ५० | ७५ | ८५ | ९५ |
| ६ | विपद् व्यवस्थापन कोषको स्थापना भएको विद्यालय सङ्ख्या | ० | १० | १० | ९ | २९ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पनुरावलोकन गर्ने, | पटक | १ | ० | १ | | | | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | विद्यालयहरूमा विपद् प्रति उत्थानशील सामग्री जडान गर्ने, | विद्यालय | २९ | ६ | ५ | ५ | ५ | ८ | २९ | |
| ४ | स्वास्थ्य संस्था र विद्यालयको समन्वयमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने, | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ५ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने, | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ६ | शिक्षक तथा वि.व्य.स.हरुलाइ व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | विद्यालयम आसपास तथा वरीपरी Bio-engineering गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सम्पूर्ण विद्यालयहरूमा आपतकालीन फोन नम्बरको सूचि राख्ने | विद्यालय | २९ | ० | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयको भौतिक पूर्वाधार बालबालिकाहरूको सिकाइको पहिलो शर्त हो । विद्यालय शिक्षालाई समतामूलक, पहुँचयोग्य, गुणस्तरीय, व्यवहारीक बनाउन सर्वप्रथम सुरक्षित स्थानको आवश्यकता पर्दछ त्यसका लागि विद्यालयको भौतिक संरचना अनिवार्य तत्व हो । विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसापिसाब गर्नका लागि सफा शौचालय र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।नेपालको सन्दर्भमा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० बमोजिम आधारभूत तह कक्षा १-८ सम्मको लागि प्रति विद्यार्थी न्यूनतम १ वर्ग मिटर र माध्यमिक तह कक्षा ९-१२ सम्मका लागि प्रति विद्यार्थी १.२० वर्ग मिटर बराबर क्षेत्रफलको मापदण्ड तोकिएको छ । शिक्षा नियमावली २०५९ (संशोधन सहित) ले बालबालिको बसाई व्यवस्थापन गर्न प्रारम्भिक बालविकास तथा प्राथमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत (कक्षा ६-८) तह तथा माध्यमिक तहका विद्यार्थीका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिदिइको छ । सोहौं पञ्चवर्षिय योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६) ले बहुविधायुक्त पुस्तकालय, विज्ञान प्रयोगशालको स्थापन गरी शैक्षिक संस्थालाई स्मार्ट बनाइ डिजिटल संयन्त्र मार्फत शिक्षणा सिकाइलाई सहज, प्रयोगात्मक बनाउने, शैक्षिक संस्थामा भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वस्थ्य , शौचालय तथा सरसफाइको उचित प्रबन्ध गरी सिकाइ अनुकूल वातावरण सिर्जना गर्ने,, भुकम्प लगायत प्राकृतिक प्रकोपले क्षति पुगेका र जीर्ण भएका शिक्षण संस्थाका भवनहरूको पुनर्निर्माण तथा प्रवलीकरण गर्ने, रणनीति लिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिका अन्तर्गत २९ वटा सामुदायिक विद्यालहरू सञ्चालनमा रहेका छन् । जस मध्ये २० वटा विद्यालयमा कम्तिमा एक वटा पक्कि भवन रहेको छ भने ९ वटा विद्यालयमा कच्चि भवन रहेको छ । विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठा पुगेको देखिन्छ । पालिमा भित्र रहेका ६ वटै माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT Lab निर्माण गरि प्रयोगमा आएको छ । २३ वटा आधारभूत तह मध्ये २ वटामा पुस्तकालय, ३ वटामा ICT Lab र २ वटामा Digital Library स्थापन गरी सञ्चालनमा रहेको छ । सबै विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला तथा कार्यालय प्रयोजका लागि छुट्टा छुट्टै कोठाको व्यवस्थापन भएको छ ।कच्चि भवनमा सञ्चालित विद्यालयको भौतिक संरचना लाई पक्कीमा रूपान्तरण गर्नु,गर्नु,का साथै २१ वटा विद्यालय मर्मत गर्नु,गर्नु,पर्ने अवस्थामा रहेका छन् । माध्यमिक विद्यालहरूमा छात्र र छात्राकालागि छुट्टा छुट्टै साथै २ वटा माध्यमिक विद्यालयमा छात्राको लागि महिनावारी स्वच्छता सहितको सौचालयको निर्माण गरिकएको छ।

**चुनौती तथा अवसर**

विद्यालयलाई आवश्यक प्रयाप्त जग्गा नहुनु, भौगोलिक विकटता तथा दुरीका कारण भौतिक संरचनाहरू निर्माण गर्न लागत वढन गई तोकीएको अनुसार निर्माण गर्न नसकिनु, जग्गा प्राप्तिको प्रक्रिया झन्झटिलो हुनु, यातायात पूर्वाधारको अभावले पनि प्रत्यक्ष वा अप्रत्यक्ष भौतिक संरचना निर्माण गर्न असर गर्नु,पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, सरकारी कार्यालय तथा विभागको फरक फरक मापदण्डका कारण संरचनामा एकरूपा गराउन नसकिनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु,नियमित भौतिक संरचनाको मर्मत सम्मार गर्न आर्थिक अभाव हुनु आदि मुख्य चुनौती रहेका छन् ।

विद्यालय संरचना निर्माणका लागि विभिन्न निकायले सहयोग गर्नु,स्थानीय स्रोतको उपलब्धता हुनु, स्थानीय स्तरमा दक्ष तथा अदक्ष कामदारहरू उपलब्ध हुनु, पालिका, निर्माण हुने पूर्वाधारहरूलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु, विद्यालय र व्यवस्थापन बीच समन्वयमा वृद्धिहुनु, अधिकांस विद्यालयहरूका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको

देखिनु, स्थानीय सरकारले बस्तुस्थिती बुझेर भूगोल अनुसारको संरचना निर्माणमा अग्रसरता लिन सक्नु आदि अवसरहरू रहेका छन् ।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक भौतिक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु,गर्नु,

३. समुदायमा देखिने विभिन्न किसिमका प्राकृतिक प्रकोप/विपत प्रति उत्थानशिलता सुनिश्चित गर्नु,गर्नु, ।

### ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि विद्यालयको सञ्चालित तह, विद्यार्थी सङ्ख्याको आकलन, प्राकृतिक प्रकोपको जोखिमता र भौगोलिक क्षेत्रको बस्तुस्थितीका आधारमा मापदण्ड विकास गर्नु,

२. मापदण्डलाई अनिवार्य कार्यान्वयन गर्ने, र सो मापदण्ड कार्यान्वयन गर्न पुग्ने बजेट बमोजिमको संरचनामात्र निर्माण गर्ने, अनुमति प्रदान गर्नु,

३. भौतिक संरचना निर्माण गर्दा आवश्यकता र प्रयोजनका आधारमा मापदण्ड बनाइ लागु गर्नु,

४. शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने, तथा वहुप्रकारको विपत प्रति सम्बेदनशिल, अपाङ्गमैत्री र बालमैत्री बनाउनु

५. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम्म् मर्मत सम्भार गर्ने,

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने

७. प्राकृतिक प्रकोप/विपतबाट बच्नकालागि विपत पूर्वको तयारी गर्ने, र सोहि अनुसारको संरचना निर्माण गर्ने,

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यालयमा तोकिएको मापदण्ड अनुसारका पर्याप्त भौतिक संरचना निर्माण हुने

२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री, सुरक्षित र सिकाइका लागि उपयुक्त वातावरणीय हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालको भौतिक संरचना निर्माण सम्बन्धी मापदण्ड निर्माण | ० | | १ | | |
| २ | भूकम्प प्रतिरोधी विद्यालय | १ | २ | २ | २ | २ |
| ३ | नयाँ निर्माण गर्नु,गर्नु,पर्ने कक्षाकोठा सङ्ख्या | ६ | ६ | १२ | १२ | १२ |
| ४ | सबलीकरण गर्नु,गर्नु,पर्ने कक्षाकोठा सङ्ख्या | | १५ | १५ | १५ | १५ |
| ५ | नयाँ निर्माण गर्नु,गर्नु,पर्ने शौचालय सङ्ख्या | | २ | ३ | ३ | ३ |
| ६ | हावा, चटयाङ्ग र पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु,गर्नु,पर्ने विद्यालय सङ्ख्या | २९ | २९ | २९ | २९ | २९ |
| ७ | प्राकृतिक प्रकोप न्युनिकरूण सम्बन्धी पूर्व तयारी अभ्यास | १ | १ | १ | १ | १ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वहुउपयोगि सुरक्षित भौतिक संरचना निर्माण सम्बन्धी मापदण्ड निर्माण तथा कार्यान्वयन | सङ्ख्या | | १ | | | | १ | २ |
| २ | पक्कि विद्यालय भवन निर्माण | पटक | १ | २ | २ | २ | २ | ९ | १८ |
| ३ | विद्यालयको सबलीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० |
| ४ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २९ |
| ५ | विद्यालयका फर्निचर मर्मत तथा नयाँ निर्माण | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी, महिनावारी स्वच्छता तथा सरसफाइको प्रबन्ध | विद्यालय् | २ | २ | २ | २ | २ | १० | २० |
| ७ | प्रारम्भिक बालविकासका लागि सहजै पहुँच योग्य पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| ८ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | बालमैत्री खानेपानी संरचना निर्माण गर्ने, | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

अहिलको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको माग र परिवर्तनसंगै सूचना तथा सञ्चार प्रविधि मानवीय जीवनको अभिन्न अङ्गको रूपमा विकास हुदै गएकाले शिक्षा क्षेत्रमा यसको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । विद्यालय शिक्षामा कम्प्युटर, रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेट, टेलिभिजन, स्मार्टबोर्ड जस्ता साधनहरूको प्रयोग गर्नु,गर्नु,लाई शिक्षामा सूचना प्रविधिको प्रयोगका रूपमा लिन सकिन्छ । पुरानो चक एण्ड टक विधिले अहिलेको समयको आवश्यकता अनुसारको शिक्षा र जनशक्ति दिन नसक्ने हुँदा विद्यालय तहदेखि माथिल्लो तहसम्मको शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको महत्वलाई बढावा दिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइलाई रोचक तथा सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न , शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न र युगसुहाउदो शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ । यतिमात्र होइन सूचना तथा संचार प्रविधिको मद्दतले सिकाइ सुधार हुने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन सहज हुने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने भएकाले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनको रूपमा लिइन्छ । नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत

सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने, हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने, तथा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने, र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने, नीति लिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । जसमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने,, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । यसैगरी हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीहरूको सिकाइका लागि इ लर्निङ्ग पोर्टल अर्थात सिकाइ चौतारी तयार पारेको छ । जसलाई हामीले शिक्षामा सूचना प्रविधिको प्रयोगसँग जोड्न सकिन्छ । साथै पाठ्यक्रम विकास केन्द्रले पनि इ लाईबेरी मार्फत सिकाइका सामग्रीहरू विद्यार्थीहरू माझ ल्याउने जमर्को गरेको छ । साथै २०७१ सालदेखि विद्यालय शिक्षाको तथ्याङ्की, व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक गराउने कार्यको थालनी भएको छ ।

नेपालको पछिल्लो समयमा सन २०१९ को अन्त्यतिर विश्वव्यापी महामारिको रूपमा देखा परेको कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकतालाई महसुस गराएको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाईन तथा अफलाईन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन् ।

यस खण्डमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

डुङ्गेश्वर गाउँपालिकाका २९ वटा सामुदायिक विद्यालयहरूमध्ये २४ वटा विद्यालयहरूमा विद्युतको विस्तार भएतापनि ५ वटा विद्यालयहरूमा भौगोलिक विकटताका कारण विद्युत विस्तार हुन सकेको छैन । विद्युतको सुविधा नभएकामध्ये १ वटा विद्यालयमा सौर्य उर्जाको माध्यमबाट विद्युतको अभाव पूर्ति गर्ने, प्रयास गरिएको छ । यसैगरी यस गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सेवाको जडान भई त्यसको सामान्यरूपमा शिक्षण सिकाइमा प्रयोग हुदैं आइरहेको पाइन्छ भने बाँकी १३ वटा आधारभूत विद्यालयहरूमा इन्टरनेट जडानका लागि अनुदानको व्यवस्था गरिएको छ । विद्युत सेवाको विस्तार नहुँदा र वैकल्पिक उर्जाको व्यवस्थापन नहुँदा इन्टरनेट जडानका लागि अनुदान निकासा भएतापनि जडान हुन सकेको छैन । यस गाउँपालिकाका ६ वटा माध्यमिक र ४ वटा आधारभूत विद्यालयहरूमा कनेक्टिभिटी सुविद्या सहितको ICT प्रयोगशाला स्थापना गरिएको छ भने ११ वटा विद्यालयहरूमा कम्प्युटरका सामग्रीहरू जडान गरिएका छन । श्री सीता जनसहयोग माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना र सञ्चालन भएको छ । यसैगरी श्री पीपल चौतारा माध्यमिक विद्यालयमा स्मार्टबोर्डको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम मा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापका लागि ३० कार्य घण्टा निर्धारण गरिएको छ । कोभिड १९ को प्रभावसंगै हाल

शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको खाँचो महसुस भएको छ । यससंगै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको इ लर्निङ्ग पोर्टलका बारेमा सबैलाई सुसुचित गर्न सकिएको छैन् । शिक्षामा सूचना प्रविधिको प्रयोग स्वरूप विद्यालय तहका सम्पुर्ण शैक्षिक सूचनाहरूलाई व्यवस्थित गर्नका लागि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको भयतापनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन् ।

**चुनौती तथा अवसरहरुः**

अहिलेको युग सूचना र प्रविधिको युग हो । समयको परिवर्तनसंगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य भयतापनि सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्थापन गर्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी साधनहरूको सञ्चालन र प्रयोगका लागि शिक्षकहरूको क्षमता विकास गर्नु,अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका बीच समन्वय र सहकार्य व्यवस्थित गर्नु,गर्नु, , सूचना र सञ्चारको प्राणिको रूपमा रहेको विद्युत सेवाको विस्तार एवम्म् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु,सूचना र सञ्चार प्रविधिको दुरूपयोगलाई न्यूनीकरण गर्नु,गर्नु,,विद्यालयमा सूचना प्रविधि सम्वन्धी दक्ष जनशक्तिको अभाव केहि विद्यालयहरूमा विद्युत जडान नभएको, सबै विद्यालयमा आई.सि.टिको पहुँच नभएको, आई.सि.टिको पहुँच भएका विद्यालयहरूमा मर्मत सम्भार नहुनु ,सबै विद्यालयमा इन्टरनेटको पहुँच नहुनुको अभाव , आई.सि.टि. सम्वन्धी तालिम प्राप्त शिक्षकको अभाव जस्ता कुराहरूले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा चुनौती खडा गरेका छन् ।

यसैगरी COVID १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरूलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाईनबाट हुने शिक्षण सिकाइका सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु,वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रूपमा विकास हुनु, विद्यार्थीहरूमा अनलाईन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरूमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम्म् गैरसरकारी क्षेत्रहरू प्रतिष्पर्धात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम्म् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै सङ्घसंस्थाहरूले अनलाईनमा पढ्ने मिल्ने गरी पाठ्यसामग्रीको विकास गर्नु,गर्नु, ,सबै अभिभावकसँग मोबाइल फोन हुनु जस्ता कुराहरूलाई शिक्षाको क्षेत्रको सूचना तथा सञ्चार प्रविधिमा देखिएका अवसरहरू मान्न सकिन्छ ।

### ४.७.२ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नका लागि तपसिल बमोजिमका उद्देश्यहरू तय गरिएकका छनः

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,गर्नु,,
२. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.३ रणनीति

यस योजनाले तय गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी लक्ष्य तथा उद्देश्यहरू पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरू तय गरिएका छनः

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिमा आधारित रही सबै शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

३. दिगो र रोचक सिकाइका लागि  विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइनेछ ।
४. शिक्षकको पेसागत विकास तथा शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
५. विद्यालयका शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गरिनेछ ।
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिनेछ ।
७. सामूदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिका संरचनाहरूको स्थापना सञ्चालन गरिनेछ ।
८. कम्प्युटर लाईब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्नु,

### ४.७.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १९ | २ | ३ | ५ | - |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ११ | २ | ५ | ५ | ४ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने, विद्यालय सङ्ख्या | ६ | ४ | ४ | ४ | ५ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, विद्यालय सङ्ख्या | १७ | ३ | ३ | ४ | २ |
| ५ | विद्युत पहुँच  पुगेको विद्यालय सङ्ख्या | २४ | २ | २ | १ | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्नु, | १ | १ | १ | - | - |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (१० वर्षे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा आई.सि.टि. संरचना विस्तार गरि इलाईब्रेरी स्थापना | वटा | २ | ३ | ५ | ७ | ६ | २३ | २९ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेन्ट्रिभिटिको व्यवस्था | वटा | १९ | २ | २ | २ | ४ | २९ | २९ |
| ३ | शिक्षकको क्षमता विकास | वटा | ४० | २० | २० | ४० | ४० | १६० | २०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक सिकाइ केन्द्रहरूमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्नु, | वटा | १ | १ | १ | - | - | ३ | ३ |
| ५ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलव्धता | वटा | २ | २ | ४ | ५ | ६ | १९ | २९ |
| ६ | IEMIS व्यवस्थापन | वटा | २० | २ | २ | ३ | २ | २९ | २९ |
| ७ | साझेदारीमा क्रमस एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने, | वटा | २० | १० | १० | १० | १० | ६० | १७४ |

## परिच्छेद ५ : अन्य उपक्षेत्र

विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रबाहेक अन्य उपक्षेत्र पनि स्थानीय तहको योजनामा समेट्नुपर्ने आवश्यकता हुन्छ । यस गाउँपालिकामा आवश्यक ठानेका उच्च शिक्षाको व्यवस्थापन र सार्वजनिक पुस्तकालयको प्रबन्ध र व्यवस्थापन भन्ने विषयहरु समेत थप गरी यस दश वर्षे शिक्षा योजनामा समेटिएको छ । यस उपक्षेत्र अन्तर्गतका विषयमा योजना निर्माण गर्दा पनि माथि उल्लेखित ढाँचाको अवलम्बन गरिएको छ ।

### ५.१ उच्च शिक्षाको व्यवस्थापन

नेपालको शिक्षाको संरचनामा माध्यमिक तह पश्चात विश्वविद्यालय स्तरबाट प्रदान गरिने शिक्षालाई उच्च शिक्षा मानिन्छ। उच्च शिक्षाले देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने, उद्देश्य राखेको हुन्छ । माध्यमिक तहको शिक्षा पूरा गरेपछि रूचि र क्षमताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूका लागि विभिन्न क्याम्पस तथा विश्वविद्यालयले उच्चस्तरको शिक्षा दिइरहेका हुन्छन् । नेपालमा उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने, नीतिगत प्रावधान रहेको छ । नेपालको संविधान,२०७२ ले महिला, दलित तथा अपाङ्गता भएका र आर्थिक अवस्था कमजोर भएका नागरिकहरूलाई कानुन बमोजिम नि;शुल्क उच्च शिक्षा पाउने हक हुनेछ भनी नागरिकको मौलिक हकमा व्यवस्था गरेको छ । साथै संविधानले केन्द्रीय विश्वविद्यालयहरूलाई सङ्घीय सरकारको र प्रदेश स्तरका विश्वविद्यालयहरूलाई प्रदेश सरकारको अधिकार सूचीमा राखेको छ । हालको सन्दर्भमा उच्च शिक्षालाई गुणस्तरीय बनाई त्यसमा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु,गर्नु, र आधुनिक ज्ञान, विज्ञान, कला, सिप एवम्म् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षालाई समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु,गर्नु, आजको आवश्यकता हो । कुनै पनि देशले विकासमा फड्को मार्नका लागि त्यस देशका उच्चस्तरीय दक्ष जनशक्तिको अहम् भूमिका रहेको हुन्छ ।त्यसका लागि उच्च शिक्षालाई विशिष्टिकृत बनाइनुपर्छ जसले गर्दा विद्यार्थीले आफ्नो रूचिको विषयमा उच्च स्तरको विशेष ज्ञान, सिप र दक्षता हासिल गर्न सक्छन र ती उत्पादित जनशक्तिबाट देश र समाजले अनेकौं फाइदा पाउन सक्छन् । तर नेपालमा अहिले आवश्यकताको पहिचान नगरी रहरमै विद्यालयहरूमा क्याम्पस खोल्ने प्रवृत्तिले एकातिर उच्च शिक्षाको गुणस्तर खस्कदै गएको छ ।

यस खण्डमा उच्च शिक्षामा समावेशी पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको उच्च शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ५.१.१ वर्तमान अवस्था

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारउन्मुख तथा गुणस्तरीय उच्च तहको जनशक्ति उत्पादन गर्ने, उद्देश्यका साथ हाल यस डुङ्गेश्वर गाउँपालिकाको अवलपराजुलमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोटदेवल जनआदर्श क्याम्पस सञ्चालनमा रहेको छ । शिक्षा शास्त्र संकायमा ४ वर्षे स्नातक तहको अध्यापन भइरहेको उक्त क्याम्पसमा नेपाली, अङ्ग्रेजी, जनसङ्ख्या शिक्षा र स्वास्थ्य तथा शारिरीक शिक्षा जस्ता विषयहरू अध्यापन हुँदै आएको छ । आफ्नै भौतिक संरचना नभइसकेको अवस्थामा हाललाई उक्त क्याम्पस सोही स्थानको श्री सीता जनसहयोग माध्यमिक विद्यालय अवलपराजुलमा सञ्चालन हुदै आएको छ । यहाँ पूर्णकालीन रूपमा १ जना र आँशिक रूपमा ५ जना प्राध्यापकहरूले अध्यापन गराउनुहुन्छ । उक्त क्याम्पसलाई भौतिक रूपमा सुबिधा सम्पन्न बनाएर गुणस्तरीय उच्च शिक्षा प्रदायक संस्थाको रूपमा विकसित गर्नु,गर्नु, आजको आवश्यकता रहेको छ ।

उच्च शिक्षामा भर्ना ज्यादै खुकुलो हुनु, क्याम्पसहरू जागिर खोज्ने वा जागिरमा बढुवा हुन चाहनेहरूका लागि प्रमाणपत्र वितरण गर्ने, संस्थाका रूपमा मात्र सञ्चालित भएको गुनासो सुनिनु, सञ्चालित क्याम्पसबाट स्थानीय समुदायको आवश्यकता अनुसारका अध्ययन अनुसन्धानका कामहरू भएको नपाइनु, नियमित कक्षाहरू सञ्चालन हुन नसक्नु, उच्च शिक्षामा गरिब, दलित, अपाङ्गता भएका तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको पहुँच पुग्न नसक्नु, जस्ता विविध समस्याहरूका कारण उच्च शिक्षा गुणस्तरीय बन्न नसकिरहेको सन्दर्भमा सम्बन्धित क्याम्पस व्यवस्थापन समिति, सम्बन्धन दिने विश्वविद्यालय र अध्यापकहरूसँग विचार विमर्स गर्नु,गर्नु, आवश्यक छ ।

**चुनौती तथा अवसर**

उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापना र सञ्चालन गरिएता पनि त्यसलाई गुणस्तरीय उच्च शिक्षा प्रदायक केन्द्रको रूपमा विकास गर्नु,क्याम्पसको सुधारका लागि भौतिक पूर्वाधार र आर्थिक लगानीको प्रवर्धन गर्नु,गर्नु, ,शिक्षणका लागि दक्ष र योग्य जनशक्तिको व्यवस्थापन गर्नु,गर्नु, ,युग अनुकूलको गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने, उच्च शिक्षाका केन्द्रहरू स्थापना गर्नु,गर्नु, ,उच्च शिक्षालाई व्यावसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु,गर्नु,; उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोडनु, उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई रोजगार सिर्जना गर्नु,गर्नु,,क्याम्पस मार्फत स्थानीय प्राकृतिक स्रोत साधन र मौलिक कला संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्नु,गर्नु, जस्ता चुनौतीहरू विद्यमान रहेका छन् ।

भौगोलिक विकटता र विविध समस्याका बाबजुत पनि यस क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी कोटदेवल जनआदर्श क्याम्पस स्थापना हुनु, साथै क्याम्पस व्यवस्थापनका लागि यस डुङ्गेश्वर गाउँपालिकाले समेत वार्षिक रूपमा लगानी गर्नु,यस क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस स्थापना हुदाँ यहाँबाट बाहिर गएर अध्ययन गर्न नसक्नेहरूका लागि घर नजिकै उच्च शिक्षा अध्ययन गर्न पाउनु जस्ता तथ्यहरूलाई उच्च शिक्षाको अवसरका रूपमा लिन सकिन्छ ।

### ५.१.२ उद्देश्य

यस योजनाले उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने, लक्ष्य पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

१. उच्च शिक्षामा सबै वर्ग,लिङ्ग र जात तथा समुदायका नागरिकहरूको समावेशी पहुँच अभिबृद्धि गर्नु,गर्नु,,
२. उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
३. सामाजिक र आर्थिक विकासका लागि युग सुहाउँदो, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,गर्नु,,

### ५.१.३ रणनीति

१. गाउँपालिका भित्रका विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्नु,
२. खुला एवम्म् दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँच बृद्धिका लागि आवश्यक पहल गर्नु,

३. उच्च शिक्षामा महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम्म् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्नु,
४. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्नु,
५. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसरहरू उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने, संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्नु,
६. यस पालिका अन्तर्गत सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
७. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहजीकरण गर्नु,
८. उच्च शिक्षाको विकासका लागि सार्बजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी गर्ने, कार्यलाई प्रोत्साहन गर्ने, ।
९. आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु,

### ५.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

उच्च शिक्षामा समावेशी पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | डुङ्गेश्वर गाउँपालिकाका कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच प्रतिशत | ३० | ४० | ५० | ६० | ७० |
| २ | गाउँपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थाको स्थापना | १ | - | - | - | - |
| ३ | गाउँपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि | १ | १ | १ | १ | १ |
| ४ | उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको | ० | १ | १ | १ | १ |
| ५ | उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि | ० | १ | १ | १ | १ |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भूगोल र विद्यार्थीको माग तथा आवश्यकताका आधारमा उच्च शिक्षा | सङ्ख्या | १ | ० | | | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदान गर्ने, शैक्षिक संस्थाको स्थापना गर्ने, | | | | | | | | | |
| २ | उच्च शिक्षा प्रदान गर्ने, संस्थाहरूको न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने, | सङ्ख्या | २ | | | १ | | १ | २ | |
| ३ | उच्च शिक्षामा दक्ष,क्षमतावान र कर्तव्यनिष्ठ तथा पेसाप्रति समर्पित जनशक्तिको व्यवस्थापन गर्ने, | सङ्ख्या | २ | | १ | | | १ | २ | |
| ४ | उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका तथा आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रदान गर्ने, | सङ्ख्या | २० | २ | २ | २ | २ | २ | १० | १० |
| ५ | उच्च शिक्षामा अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका कक्षाहरू सञ्चालन गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | उच्च शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | उच्च शिक्षामा विभिन्न साझेदार निकायहरूको लगानी तथा साझेदारी वृद्धि गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ५.१ सार्वजनिक पुस्तकालयको प्रबन्ध र व्यवस्थापन

मानव विकासको सर्वोत्तम आधार गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षाको प्रथम आधारस्तम्भ पुस्तकालय हुन्। पुस्तकालय प्रकृति र स्वरूप अनुरूप चार प्रकारका हुन्छन् । जसमध्ये सार्वजनिक पुस्तकालय पनि एक हो । सार्वजनिक पुस्तकालयले समाजमा सबै उमेर समूह, वर्ग, जात धर्म तथा लिङ्ग वर्ण आदिका आधारमा कुनै भेदभाव नगरी समान पहुँचको अवसर प्रदान गर्दै समाजमा शिक्षा, सूचना तथा ज्ञान सेवा दिई सबल समाज निर्माणको आधार तय गर्छन् । त्यसैले सार्वजनिक पुस्तकालयलाई

जनताको खुला विश्वविद्यालय पनि भनिन्छ । सार्वजनिक पुस्तकालय प्रजातान्त्रिक तथा लोकतान्त्रिक अभ्यासका मूल्य, मान्यता तथा संस्कारको विकासका लागि उत्तम प्रयोगशाला हुन् । सार्वजनिक पुस्तकालयले जनतालाई समान अवसर एवम्म् पहुँच दिई जीवनोपयोगी शिक्षा र जीवन्त सिकाइ सुनिश्चत गर्दै नागरिक चेतना विस्तार र संविधानले प्रदान गरेको सूचनाको हकको प्रत्याभूति गराउन उल्लेख्य भूमिका खेल्छन् । समाजिक, सांस्कृतिक मूल्य मान्यता, सभ्यता संस्कार संस्कृति इतिहासको संरक्षण संवर्द्धनजस्तो महत्वपूर्ण कार्य गरी पुस्तौंपुस्तासम्म उपयोगमा सहजता ल्याउँछन् । त्यसैगरी, सार्वजनिक पुस्तकालयमार्फत् मानवीय विकासको साथै समाजिक चेतना अभिवृद्धि विकासमा नागरिक सहभागिता एवम्म् सूचनाको हकमा पहुँच वृद्धि र विस्तार गर्न पनि सहयोग पुग्छ । सार्वजनिक पुस्तकालयमा नै व्यक्तित्व विकास गरी जीवन जीउने कला सिकाउन सकिन्छ । राष्ट्रिय स्तरका योजना, नीति तथा कार्यक्रम निर्माण गर्न सघाउँदै हरेक स्थानीय तहमा निर्णय र विकास प्रक्रियामा जनसहभागिता सार्थक बनाउन सामाजिक अन्तरक्रिया गर्ने, उत्तम थलोका रूपमा प्रयोग गर्न सकिन्छ । यसरी सार्वजनिक पुस्तकालयले समाजको सर्वाङ्गीण विकास गर्नु,गर्नु,का साथै व्यक्ति र समुदायमा सकारात्मक परिवर्तन ल्याउने कार्यमा सहयोग गर्छन् ।

यस खण्डमा सार्वजनिक पुस्तकालयको प्रबन्ध, व्यवस्थापन र सञ्चालनमा सबैको समावेशी पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि डुङ्गेश्वर गाउँपालिकाको सार्वजनिक पुस्तकालयो व्यवस्थापन तथा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

सार्वजनिक पुस्तकालयले जनतालाई समान अवसर एवम्म् पहुँच दिई जीवनोपयोगी शिक्षा र जीवन्त सिकाइ सुनिश्चत गर्दै नागरिक चेतना विस्तार र संविधानले प्रदान गरेको सूचनाको हकको प्रत्याभूति गराउन उल्लेख्य भूमिका खेल्छन् । समाजिक, सांस्कृतिक मूल्य मान्यता, सभ्यता संस्कार संस्कृति इतिहासको संरक्षण संवर्द्धनजस्तो महत्वपूर्ण कार्य गरी पुस्तौंपुस्तासम्म उपयोगमा सहजता ल्याउँछन् । त्यसैगरी, सार्वजनिक पुस्तकालयमार्फत् मानवीय विकासको साथै समाजिक चेतना अभिवृद्धि विकासमा नागरिक सहभागिता एवम्म् सूचनाको हकमा पहुँच वृद्धि र विस्तार गर्न पनि सहयोग पुग्छ । सार्वजनिक पुस्तकालयमा नै व्यक्तित्व विकास गरी जीवन जीउने कला सिकाउन सकिन्छ । राष्ट्रिय स्तरका योजना, नीति तथा कार्यक्रम निर्माण गर्न सघाउँदै हरेक स्थानीय तहमा निर्णय र विकास प्रक्रियामा जनसहभागिता सार्थक बनाउन सामाजिक अन्तरक्रिया गर्ने, उत्तम थलोका रूपमा प्रयोग गर्न सकिन्छ । यसरी सार्वजनिक पुस्तकालयले समाजको सर्वाङ्गीण विकास गर्नु,गर्नु,का साथै व्यक्ति र समुदायमा सकारात्मक परिवर्तन ल्याउने कार्यमा सहयोग गर्छन् ।

### ५.१.१ वर्तमान अवस्था

'पढौं पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं' भन्ने आदर्श वाक्यका साथ यस वर्ष १५ औं पुस्तकालय दिवस मनाइएको छ । नेपालमा १८६९ साल भदौ १५ का दिन तत्कालिन राजा गीर्वाणयुद्धविक्रम शाहले पुस्तक चिताइ तहविल नामक ऐतिहासिक दस्तावेजमा लालमोहर जारी गरी पुस्तकालयको सञ्चालन तथा व्यवस्थापनलाई वैधानिकता प्रदान गरेको दिनलाई आधार मानी २०६५ देखि हरेक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाइँदै आएको छ । पुस्तकालय प्रयोगमा रूचि जगाउने, सानै उमेरदेखि पठन संस्कृतिको विकास गर्ने,, शिक्षा, सूचना तथा ज्ञानका स्रोतको सङ्कलन, व्यवस्थापन गरी आवश्यकताका आधारमा समाजमा सम्प्रेषण गराउनेजस्ता विभिन्न गतिविधि गर्ने,, पुस्तकालय विकासका लागि संस्थागत समन्वय स्थापना गर्ने,, जनचेतना विकास गर्ने, तथा पुस्तकालय विकासका लागि निरन्तर पैरवी गर्नु,गर्नु, आजको मुख्य आवश्यकता रहेको छ ।

हरेक स्थानीय तहमा कम्तीमा एउटा सुव्यवस्थित सार्वजनिक पुस्तकालय भएमा मात्र सबल समाज निर्माणको परिकल्पना गर्न सकिन्छ । सभ्य, सुशील शिक्षित नागरिक बनाई ज्ञानमा आधारित समतामूलक समाज निर्माणको राष्ट्रिय इच्छा तब मात्र पूरा हुनेछ । वास्तवमा सार्वजनिक पुस्तकालय जनहित, उन्नति, प्रगति, समृद्धिका साथै जनकल्याणका लागि हुन् । राज्यले यिनको विकास विस्तारको दायित्व लिनुपर्छ भने जनताले आफ्नो अधिकारका रूपमा प्रयोग तथा उपयोग गर्नु,गर्नु,पर्छ ।

नेपालमा पुस्तकालय क्षेत्र सम्भावनायुक्त भए पनि विभिन्न समस्याले जगडिएको छ । सार्वजनिक पुस्तकालय विकासका लागि अनेकौं अवसरका साथै उत्तिकै चुनौती पनि रहेका छन् ।

**चुनौतीहरू**

सार्वजनिक पुस्तकालय विकासका समस्या तथा चुनौती रहेका छन् । सार्वजनिक पुस्तकालय विकासका लागि राज्य सञ्चालनमा रहने नेतृत्वको इच्छाशक्ति नै नहुनु, समयसंगै देशमा अवस्था र व्यवस्थामा परिवर्तन भए पनि सोचमा परिवर्तन आउन नसक्नु, पुस्तकालयलाई पुरातन दृष्टिकोणबाट मात्र हेरिनु, विकासका लागि यो क्षेत्र प्राथमिकतामा नपर्नुलाई समस्या तथा चुनौतीका रूपमा लिन सकिन्छ । पुस्तकालय सञ्चालन तथा व्यवस्थापनका लागि कुनै ऐन, नियम, संस्कृतिको तर्जुमा नहुनु, २०६४ साल असारमा पारित भएको पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीतिको कार्यन्वयनका लागि बनेको पुस्तकालय निर्देशिका २०६९ शासन संरचनाअनुरूप सान्दर्भिक नहुनु, पुस्तकालय गुरूयोजना, पुस्तकालय स्वचालित योजना कार्यन्वयनमा नआउनु, राष्ट्रिय पुस्तक नीति पारित हुन नसक्नुले सार्वजनिक पुस्तकालय विकासको विकासमा समस्या बल्झिँदै गएको छ ।

त्यसैगरी, चेतनाको कमी, पठनसंस्कृतिको अभाव, स्रोतसाधनको न्यायोचित वितरण नहुनु, दक्ष जनशक्ति तथा बजेटको अभावजस्ता विषय त स्थानीय तहका स्थायी चुनौती नै हुन् । सार्वजनिक पुस्तकालय विकास विस्तार तथा सेवाको आधारशिला तयार हुन नसक्नु, समन्वयात्मक व्यवहार असल कार्यशैली कुशल संस्कार अभाव र संस्थागत समन्वयको स्थापना गर्न सक्नुजस्ता अनेकौं समस्या र चुनौतीहरू पुस्तकालय विकासमा रहेका छन् ।

**अवसरहरू**

समाजिक न्याय, प्रादेशिक सन्तुलन, सभ्य र समतामूलक समाज निर्माणमा अग्रणी भूमिका खेल्ने सार्वजनिक पुस्तकालय विकासका लागि धेरै अवसर पनि रहेका छन् । सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था सबैभन्दा ठूलो अवसर हो । यसको उपयोग, प्रयोग तथा परिचालनले सार्वजनिक पुस्तकालय विकासमा अवसरको ढोका खोलेको हुन्छ । नेपालको संविधान २०७२ कार्यन्वयनमा आएसंगै मुलुकमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्यको संरचना रहेको छ । राज्यशक्तिको बाँडफाँड पनि संविधानमै एकल र साझा अधिकार सूचीका रूपमा उल्लेख गरेको छ ।

तीनै तहले पुस्तकालय तथा वाचनालयको विकासको जिम्मेवारी संविधानतः पाएका छन् । संविधानको भाग २० धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख छ । यसले सङ्घमा राष्ट्रिय पुस्तकालयको विकास विस्तार तथा कुशल व्यवस्थापन गरी हरेक स्थानीय तहसम्म सार्वजनिक पुस्तकालयको विकासमा सञ्जालीकरण गर्ने, सुनौलो अवसर दिएको छ ।

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को (ज) ४ मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचनाकेन्द्र र पुस्तकालयको स्थापना र प्रवद्र्धन गर्ने, उल्लेख छ । सातौं संविधानका रूपमा रहेको सङ्घीय, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अंगालेको नेपालको संविधान २०७२ मा आएर पुस्तकालयले पहिलोपटक स्थान पाएको छ । जसलाई पुस्तकालय विकास र विस्तारका लागि नीतिगत अवसरका रूपमा लिन सकिन्छ।

### ५.१.२ उद्देश्य

१. पुस्तकालय सञ्चालन तथा विकासका लागि संस्थागत संयन्त्र स्थापना गर्नु,
२. सार्वजनिक पुस्तकालयमा सबै नागरिकको समावेशी पहुँच वृद्धि गरी पठन संस्कृतिको विकास गर्नु,

### ५.१.३ रणनीति

१. गाउँपालिकास्तरमा एक सार्वजनिक पुस्तकालयको स्थापना र सञ्चालन गर्नु,
२. पुस्तकालय सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा क्षमता विकास गर्नु,
३. सार्वजनिक पुस्तकालयमा इच्छुक व्यक्तिहरूबाट पुस्तक दान गर्नका लागि उत्प्रेरित गर्ने, कार्य गर्नु,
४. सबै नागरिकहरूमा पुस्तक पढने बानिको विकास गर्नका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने,।

### ५.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

पालिकास्तरीय सार्वजनिक पुस्तकालयको स्थापना भई सबै नागरिकको समावेशी पहुँच अभिवृद्धि भएको हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक पुस्तकालयको सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| २ | सार्वजनिक पुस्तकालयमा भएका पुस्तकहरूको सङ्ख्या | ० | १०० | २०० | ३०० | ४०० | ५०० |
| ३ | सार्वजनिक पुस्तकालयमा कार्यरत दक्ष जनशक्ति | ० | १ | २ | ३ | ४ | ५ |
| ४ | सार्वजनिक पुस्तकालयमा पुस्तक दान गर्ने, व्यक्तिहरूको सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० |
| ५ | सार्वजनिक पुस्तकालयको प्रयोग गर्ने, नागरिकहरूको सङ्ख्या | ० | ५० | १०० | १५० | २०० | २५० |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | सार्वजनिक पुस्तकालय सञ्चालनका लागि मापदण्ड निर्माण गर्ने, | सङ्ख्या | १ | १ | | | | | १ | |
| २ | पुस्तकालय भवन निर्माण गर्ने, | सङ्ख्या | १ | | १ | | | | १ | |
| ३ | सार्वजनिक पुस्तकालयमा पुस्तकहरूको व्यवस्था गर्ने, | सङ्ख्या | १ | | √ | √ | √ | √ | √ | |
| ४ | पुस्तकालयमा आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने, | सङ्ख्या | २ | | १ | १ | | | २ | |
| ५ | कार्यरत जनशक्तिहरूको क्षमता विकास गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ६ | पुस्तक दान गर्न चाहने व्यक्तिहरूका लागि आवश्यक सहजीकरण गर्ने, | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।
यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

शिक्षा क्षेत्रको परिमाणमुखि विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षासम्बन्धी राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायान्र्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रूपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु,गर्नु, पर्ने अधिकतम कार्यक्रमहरू सम्पादन गर्न विद्यामान जनिशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरूको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नु,गर्नु,पर्नेआवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरूपमा अगाडी बढ्नुअति आवश्क हुन्छ । स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लाग आवश्यक क्षमता विकासका क्षेत्रहरूको पहिचान सहित योजनाबद्ध हनुपर्दछ । सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषेर्ण गर्नसकिन्छ। सर्वप्रथम संस्थाको संरचनालाई दुरूस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकूल हुनेगरी आवश्यक सङ्ख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरूको जिम्मेवारी अनुसारका कार्या गर्ना सक्नेगरी ज्ञान, सिप र क्षमताको विकास गर्नु,गर्नु,जरूरी छ। यसका अतिरिक्त पालिकाले जनसमक्ष न्यनुतम र निरन्तर पुर्याउनुपर्नेसेवाहरू मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन। यी सबै प्रकारका सेवाहरू उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तर्सथ, यो शिक्षा क्षेत्रको तर्जुमाको सन्दर्भामा संस्थागत क्षमता विकास र सुशानलाई प्रमखु साधन तथा माध्यमको रूपमा लिई योजना तर्जुमा गरिएको छ। यो डुङ्गेश्वर गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धी विषयहरू समावेश गरिएका छन। सोह्रौ योजनामा सबै जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने, कुरा उल्लेख गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन, सञ्चालन ,व्यवस्थापन ,अनुगमन, निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ । संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ । योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि कसले, के, कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरूको उत्तर संस्थामा काम गर्ने, व्यक्तित्वसँग जोडिएको हुन्छ । नेपालको संविधान, २०७२ को कार्यान्वयन संगै देशमा शिक्षा प्रशासन सम्बन्धी कार्य गर्ने, निकायहरूको संस्थागत संरचना र सँगठनात्मक स्वरूपमा फेरबदल भएको छ । नेपालको संविधान,२०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरू, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धी कार्य गर्दै आइरहेका छन् । केन्द्रदेखि स्थानीय तह सम्मका सबै संस्थागत कार्यालयहरूमा तहगत र श्रेणीगत रूपमा विभिन्न कर्मचारीको सँगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने, , कार्यालय व्यवस्थापन गर्ने,, कार्यालयको सेवा प्रवाह गर्ने, र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरूको समाधान गर्ने, कार्य भइरहेको छ । संविधान कार्यान्वयसंगै संस्थागत तथा सँगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानुनहरू नबनिसकेकाले कसले, के काम कसरी गर्ने, ? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ ।

त्यसैगरी स्थानीय तहको पुनर्संरचनासंगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज )मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । सङ्घीयता कार्यान्वयन भएको वर्षौं भइसक्दा पनि सङ्घीय शिक्षा ऐन तथा नियमावली र कानुन परिवर्तन हुन नसकेका कारण शिक्षामा अस्तव्यस्तता छाएको गुनासो पनि सुनिन थालेको छ । त्यतिमात्र होइन स्थानीय तहहरूमा भर्खर मात्र लोकसेवा आयोगबाट सिफारिस भईआएका शिक्षाका कर्मचारीहरूको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्टता नहुँदा र उनीहरूलाई क्षमता विकासका कार्यक्रमहरूमा अवसर प्राप्त नहुँदा कार्यसम्पादनमा समस्या सिर्जना हुने गरेको छ । नेपालको यो बदलिदो परिवेस अनुसार शासकीय संरचना, कार्य पद्धति, कर्मचारीहरूको क्षमता विकास तथा कानुन निर्माण गरिएमा मात्र असल शैक्षिक प्रशासन तथा सुदृढ व्यवस्थापनले गति लिइ शिक्षा क्षेत्रमा सुशासन कायम हुने निश्चित छ । सुदृढ शैक्षिक प्रशासनका लागि शिक्षा क्षेत्रमा काम गर्ने, कर्मचारीहरूको माग तथा आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रमहरू, नवप्रर्वतन,सूचना तथा सञ्चार प्रविधिमा भएको विकास र परिवर्तनसँग समायोजन हुने खालका कार्यक्रमहरू, सुशासन प्रवर्द्धन, सकारात्मक सोचाइ तथा चीन्तन र व्यवहार कुशल सिपसँग सम्बन्धित क्षमता विकासका क्रियाकलाप तथा तालिम कार्यक्रमहरू सञ्चालन गर्नु,गर्नु, जरूरी छ । जसले गर्दा शिक्षा योजनामा समावेश गरिएका लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरूको सफल कार्यान्वयनमा सहजता हुनेछ ।

### ६.१.१ वर्तमान अवस्था

नेपालमा विभिन्न तहका सरकारहरूको आ-आफ्नै संस्थागत संरचना र सँगठनात्मक व्यवस्था भएको कानुनमा डुङ्गेश्वर गाउँपालिका दैलेखको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकाको दैनिक शैक्षिक प्रशासन सञ्चालन,व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरू गर्नका लागि छुट्टै शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ । जसको सँगठन संरचनालाई हेर्दा उक्त शाखामा १ जना अधिकृतस्तर छैठौं र

१ जना प्राविधिक सहायक पाँचौं रहने व्यवस्था रहेको छ । त्यसैगरी डुङ्गेश्वर गाउँपालिकाको शिक्षा ऐन, २०७५ मा शिक्षा अधिकृत र प्राविधिक सहायकको काम,कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । साथै दरबन्दी तेरिजमा २ वटा मात्र दरबन्दीको व्यवस्था गरिएको भएतापनि उक्त ऐनमा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको व्यवस्था गर्ने, कुरा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन तथा शिक्षा ऐनमा व्यवस्था भएको भएतापनि शिक्षा शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न पाएको छैन । शाखामा विद्यमान कर्मचारीहरूलाई क्षमता विकासका तालिमहरूको व्यवस्थापन नहुदाँ दैनिकजसो असहजता सिर्जना हुने गरेको छ । विद्यालय शिक्षासँग सम्बन्धित शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको रकम निकासा एवम्म् वितरणदेखि लिएर आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षा गरेबमोजिम व्यवस्थित हुन सकेको छैन । यसैगरी शिक्षा सँगसंगै युवा तथा खेलकुद शाखा भनि नामाकरण गरिएतापनि हालसम्म युवा तथा खेलकुदका कार्यक्रमहरू यस शाखाले सञ्चालन गर्न पाएको छैन साथै शाखामा युवा तथा खेलकुदका लागि भनेर छुट्टै कर्मचारीको व्यवस्था पनि नभएको अवस्था छ । साथै शाखामा विद्यामान जनशक्तिले प्रशासनिक कार्यमा बढी समय बिताउनुपर्ने बाध्यता भएकाले विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन ।

यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम पास गर्ने, कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने, कार्य, गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस, प्राप्त बजेटको बाँडफाँड, शिक्षा सम्बन्धी महत्वपूर्ण निर्णयहरू गर्ने,, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने, कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने,, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने, कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धी कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरूमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरू बढदै गएको देखिन्छ ।

**चुनौती र अवसरहरुः**

नेपाल सङ्घीय संरचनामा गएको ७ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरू रहेको प्रष्टै देखिन्छ । जसमा शिक्षा सम्बन्धी स्पष्ट कानुनको व्यवस्था गर्नु,शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु,नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु,शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नु,गर्नु, तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बीच सहसम्बन्ध, समन्वय र सहकार्य कायम गर्नु,गर्नु, जस्ता चुनौतीहरू शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरू हुन ।

यसैगरी यि चुनौतीहरूसंगै केहि अवसरहरू पनि यस क्षेत्रमा देखापरेका छन् । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु, विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवस्थापन हुनु , गाउँपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरूको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरू मान्न सकिन्छ ।

## ६.१.२ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,

२. सङ्घ,प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,
३. कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
४. आवश्यकता र कानुन अनुकूल जनशक्ति र संस्थाको व्यवस्थापन र क्षमता अभिबृद्धि गर्नु,गर्नु, ।

### ६.१.३ रणनीति

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानुन निमार्ण गर्नु,
२. विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु,
३. शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरूको क्षमता विकास गर्नु,
४. पालिकास्तरमा गठित  शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने ।
५. वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाईनेछ ।
६. विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं. शि.अ.सं.तथा प्रधानाध्यापकहरूको क्षमता विकास गर्नु,
७. सङ्घ, प्रदेश र स्थानीय सरकारका बीच सह-सम्बन्ध, सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने, परिपाटी सुरू गर्नु,

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने।

**प्रमुख नतिजाः**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८२ /०८३ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक स्पष्ट कानुन तथा मापदण्ड तयार हुने | ० | ० | १ | - | - |
| २ | शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने, | ० | ० | १ | १ | १ |
| ३ | शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने, | १ | १ | १ | १ | १ |
| ४ | शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने, | ० | १ | १ | १ | १ |
| ५ | सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक,प्रभावकारी तथा कुशल हुने । | १ | १ | १ | १ | १ |

६.१.५प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा योजनाको कार्यान्वयन तथा शैक्षिक प्रशासन सञ्चालनका लागि आवश्यक कानुनी प्रबन्ध र मापदण्डको विकास तथा संशोधन गर्ने, | सङ्ख्या | १ | | | | १ | २ | निरन्तर |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम्म् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने, | पटक | १ | | | | | १ | निरन्तर |
| ३ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरूको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | तथ्याङ्क तथा सूचकहरूको वास्तविक प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा समयमै सूचना सम्प्रेषण गर्ने, प्रणालीको स्थापना गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षा क्षेत्रमा काम गर्ने, सबै जनशक्तिहरूसँग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने पद्धतिको विकास गर्ने, | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ६ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रणाली स्थापना गरी तिनीहरूको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | | | | | | | | |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरू मार्फत अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रूपमा परिचालन गर्ने, | पटक | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने, | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ९ | सम्पूर्ण विद्यालयहरूले वार्षिक रूपमा सबै अभिभावक तथा सरोकारवालाहरूको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गर्ने, प्रद्धतिको विकास गर्ने, | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| १० | उत्कृष्ट कार्यसम्पादन गर्ने, शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने, (सम्मान,प्रसंशा, पुरस्कार,बढुवा, ग्रेडवृद्धि आदि) | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रूपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरूमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ । लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,र जीवन पयान्त शिक्षाका अवसर उपलब्ध गराउनेउल्लेख गरेको छ । यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन । विगतमा तर्जुमा गरिएका शिक्षा नीतिको कार्यान्वयन पक्ष कम्जोर हुदा औपचारिकता लागी मात्र तर्जुमा भएको देखिन्छ । तसर्थ, यो योजना यस डुङ्गेश्वर गाँउपालिका शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आकलन गरी

बनाइएको हुदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने,आधारमात्रको रूपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ठ कानुन सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरूप पको रणनीति र कार्यनीति तयार गरिएको हुदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ । विगतमा सञ्चालित शिक्षा क्षेत्रमा कार्यक्रमहरूले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागीएको हो। यस योजनासँग सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठन गर्ने,। उक्त समितीको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमखु लाई तोकिने छ। साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरूपमा यही समितिले गर्ने,छ। यो समितीको कार्य निम्न बमोजिम हुनेछ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने,।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरूप बार्षिक रूपमा अध्यावधिक गर्ने, गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने, गराउने,
- स्थानीय सरकार र अन्य सङ्घ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुनेशिक्षा क्षेत्रका कार्यक्रमरू बीच समन्वय गर्ने, गराउने,
- समिति सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमको अनुगमन गर्ने,,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने,
- अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धी अध्ययन, अन्वेषण गर्ने,गराउने, र अन्य आवश्यक कार्यहरू गर्ने,, गराउने,

### ६.२.२ उद्देश्य

१. स्थानीय तहमा सञ्चालन हुनेशैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढिकरण गरी यो डुङ्गेश्वर गाँउपालिका शिक्षा योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु,गर्नु, ।
२. यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नु,गर्नु,
३. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु,
४. बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
५. बार्षिक कार्यक्रमकार्यान्वयन र स्रोत परिचालन एवम्म् प्रतिवेदन पद्धतिलाई दिशानिर्देशन गर्नु,गर्नु,/ गराउनु

### ६.२.३ रणनीति

१. नीति तर्जुमा आधाररत अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने,।
२. सङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत सङ्लग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमतयार गर्ने,।
३. कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार संस्कृति, कार्यविधि तथा निर्देशिका विकास गर्ने,।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने,, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक सङ्घ गठन गर्ने, र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्ने,।
७. विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
८. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागुगर्ने,।
९. अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने, र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
१०. समुदायिक सिकाइ केन्द्र मार्फत सबैउमेर समूहका सिकारूहरूका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्नु,

## ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सुचक | आधार वर्ष २०८१ | २०८२ /०८३ | २०८३/ ०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढिकरण भएको हुनेछ । | ० | १ | १ | १ | १ |
| २ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ । | ० | १ | १ | १ | १ |
| ३ | बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन् | ० | १ | १ | १ | १ |
| ४ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढिकरण भएको हुनेछ । | १ | १ | १ | १ | १ |
| ५ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको | ० | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ । | | | | | |
| ६ | बार्षिक कार्यक्रमतर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन् | १ | १ | १ | १ | १ |

६.२.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | ० | १ | - | - | - | १ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम्म् अद्यावधिक | विद्याल य | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# परिच्छेदः ७

## ७.१ स्रोत र लगानी व्यवस्थापन

कुनैपनि योजना निर्माण गर्दैमा त्यसले प्रतिफल दिँदैन । योजनामा समावेश गरिएका लक्ष्य,उद्देश्य तथा सकारात्मक प्रतिफलको प्राप्तिका लागि त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,गर्नु,पर्ने हुन्छ । योजनाको पूर्णरूपमा कार्यान्वयन गरी त्यसको नतिजा प्राप्तिका लागि प्रयास लगानीको आवश्यक्ता पर्दछ । लगानी गर्नका लागि स्रोतको खाँचो पर्दछ किनकी स्रोत योजनाको मुटु हो । योजनाको कार्यान्वयन स्रोत र लगानीसँग जोडिने हुनाले योजनाको कार्यान्वयनमा स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको सन्दर्भमा शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यन्वयन गरी शैक्षिक सुधार गर्न आवश्यक पर्ने विभिन्न पक्षहरूको व्यवस्थापनका लागि सङ्घीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारले आर्थिक स्रोतको प्रबन्ध गर्दै आएका छन । नेपालको संविधान, २०७२ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेतापनि हालको परिप्रेक्ष्यमा शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको अवस्था रहेकाले सङ्घीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन् ।

विद्यमान संविधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा नि:शुल्क भएसंगै विद्यालय शिक्षाको सम्पूर्ण क्षेत्रमा सरकारले नै लगानी गरेको पाइन्छ । सङ्घीय सरकारले वार्षिक ससर्त अनुदानको रूपमा शिक्षक/कर्मचारी तलब भत्ता, भौतिक पूर्वाधारका संरचनाहरूको निर्माण, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, विभिन्न किसिमका आवासीय तथा गैरआवासीय छात्रवृत्ति, कक्षा ६-१२ का छात्राहरूका लागि नि;शुल्क स्यानिटरी प्याड, सार्वजनिक विद्यालयका कक्षा १-१२ का

विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक, बालविकास कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि दिवा खाजा अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, नमूना विद्यालयका लागि अनुदान, राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन र अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि अनुदान जस्ता कार्यक्रम शीर्षकका रकमहरू स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी पठाउने र सो अनुदान रकमलाई स्थानीय आवश्यक्ता अनुसार विद्यालयहरू प्राथमिकीकरण गरी वितरण गर्ने, व्यवस्था रहेको छ । यसैगरी प्रदेश सरकारले पनि विद्यालको भौतिक पूर्वाधार विकाश, उच्च शिक्षाका लागि छात्रवृत्ति, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरूमा प्रशस्त लगानी गर्दै आएको छ ।
नेपाल सरकारको सबैका लागि शिक्षा कार्यक्रम शीर्षक र विद्यालय क्षेत्र विकास कार्यक्रम SSDP अन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयनका साथै हालै पछिल्लो समयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम ( पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आइ.सी.टी. ल्याव स्थापना) का लागि विद्यालयले पेश गरेको प्रस्ताव र स्थानीय तहको प्राथमिकीकरण एवम्म् सिफारिसका आधारमा विद्यालय छनौट गरी स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि बजेट हस्तान्तरण गरी पठाउने कार्यको थालनी गरेको छ । यसैगरी स्थानीय तहहरूले पनि आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्नका लागि विभिन्न कार्यक्रमका शीर्षकहरूमा बजेट बिनियोजन गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रयास गरिरहेका छन् । ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरूमा बालबालिकाहरूको सहज पहुँच विस्तार गर्न थप विद्यालय स्थापना र सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा पालिका अनुदानका शिक्षक दरबन्दीको व्यवस्थापन विभिन्न किसिमका शैक्षिक भत्ताको व्यवस्था, शिक्षकहरूको क्षमता विकासका छोटा तालिमको सञ्चालन, विद्यार्थीको प्रतिभा विकासका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन , आर्थिक तथा सामाजिक रूपले पछाडि परेका,अपाङ्गता भएका बालबालिकाहरूका लागि विषेश कार्यक्रम जस्ता विविध शैक्षिक कार्यक्रमहरूका लागि स्थानीय तहहरूले स्रोत पहिचान गरी शिक्षामा लगानी गरेको पाइन्छ ।
साथै शिक्षाको क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू तथा साझेदार निकायहरूले पनि प्रशस्त लगानी गरेको पाइन्छ । त्यतिमात्र नभई शैक्षिक विकासका निमित्त आम अभिभावक,समुदाय, विभिन्न दाताहरूले पनि आर्थिक लगानी गरेको पाइन्छ । यसरी जुन तहको सरकार, सङ्घ संस्था तथा निकायहरूले जसरी लगानी गरेतापनि सबैको लक्ष्य भनेको शैक्षिक गुणस्तर सुधार गरी समग्र शैक्षिक प्रणालीलाई बलियो बनाउनुमा केन्द्रित रहेको छ ।

## ७.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले शिक्षालाई तिनवटै सरकारको अधिकारको साझा सूचीमा समावेश गरेसंगै विद्यालय शिक्षामा सबै तहका सरकारले आ-आफ्नो तवरबाट लगानी तथा स्रोत व्यवस्थापन गरेको पाइन्छ । नेपालको इतिहासमा शैक्षिक अवस्थाको अध्ययन गरी सुझाव दिनका लागि विभिन्न समयमा गठन भएका राष्ट्रिय शिक्षा आयोग तथा कार्यदलले सार्वजनिक गरेका प्रतिवेदनहरूले शिक्षा क्षेत्रमा कूल बजेटको कम्तिमा २० प्रतिशत रकम विनियोजन गर्नका लागि सुझाव दिएतापनि शिक्षा क्षेत्रको बजेट प्रत्येक आर्थिक वर्षहरूमा क्रमश ऋणात्मक रूपमा विनियोजन हुदै गइरहेको तितो थयार्थ हामीमाझ छ । त्यसमा पनि विनियोजित बजेटको करीव ७० प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता शिर्षकमा खर्च हुने गरेको छ भने बाँकी बजेट विद्यार्थी छात्रवृत्ति, पाठ्यपुस्तक , भौतिक पूर्वाधार निर्माण तथा विद्यालय सञ्चालन तथा व्यवस्थापन जस्ता क्षेत्रमा खर्च हुने गरेको छ । यसैगरी प्रदेश सरकारले विनियोजन गर्ने, बजेटमा विद्यालयको भौतिक पूर्वाधार विकासका क्षेत्रमा खर्च हुने गरेको पाइन्छ । साथै डुङ्गेश्वर गाउँपालिकाले विनियोजन गरेको बजेट हेर्दा कूल बजेटको ७.९ प्रतिशत देखिएको छ । जुन राष्ट्रिय बजेट जति पनि होइन् । त्यसमध्ये पनि ७० प्रतिशत बजेट शिक्षक तथा कर्मचारीहरूको तलव भत्तामा नै खर्च हुने गरेको छ । विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने शिक्षकको समय अनुकूलको क्षमता विकास,विद्यालयहरूको प्रविधिमैत्री विकास, सूचना तथा सञ्चार प्रविधिमा सबैको

पहुँच, विद्यालयको शैक्षिक सामग्री व्यवस्थापन तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि न्यून बजेट विनियोजन हुनुले शैक्षिक गुणस्तर सुधारमा चुनौती थपेका छन् ।

स्रोत र लगानी व्यवस्थापनको सन्दर्भ जोडदा डुङ्गेश्वर गाउँपालिका दैलेखले निर्माण गरेको यस दश वर्षे गाउँ शिक्षा योजना कार्यान्वयनका लागि वित्तीय व्यवस्थापनको मुख्य स्रोत सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिका दैलेख रहनेछन् । यसका साथै शैक्षिक गुणस्तर सुधार तथा उन्नयनका लागि शिक्षा क्षेत्रमा काम गर्ने, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग आवश्यक्ता अनुसार लागत साझेदारी गर्नु, साथै स्रोत व्यवस्थापनमा यस क्षेत्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ ,अभिभावकहरू र आम समुदायको अहम भूमिका रहनेछ । यसैगरी यस योजनाको कार्यान्वयन गर्दा वित्तीय व्यवस्थापनको पाटो अन्तर्गत मुख्यतया आर्थिक स्रोतहरूको खोजी तथा सङ्कलन गर्ने,, प्राप्त स्रोतलाई प्राथमिकताक्रम निर्धारण गरी आवश्यकता अनुसारका क्षेत्रमा लगानी गर्ने, र लगानी भएका स्रोत साधनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने, मुख्य जिम्मेवारी डुङ्गेश्वर गाउँपालिकाको हुनेछ ।

**चुनौती तथा अवसरहरुः**

शिक्षा योजनामा समावेश भएका शिक्षाका कार्यक्रमहरूको कार्यान्वयन गरी शैक्षिक गुणस्तर सुधारका लागि प्रयाप्त लगानीको प्रबन्ध गर्नु,सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान आवश्यक्तानुसार खर्च गर्नु,भौतिक पूर्वाधार निर्माणका कार्यहरू समयमै सम्पन्न गर्नु,शिक्षा क्षेत्रको लगानीमा आम अभिभावकहरूको सहभागिता वृद्धि गर्नु,सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा प्रयाप्त लगानी गर्नु,आर्थिक नियमितता,कार्यकुशलता र पारदर्शीतामा विद्यालयलाई जवाफदेही र जिम्मेवार बनाउनु जस्ता चुनौतीहरू स्रोत लगानी व्यवस्थापनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन ।

यसैगरी विविध चुनौतीहरूका बीच पनि नेपालको वर्तमान संविधानले शिक्षालाई तिनवटै सरकारको साझा अधिकार भित्र राख्नु, आधारभूत र माध्यमिक तह स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्नु, तिनै तहका सरकारले शिक्षामा लगानी वृद्धि गर्नु,विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्था तथा दातृ निकायहरूले शिक्षामा साझेदारी गर्नु,गर्नु, ,आम अभिभावकको विद्यालय शिक्षामा लगानीका लागि चासो र चिन्तन बढदै जानु,संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई नि:शुल्क लिन पाउने व्यवस्था गर्नु,विद्यालय शिक्षामा विभिन्न किसिमका छात्रवृतिको व्यवस्था हुनु जस्ता कुराहरूले विद्यालय शिक्षाको स्रोत र लगानीको क्षेत्रमा अवसर सिर्जना गरेका छन् ।

## ७.३ उद्देश्य

डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रमा सबैको पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि प्रयाप्त लगानी सुनिश्चित गर्न देहायबमोजिमका उद्देश्यहरू तय गरीएका छनः

१. योजना अवधि (२०७८/०७९-२०८२/०८३) का लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,गर्नु,,
२. शिक्षा योजनामा पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरूको पहिचान गर्नु,गर्नु,,
३. विभिन्न निकायबाट उपलब्ध हुने स्रोतको आधारमा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,गर्नु,,
४. शिक्षाका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापनका लागि खर्चको प्रक्रिया,दायित्व र जिम्मेवारी स्पष्ट गर्नु,गर्नु,,
५. विद्यालय शिक्षाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता र पारदर्शीता कायम गर्नु,गर्नु, ।

## ७.४ रणनीति

यस योजनाले तय गरेका स्रोत र लगानी व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्यहरू पूरा गर्नका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछः

१. सङ्घीय सरकार र प्रदेश सरकारको लगानीको अनुपातमा गाउँपालिकाको स्रोतबाट पनि विद्यालय शिक्षामा लगानी वृद्धि गर्नु,

२. यस गाउँपालिका भित्रका लक्षित वर्गको शैक्षिक पहुँच, सहभागिता एवम्म् गुणस्तर सुनिश्चित गर्नका लागि थप लगानीको व्यवस्था गर्नु,
३. शैक्षिक विकासका लागि विनियोजित तथा वितरित र उपलब्ध स्रोतको उपयोग गर्नका लागि विद्यालयलाई जबाफदेही बनाउने ।
४. पालिकाले विनियोजन गर्ने, वार्षिक कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्नु,
५. विद्यालय शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्नु,
६. सङ्घ,प्रदेश तथा स्थानीय सरकारले निर्धारण गरेको मापदण्डका आधारमा खर्च गर्ने, र सोको प्रतिवेदन पेश गर्ने, पद्धति अवलम्बन गर्नु,
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

## ७.५ प्रमुख उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

## ७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ६,३००,००० | ६,५२०,५०० | ६,७४८,७१८ | ६,९८४,९२३ | ६,९८४,९२३ | ३३,५३९,०६३ | |
| २ | आधारभूत शिक्षा | ६९२४२००० | ७१६६५४७० | ७४१७३७६१ | ७६७६९८४३ | ७९४५६७८८ | ३७१,३०७,८६२ | |
| ३ | माध्यमिक शिक्षा | २२,२६५,०००० | २३,०४४,२७५ | २३,८५०,८२४ | २४६८५६०३ | २५५४९५९९ | ११९,३९५,३०३ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | - | ७००,०००.०० | ७२४,५००.०० | ७४९८५७.५ | ७७६१०२.५१२५ | २,९५०,४६० | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १,६००,००० | १,६५६,००० | १,७१३,९६० | १,७७३,९४९ | १,८३६,०३७ | ८,५७९,९४५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ८००,००० | ८२८,००० | ८५६,९८० | ८८६,९७४ | ९१८,०१८ | ४,२८९,९७३ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ४,९११,००० | ५,०८२,८८५ | ५,२६०,७८६ | ५,४४४,९१३ | ५,६३५,४८५ | २६,३३५,०७० | |
| ८ | शिक्षामा समता र समावेशीकरण | २,०६६,००० | २,१३८,३१० | २,२१३,१५१ | २,२९०,६११ | २,३७०,७८३ | ११,०७८,८५४ | |
| | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ६१९७००० | ६४१३८९५ | ६६३८३८१ | ६८७०७२५ | ७१११२०० | ३३२३१२०१ | |
| ९ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ७००,००० | ७७०,००० | ८४७,००० | ९३१,७०० | १,०२४,८७० | ४,२७३,५७० | |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | ५,५९०,००० | ५,७८५,६५० | ५,९८८,१४८ | ६,१९७,७३३ | ६,४१४,६५४ | २९,९७६,१८४ | |
| ११ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ९०३००० | ९३४६०५ | ९६७३१६ | १००११७२ | १०३६२१३ | ४,८४२,३०७ | |
| १२ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १०४८००० | १०८४६८० | ११२२६४४ | ११६१९३६ | १२०२६०४ | ५६१९८६४ | |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५०००००० | |

## ७.६ योजनाको वार्षिक बजेट तर्जुमा

यहाँ योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत गरी सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक बजेट निर्धारण गरिएको छ।

| क्र. स | विद्यालय शिक्षाका मुख्य तथा अन्तर्सम्वन्धित उपक्षेत्र तथा विषयहरू | योजनाको पाँच वर्षको कुल लागत | भौतिक लक्ष्य (५ वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| | **प्रारम्भिक बालविकास र शिक्षा** | ३३,५३९,०६३ | ६,३००,००० | ६,५२०,५०० | ६,७४८,७१८ | ६,९८४,९२३ | ६,९८४,९२३ |
| | ELDS Report Card को प्रयोग | | ५३० | ५३० | ५३० | ५३० | ५३० |
| | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | | ४५० | ४५० | ४५० | ४५० | ४५० |
| | कक्षा कोठा व्यवस्थापन | | ९०० | ९०० | ९०० | ९०० | ९०० |
| | बहुभाषिक कक्षा सञ्चालन | | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा भत्ता | | ७१९४२७० | ७४४५९८७ | ७७०६५०४ | ७९७६१३० | ७७०६१४४ |
| | **आधारभूत शिक्षा (कक्षा १ -८)** | ३७१,३०७,८६२ | ६९२४२००० | ७१६६५४७० | ७४१७३७६१ | ७६७६९८४३ | ७९४५६७८८ |
| | कक्षा कोठा व्यवस्थापन | | ६३८० | ७०१८ | ७७२० | ८४९२ | ९३४१ |
| | | | १५०० | १६५० | १८१५ | १९९७ | २१९६ |
| | घुम्ती शिक्षक बैठक | | ४० | ५० | ६० | ७० | ८० |
| | शिक्षण सिकाई आपुरण (कक्षा १-८) | | ५६७ | ६२४ | ६८६ | ७५५ | ८३० |
| | विद्यालयमा खानेपानी तथा सरसफाई | | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | बहुभाषिक कक्षा सञ्चालन | | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| | आधारभूत तहका शिक्षकको पारिश्रमिक तथा भत्ता | | ५४३४८०१३ | ५६२४९६५३ | ५८२१७७९६ | ६०२५४७६४ | ६२३६२९६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | ११९,३९५,३०३ | २२,२६५,००० | २३,०४४,२७५ | २३,८५०,८२४ | २४६८५६०३ | २५५४९५९९ |
| कक्षा कोठा व्यवस्थापन | | ८०० | ८८० | ९६८ | १०६५ | ११७१ |
| निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | | १६० | १७६ | १९४ | २१३ | २३४ |
| घुम्ती शिक्षक बैठक | | २० | २२ | २४ | २७ | २९ |
| शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | | १०२० | ११२२ | १२३४ | १३५८ | १४९३ |
| विद्यालयमा खानेपानी तथा सरसफाई | | ४०० | ४४० | ४८४ | ५३२ | ५८६ |
| माध्यामिक तहका शिक्षकको पारिश्रमिक तथा भत्ता | | २०५३७६०० | २१२५६२६० | २२०००५८ | २२७६९८७० | २३५६६६०९ |
| **पाठ्यक्रम तथा पाठ्यसामाग्री र मूल्यांकन** | ४,२८९,९७३ | ८००,००० | ८२८,००० | ८५६,९८० | ८८६,९७४ | ९१८,०१८ |
| **शिक्षक व्यवस्थापन र विकास** | २६,३३५,०७० | ४,९११,००० | ५,०८२,८८५ | ५,२६०,७८६ | ५,४४४,९१३ | ५,६३५,४८५ |
| **अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ** | ८,५७९,९४५ | १,६००,००० | १,६५६,००० | १,७१३,९६० | १,७७३,९४९ | १,८३६,०३७ |
| अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी क्रियाकलाप सञ्चालन | | २४७३०५ | २५५४०५ | २८००९८ | ३०८२६६ | ३१८९७९ |
| विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | | १५० | १६५ | १८५ | २०० | २१५ |
| सामुदायिक सिकाई केन्द्र सञ्चालन | | ९०० | १२०० | १४०० | १५०० | १६०० |
| रूपान्तरण कक्षा संचालन | | ३४५ | ३८० | ४१७ | ४५९ | ५०५ |
| राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | | | ३०० | ३५० | ४०० | ४५० |
| किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | | १००० | १००० | १००० | १००० | १००० |
| किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | | २५० | २५० | २५० | २५० | २५० |
| किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | | ५० | ५० | ५० | ५० | ५० |
| **प्राविधिक तथा व्यवसायिक शिक्षा** | २९९५०४६० | - | ७००,०००.०० | ७२४,५००.०० | ७४९८५७.५ | ७७६१०२.५१२५ |
| **शैक्षिक समता तथा समावेशीकरण** | ११,०७८,८५४ | २,०६६,००० | २,१३८,३१० | २,२१३,१५१ | २,२९०,६११ | २,३७०,७८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिभावक क्षिक्षा | ९१६ | १५० | १६५ | १८२ | २०० | २२० |
| | अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| | SATC सवलीकरण | ६११ | १०० | ११० | १२१ | १३३ | १४६ |
| | मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० |
| | छात्रवृत्ति तथा प्रोत्साहन | १५०१४९०४ | २७९९२५० | २८९७२२५ | २९९८६२७ | ३१०३५७७ | ३२१०२५६ |
| | **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | ३३२३१२०१ | ६१९७००० | ६४१३८९५ | ६६३८३८१ | ६८७०७२५ | ७१११२०० |
| | **आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | ४,२७३,५७० | ७००,००० | ७७०,००० | ८४७,००० | ९३१,७०० | १,०२४,८७० |
| | विपतका समयमा सिकाइ निरन्तरताकालागि सिकाइ आपूरण द्रुत सिकइ योजना संचालन | | १२५६४०० | १२९६७५० | १४२२४५० | १५६४७४० | १६१८४७२ |
| | बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना तर्जुमा र कार्यान्वयन | | २०० | २०० | २०० | २०० | ८०० |
| | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एवम् अद्यावधिक | | २५० | १०० | १०० | १०० | १०० |
| | जलवायु परिवर्तन अनुकुलन सहयोग | | १५० | १५० | १५० | १५० | ६०० |
| | **विद्यालय भौतिक पूर्वाधार विकास** | २९,९७६,१८४ | ५,५९०,००० | ५,७८५,६५० | ५,९८८,१४८ | ६,१९७,७३३ | ६,४१४,६५४ |
| | निर्माण कार्य | | ४७००००० | ४८००००० | ५२००००० | ५६७०००० | ५७८९४५० |
| | फर्निचर, उपकरण तथा जडान सामग्री | | ३००००० | ४००००० | ५००००० | ६००००० | ७००००० |
| | **शिक्षामा सूचना प्रविधि** | ४,८४२,३०७ | ९०३००० | ९३४६०५ | ९६७३१६ | १००११७२ | १०३६२१३ |
| | संस्थागत संरचना र क्षमता विकास | ५६१९८६४ | १०४८००० | १०८४६८० | ११२२६४४ | ११६१९३६ | १२०२६०४ |
| | स्थानीय शिक्षा योजना कार्यान्वयन | ११९०९ | ९४५ | १५७५ | २५०० | ३३८९ | ३५०० |
| | अनुगमन तथा मूल्याङ्कन | ११९०९ | ९४५ | १५७५ | २५०० | ३३८९ | ३५०० |
| | **कुल जम्मा** | ८४९२८४९२६ | ११२०७९००० | १७३५२६६०५ | १८०७७३०८५ | १८८४३०१११ | १९४४७६१२५ |

## ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस दश वर्षे गाउँ शिक्षा योजनाको कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका कार्यक्रमलाई वार्षिक रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा स्रोत सुनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरिनेछ । उक्त वार्षिक कार्यान्वयन रणनीतिक कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ । वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानिनेछ ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन् ।

योजना निर्माण गरेर मात्र हुदैन । योजनाको प्रभावकारिता त्यतिबेला मात्र देखिन्छ जतिवेला योजनाको सफल रूपमा कार्यान्वयन हुन्छ । योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरू पूरा गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कन तथा समन्वय र सहजीकरणको उपयुक्त व्यवस्था गर्नु,गर्नु,पर्ने हुन्छ । योजनाको सफल कार्यान्वय ,अनुगमन र मूल्याङ्कन गर्नका लागि सङ्गठन तथा संरचना निर्माण, जनशक्ति, नीति, कानुन तथा मापदण्डको तयारी , बार्षिक योजना निर्माण, क्रियाकलाप निर्धारण, वित्तीय व्यवस्थापन तथा जिम्मेवारी र उत्तरदायित्व बाँडफाँड जस्ता कुराहरूको उचित प्रबन्ध गर्नु,गर्नु,पर्ने हुन्छ । यसैगरी शिक्षाका कार्यक्रमहरूमा स्रोत र साधनको वितरण कसरी भइरहेको छ, समुचित तरिकाले लगानीको प्रवाह भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न कार्यक्रम कार्यान्वयनको अवस्था र प्रगतिका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, एवम्म् जाँचबुझ गर्ने, गराउने कार्य अनुगमन हो । अनुगमनले सञ्चालित कार्यक्रमको वर्तमान अवस्था तथा प्रगतिको बारेमा जानकारी गराउँछ । साथै शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता र प्रभावकारिताको बारेमा व्यवस्थित एवम्म् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने, कार्य मूल्याङ्कन हो । मूल्याङ्कनको सम्बन्ध प्रतिफलसँग जोडिएको हुन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउनका लागि अनुगमन र मूल्याङ्कनले महत्वपूर्ण सहयोग गर्दछन् ।

नेपालमा योजनाबद्ध विकासको सुरूवात भएसंगै विकास आयोजनाको अनुगमन तथा मूल्याङकन गर्ने, परिपाटी बसेको भएतापनि आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङकन गर्ने, व्यवस्थाको सुरूवात भएको हो । यसैगरी २०४९ देखि अनुगमन तथा मूल्याङकनलाई योजना कार्यान्वयनको एउटा पद्धतिको रूपमा विकास गरियो । साथै आठौं आवधिक योजनादेखि नै विगतका अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था ,उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङकनको व्यवस्था सहितको बलियो अनुगमन तथा मूल्याङकन प्रणाली लागू गरियो ।

## ८.१ वर्तमान अवस्था

यस गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार तथा विकासका लागि मार्गदर्शकको रूपमा रहने यस दश वर्षीय शिक्षा योजनाको सफल कार्यान्वयन गर्नु,गर्नु, डुङ्गेश्वर गाउँपालिकाको प्रमुख जिम्मेवारी हुनेछ । यस योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरणका लागि शिक्षा योजनाको बारेमा सबैलाई जानकारी गराउने, योजनामा समावेश भएका क्रियाकलापहरू सञ्चालनका लागि आवश्यक ऐन, नियम, कानुन, मापदण्ड तथा कार्यविधि तयार पार्ने, बजेट विनियोजन गर्ने,, सस्थागत संरचनाको तयारी र क्षमता विकास गर्ने,, सम्बन्धित क्षेत्रका जनशक्तिहरूको व्यवस्थापन तथा तिनिहरूको क्षमता विकास गर्ने,, शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता गराउने, साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्ने, जस्ता कार्यहरू गरिनेछ । नेपालको वर्तमान परिप्रेक्षलाई हेर्दा यस शिक्षा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका लागि तपसिल बमोजिमको संयन्त्र रहेको छः

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
|---|---|---|---|---|
| पालिका शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्नु,<br>• मूल्याङ्कन प्रक्रिया र रिपोर्ट तयार गर्न निर्देशन दिनु | सबै विद्यालय तथा योजनाहरूको अनुगमन गर्ने | मासिक |
| वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्नु, | सबै योजनाका कार्यहरूको अनुगमन गर्ने | त्रैमासिक, वार्षिक, वा आवश्यकता अनुसार |
| पालिका शिक्षा शाखा | - योजनाको समग्र अनुगमन र मूल्याङ्कनको निर्देशन र समन्वय | • योजना र कार्यक्रमहरूको समग्र अनुगमन गर्ने<br>• मूल्याङ्कन प्रक्रिया र रिपोर्ट तयार गर्न निर्देशन दिने | • सबै योजनाका कार्यहरूको अनुगमन गर्ने<br>• प्रगति रिपोर्ट सङ्कलन र समीक्षा गर्ने | - त्रैमासिक, वार्षिक, वा आवश्यकता अनुसार |
| वडा अध्यक्ष | - वडास्तरीय अनुगमन र मूल्याङ्कनको समन्वय | • अनुगमन र मूल्याङ्कनको कार्यप्रवाहमा सहकार्य गर्नु,<br>• विद्यालय र शिक्षकसँग समन्वय गर्नु, | वडास्तरीय अनुगमनको समन्वय र निगरानी गर्नु, | - त्रैमासिक, आवश्यकता अनुसार |

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
|---|---|---|---|---|
| शिक्षक प्रतिनिधि | - शिक्षा प्रक्रियामा प्रत्यक्ष सङ्लग्न हुनु | • कक्षामा भएका शैक्षिक प्रक्रियाको मूल्याङ्कन गर्नु,<br>• विद्यार्थीको प्रगति र मूल्याङ्कनको डेटा सङ्कलन गर्नु, | कक्षामा सिकाइको मूल्याङ्कन र प्रतिवेदन तयार गर्नु, | - मासिक, आवश्यकता अनुसार |
| विद्यालय व्यवस्थापन समिति | विद्यालयको कार्यान्वयन निगरानी गर्नु, | • विद्यालय स्तरमा अनुगमन र मूल्याङ्कनको कार्यविधि सुनिश्चित गर्नु,<br>• शिक्षक र विद्यार्थीको प्रदर्शन मूल्याङ्कन गर्नु, | विद्यालय स्तरमा अनुगमन र व्यवस्थापनको मूल्याङ्कन गर्नु, | - त्रैमासिक, वार्षिक |
| समुदायका सदस्य | योजना कार्यान्वयनको स्थानीय स्तरमा सहभागिता | योजना र गतिविधिहरूको कार्यान्वयनमा सहभागिता जनाउनु<br>अनुगमन र मूल्याङ्कनमा स्थानीय दृष्टिकोण दिनु | - विद्यालयमा हुने गतिविधिहरूको अनुगमन र प्रतिवेदन तयार गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |
| अभिभावक समिति | - विद्यार्थीको प्रगति र शिक्षा प्रक्रियामा सरोकार | • विद्यार्थीहरूको शिक्षासम्बन्धी गतिविधि र प्रगतिको अनुगमन गर्नु,<br>• अभिभावकको समन्वय र सहयोग प्रदान गर्नु, | - अभिभावकका दृष्टिकोणबाट विद्यार्थीहरूको प्रगति मूल्याङ्कन गर्नु, | - त्रैमासिक, आवश्यकता अनुसार |
| शिक्षक (सामान्य) | - शिक्षण र मूल्याङ्कनको क्रियावलीमा प्रत्यक्ष सङ्लग्न | • विद्यार्थीहरूको मूल्याङ्कन रिपोर्ट तयार गर्नु,<br>• सिकाइको स्तर र कक्षाको कार्यान्वयन मापन गर्नु, | - कक्षामा सिकाइको प्रगति अनुगमन गर्नु,<br>- मूल्याङ्कन रिपोर्ट तयार गर्नु, | मासिक, आवश्यकता अनुसार |
| विद्यार्थी | - सिकाइ प्रक्रियामा सक्रीय सहभागी | • आफूले सिकेका कुरा मूल्याङ्कनको आधारमा प्रतिक्रिया दिनु<br>• योजनामा आधारित परियोजनामा सक्रीय रहनु | - व्यक्तिगत सिकाइको अनुगमन र प्रगति रिपोर्टमा सहभागिता जनाउनु | - निरन्तर, शिक्षा अवधिमा |
| सम्बन्धित सरकारी निकाय | - शिक्षा क्षेत्रको नीति र नियमहरूको निगरानी गर्नु, | • शिक्षा ऐन र नियमहरूको अनुपालन सुनिश्चित गर्नु,<br>• कार्यान्वयनको सहीताका लागि स्रोत र साधन उपलब्ध गराउनु | - शिक्षा ऐन र नियमहरूको निगरानी गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |

| सरोकारवाला निकाय | भूमिका | जिम्मेवारी | अनुगमन प्रक्रिया | अनुगमन समय |
|---|---|---|---|---|
| मीडिया | - योजनाको प्रचार र प्रचार प्रसारमा सहयोग गर्नु, | • शिक्षा योजनाका कार्यान्वयनको प्रगति र परिणामको रिपोर्ट प्रस्तुत गर्नु,<br>• समुदायलाई योजना बारे जानकारी गराउनु | - शिक्षा योजनाको प्रचार र प्रगति रिपोर्ट तयार गर्नु, | - वार्षिक, आवश्यकता अनुसार |

## ८.२ उद्देश्य

१. बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,गर्नु,,
२. शिक्षा,युवा तथा खेलकुद शाखाको क्षमता विकास गर्नु,गर्नु,,
३. आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका विकास तथा परिमार्जन गर्नु,गर्नु,,
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयारी, समीक्षा र सुधार गर्नु,गर्नु,,
५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,गर्नु,,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,गर्नु,,
७. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,गर्नु,,
९. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु,गर्नु, ।

## ८.३ रणनीति

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ ।
२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ
३. एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) लाई थप सुदृढीकरण गरिनेछ ।
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ ।
५. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ ।
६. प्रमाण तथा नतिजामा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई शैक्षिक सुधारका लागि भरपूर रूपमा उपयोग गरिनेछ ।
८. कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ ।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गरिनेछ ।
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम्म् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।
११. पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ ।

## ८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ |
|---|---|---|---|---|---|---|
| १ | नतिजामा आधारित अनुगमन प्रणाली स्थापित | ० | १ | १ | १ | १ |
| २ | अनुगमनका आधारमा नतिजा सुधार | ० | १ | १ | १ | १ |
| ३ | अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास | ० | १ | १ | १ | १ |
| ४ | विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने, परिपाटी स्थापित | ० | १ | १ | १ | १ |
| ५ | विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन | ० | १ | १ | १ | १ |
| ६ | नतिजामा आधारित अनुगमन प्रणाली स्थापित | ० | १ | १ | १ | १ |

## ८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्क लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा योजनाको प्रभावकारी प्रतिफल प्रासिका लागि अनुगमन पद्धति र संयन्त्रको विकास तथा अध्यावधिक गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | वस्तुगत तथा उपलब्धिमूलक अनुगमन एवम् मूल्याङ्कन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय तथा शैक्षिक संस्था र कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने, | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| ६ | शैक्षिक कार्यक्रमहरूको मासिक,चौमासिक तथा वार्षिक समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने, | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | १६ | ४ |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी, प्रस्तुती तथा सम्प्रेषण गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | क्रमस कक्षा ३,५,८ र १० को विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण गरी थप सुधारका योजना बनाई कार्यान्वयन गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने, मानव संसाधनको क्षमता विकास गर्ने, | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | निरन्तर |
| ११ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | विद्यालयको लेखा परीक्षण चुस्त दुरूस्त र पारदर्शी बनाउनका समयमै लागि लेखापरीक्षण गरी | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक सुनुवाई गर्ने, | | | | | | | | | |
| १३ | शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यान्वयन र प्रभावकारिताका बारेमा अध्ययन तथा अनुसन्धान गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | हरेक शैक्षिक क्रियाकलापहरूको प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखिकरण गर्ने, पद्धतिको कार्यान्वयन गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | स्थानीय तहद्धारा विद्यालयको कक्षा अवलोकन तथा अनुगमन तथा मूल्याङ्कनकालागि मापदण्ड तथा सूची तयार गरी कार्यान्वयन गर्ने,,गर्ने, | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |